जि.प्र.का. दर्ता नं. ३०६/०७४/०७५

# Bargabodh वर्गबोध

त्रैमासिक Trimontlhy

वर्ष : १ अंक : २ कार्तिक – पौष



# वर्गबोध
त्रैमासिक

जि.प्र.का. दर्ता नं. : ३०६/०७४/०७५


का.म.न.पा. – १४, कलंकी, काठमाडौं
सम्पर्क नं. ९८५१० ७६८६४, ०१-४२८६४६६
ईमेल : bargabodh@gmail.com


वर्ष : १ अंक : २ मंसिर – माघ



**सल्लाहकारहरु**

कृष्णदास श्रेष्ठ
प्रा. डा. ओम गुरुङ
प्रा. डा. भवानी प्रसाद पाण्डे
इश्माली

**सम्पादन**

दीर्घप्रसाद पाण्डे
प्रा. डा. जगदीश चन्द्र भण्डारी
हकुमबहादुर सिंह
ईश्वरचन्द्र ज्ञवाली
लोकराज रेग्मी
देवेन्द्र तिम्ला

**व्यवस्थापन**

बलीभद्र शर्मा
बन्धुदेव पाण्डे
पदम भण्डारी
डी. वी. गुरुङ
गीतामणि पाण्डे

**कार्यालय**

सुदीप श्रेष्ठ
अमृत अधिकारी
तेज बहादुर बस्नेत
ज्ञानु आचार्य
विजयरत्न बज्राचार्य



मूल्य : रु. ५०


## विषय – सूची


५. जनक्रान्ति आवश्यक छ, हुन्छ र नजिक छ ।
७. जनवादी क्रान्तिमा बल प्रयोगको भूमिका अनिवार्य छ – मोहन वैद्य 'किरण'
१०. क्रान्ति हुन्छ वा गर्नुपर्छ ? – दण्डपाणी न्यौपाने
१४. नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को प्रतिक्रान्तिकारी आयाम – दीर्घप्रसाद पाण्डे
२०. संविधान, वर्तमान अवस्था र राष्ट्रघात – मनोहर लामिछाने
२४. जनयुद्धको डायरी पल्टाउँदा – एकराज भण्डारी
३०. विश्व सर्वहारावर्गका लागि उत्सवको वर्ष – हुकुमबहादुर सिंह
३४. युगान्तकारी अक्टोबर क्रान्तिको गौरवमय गाथा – हस्तबहादुर के. सी.
४२. नक्सलवादी आन्दोलनको पचास वर्ष – भरत पोखरेल
५३. टर्कीको माओवादी आन्दोलन, क. क्यापक्काय र वर्तमान स्थिति – डा. ऋषिराज बराल
६१. उदारतावादको विरोध गर – अनु. : खगेन्द्र संग्रौला
६३. बुद्धिजीवीहरूको पुनर्शिक्षा सम्बन्धमा – अनु. : देवेन्द्र तिम्ला
६६. क्रान्तिकारी वचनले वा वचन र कर्मले ? – प्रेम सुवेदी
६८. तीन लघु कथाहरू – प्रा. डा. भवानी पाण्डे
७०. सहिदको छोरा – रोजा श्रेष्ठ



वर्गबोध त्रैमासिक प्रकाशन/सम्पादनका लागि
दीर्घप्रसाद पाण्डे र तेजनारायण सापकोटाद्वारा प्रकाशित

बालमैत्री वातावरणमा गुणस्तरीय शिक्षाका लागि
सँधै समर्पित एकमात्र शैक्षिक संस्था

**ज्ञानकुञ्ज उच्च माध्यमिक विद्यालय**

माछागेट, रविभवन, काठमाडौं

फोन नं. : ०१-४२७२३३०

हामी गुणस्तरीय छपाई सम्बन्धी सम्पूर्ण कामका लागि सँधै तपाईहरूको सेवामा उपलब्ध छौं

**जन प्रकाशन प्रिन्ट**

बुटवल, रूपन्देही

email: jpprint20@gmail.com

# Novel int Travel & Tour Pokhara

Deluxe Tourist bus Service

Kathmandu-Pokhara-Kathmandu

Every Day

Dept: 7:00 am Kantipath in KTM.

Dept: 7:30 am Tourist bus park Pkr.

**Please Contact for Booking**

9856066552 / 9856032606 / 9851087545



# ज्ञान नै शक्ति हो

**आफ्ना बच्चाहरूलाई बालमनोवैज्ञानिक पद्धतिद्वारा**

**अध्यापन गराउन हामीलाई सम्झनुहोस्**

**एल. आर. आई. उच्च माध्यमिक विद्यालय**

**काठमाडौं**

**फोन नं. : ०१–५२१८१८८**



व्यक्तिगत कर्जा, सामूहिक जमानी कर्जा, मुद्दती बचत कर्जा, शेयर कर्जा, कृषि कर्जा, हायर पर्चेज कर्जा, व्यापार कर्जा, घरजग्गा कर्जाका लागि हामीलाई सम्झनुहोस्

**जनएकता बचत तथा ऋृण सहकारी संस्था लिमिटेड**

सृजनाचोक, पोखरा

# लक्ष्मी आयुर्वेद फर्मा

नरदेवी, काठमाडौं

फोन: ०१-४२६५५६२, मो: ९८४१४८९२७२

**प्रो. कविराज - रबिन लम्साल**

**हाम्रा सेवाहरू:**

यहाँ वाथरोग, पिनास, जण्डिस, ग्याष्ट्रिक, माइग्रेन हेडेक, पत्थरी, पाइल्स (अल्काई), नशा सम्वन्धी रोग, स्त्रीरोग, निसन्तान, फिस्टुला, चर्मरोग (छाला सम्वन्धी) रोग लगायत अन्य जटील रोगहरूको बरिष्ठ आयुर्वेद कविराजद्वारा सफल उपचार गराइन्छ।

# हार्दिक शुभकामना

राष्ट्रिय, जनतन्त्र र जनजीविकाका लागि समर्पित विचार प्रधान **वर्गबोध** त्रैमासिक प्रकाशनको निरन्तरता र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं

**NEW ARUNODAYA ENGLISH HIGHER SECONDARY SCHOOL**
10+2 SCHOOL OF MANAGEMENT
Bijeshwori, Dallu, Kathmandu
Phone No. 4275993, 4277337
E-mail: naehs@wlink.com.np, newarunodaya92@gmail.com
Website: www.newarunodaya.edu.np

यहाँ विवाह, ब्रतवन्ध र विभिन्न पार्टी तथा अन्य शुभ कार्यको लागि चाहिने सफा र ताजा मासु पाइनुका साथै अर्डर अनुसार उपलब्ध गरिन्छ। प्रत्येक शुक्रबार पहाडी बोकाको मासु पनि पाइन्छ।

# बाग भैरव मिट शप

चन्द्रागिरी – १५, तीनथाना, काठमाडौं

प्रो. बसन्त प्रसाद गैरे
मो. : ९८५७०२८५६३

सम्पादकीय

# जनक्रान्ति आवश्यक छ, हुन्छ र नजिक छ ।

वि. सं. २००० को पहिलो दशकमा तीन वर्षको फरकमा दुई राजनीतिक पार्टीहरुको स्थापना भएका थिए । जसमा २००३ सालमा हालको नेपाली कांग्रेसको मातृपार्टी नेपाली राष्ट्रिय कांग्रेस र २००६ सालमा नेपाल कम्युनिस्ट पार्टी । नेपाली कांग्रेसको राजनीतिक कार्यक्रम विश्वभर सञ्चालन भएको बुर्जुवा दलाल नोकरशाही पुँजीपन्थीहरुले अपनाएको उदारवादी शासन व्यवस्था, उदारवादी अर्थतन्त्र, आवधिक निर्वाचन, खुला प्रतिस्पर्धा, निजी साझेदारी उद्योग व्यवसाय भएको संसदीय व्यवस्था हो । शान्ति सम्बृद्धि विकास यिनीहरुका आदर्श नारा हुन् । यी बुर्जुवा नोकरशाही दलालहरुले हरप्रकारले शोषण प्रथाको रक्षा गरिरहेका छन् । मार्क्सवादी कम्युनिस्टहरुको नीति दर्शन र राजनीतिक कार्यक्रमले यसका विरुद्ध कठोर संघर्ष गरिरहेको हुन्छ । त्यसैले संसदीय राजनीति अवलम्बन गर्ने पार्टीहरु र मार्क्सवादी माओवादी पार्टीहरु बीच कहीं कतै मिलन विन्दु देखिँदैन । एउटाले पुँजीपतिहरुको स्वार्थका लागि काम गर्ने र अर्कोले गरिब सर्वहारा किसान मजदुरको हितमा काम गर्ने हुँदा यी दुई परस्पर विरोधी पार्टीहरु हुन् । बुर्जुवाहरुले सामन्तवादको विरुद्ध प्रथम चरणमा लडेका थिए र सामन्तवादलाई ठेगान पनि लगाएका थिए तर पछिल्लो चरणमा सर्वहारावर्गसँगको टक्करले गर्दा सामन्तवादसँग मिल्न पुगेका हुन् । यिनीहरुका लागि गणतन्त्र र राजतन्त्र प्रति कुनै भेदभाव छैन । सत्ता र सरकारमा बसेर शोषण दमन गर्न पाए यिनीहरुलाई हुन्छ ।

नेपाली कांग्रेस भारतीय एकाधिकार दलाल पुँजीवादी नोकरशाहको दलाल पार्टी हो । कांग्रेस स्थापनाको उद्घाटन भाषणमा नै पार्टीका संस्थापक नेता बी. पी. कोइरालाले राजनीतिक, धार्मिक, भौगोलिक, सामाजिक हरेक दृष्टिले नेपाल भारतभन्दा भिन्न छैन भनेका थिए । २००७ देखि हालसम्म नेपाली कांग्रेस प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सरकारमा रहिरहेको छ । यो पार्टी राजन्त्रवादी पार्टी हो । राजाले पञ्चायती व्यवस्था अवलम्बन गर्दा पनि यसले कहिल्यै गणतन्त्रको नारा लगाएन । नेपालका सामन्तहरु भारतीय विस्तारवाद र विश्व साम्राज्यवादका विरुद्ध संघर्ष गर्ने पार्टी नेपाल कम्युनिस्ट पार्टी हो । विश्व कम्युनिस्ट आन्दोलनमा देखापरेका संशोधनवादबाट पनि यो अछुतो रहेन । बारम्बार पार्टी टुटफुट भएर केही शक्ति राजासँग केही शक्ति संसदीय फाँटसँग मिल्न गए पनि यस पार्टीले अविछिन्न रुपमा निरन्तर क्रान्तिको झन्डालाई उठाइरहेको छ । नेपाल कम्युनिस्ट पार्टी क्रान्तिकारी तप्काको मूल उद्देश्य नेपालमा जनवादी गणतन्त्र हो । नेपालमा जनवादी गणतन्त्र स्थापना गर्न पछिल्लो चरणमा ने. क. पा. (माओवादी) ले १० वर्षसम्म जनयुद्ध गऱ्यो । हजारौं हजार सहिद भए, हजारौं बेपत्ता छन् । यही जनयुद्धले नेपालमा गणतन्त्र पनि ल्यायो । देश धर्मनिरपेक्ष पनि भयो, केन्द्रीकृत राज्य व्यवस्थाका स्थानमा संघीय व्यवस्था पनि भयो, समानुपातिक समावेशिका सिद्धान्त पनि लागु भयो । यत्रो उथल पुथल पार्ने क्रान्ति गर्ने माओवादीको मुख्य नेतृत्व सहित ठुलो हिस्सा बुर्जुवा नोकरशाही दलाल संसदीय व्यवस्थामा पतन भएकाले जनतामा निराशा छाएको छ । के अब फेरि क्रान्ति सम्भव छ ? भन्ने प्रश्न टड्कारो रुपमा उठेको छ ।

क्रान्ति कसैको लहड वा मनोकांक्षामा हुने कुरा होइन । शासन व्यवस्थाको यथास्थितिमा रहेका शोषण, दमन, भ्रष्टाचार आदिले क्रान्तिको वस्तुस्थिति निर्माण गर्ने हो । संसदीय पार्टीहरुले २०४७ सालको संविधानलाई संसारको सबैभन्दा उत्कृष्ट संविधान बताएका थिए । उनीहरुको राजनीतिक कार्यनीतिमा २०४८ सालको नीति तथा कार्यक्रममा कमा र पूर्णविरामसम्म परिवर्तन गरेका छैनन् । नेपालमा गणतन्त्र त छ तर पहिला राजाले

जे जे काम गर्दथे, त्यही त्यही काम अहिले राष्ट्रपतिले गर्दछन् । धर्मनिरपेक्ष भने पनि राष्ट्रपतिले हिन्दु संस्कार धानेका छन् । जुन समावेशी समानुपातिक सिद्धान्त लागु गरिएको छ, यो वर्गका हिसाबले नभएर जात, धर्म, लिङ्गका हिसाबले गरिएको छ, जसले गर्दा सबै जात धर्ममा रहेका सामन्त दलाल नोकरशाहहरुलाई सत्ता सरकारमा पुग्ने भऱ्याङ बनेको छ । माओवादीका जनयुद्धका सबै कार्यक्रमहरु खारेज भएका छन् । माओवादी क्रान्तिमा प्रतिक्रान्ति भएको छ । माओवादीको नेतृत्व सहित ठुलो हिस्सा उदार अर्थतन्त्र, शान्ति, संविधान र विकास निर्माणको नाराका साथ संसदीय बुर्जुवा पुँजीवादी व्यवस्थामा फर्किएको छ । संसदीय व्यवस्थाका अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका तीनैमा पुँजीपन्थीहरुको पकड भएको छ । देशमा भ्रष्टाचार, कालोबजारी घुसखोरी संस्थागत भएको छ । विदेशी हस्तक्षेप दिनानुदिन बढ्दो छ । दलालहरुको कारण देशले नाकाबन्दी समेत झेल्दै आएको छ । राजनीति पूर्णरुपमा गुन्डा, दलाल, नोकरशाह, भ्रष्टाचारी, तस्करी, कालो बजारियाहरुको हातमा पुगेको छ । सामान्य वडा अध्यक्षको चुनाव लड्न पनि करोड खर्च गर्नुपर्ने भएको छ । अब चुनाव तिनीहरुले मात्र लड्न सक्दछन् जो पार्टीका मुख्य नेतृत्वमा बसेर देशका हरेक अबैध कृयाकलाप गर्नेबाट कमिसन जम्मा गरेका छन् । जो सरकारमा बसेर राष्ट्रिय ढुकुटीमा व्रम्हलुट गरेका छन्, ती बाहेक अन्य पार्टी कार्यकर्ता सर्वसाधारण जनताले अब चुनाव लड्न सक्ने सम्भावनै छैन । हुम्ला, जुम्ला कालिकोट, रोल्पा जस्ता विकट जिल्लामा चुनाव लड्न १०/१५ करोडले नपुग्ने भएको स्वयम उम्मेद्वारले नै बताइरहेका छन् । लाखौं लाख युवा विदेश पलायन भएका छन् । देश यस्तो भयावह स्थितिमा पुगेको छ । जनताले आशा विश्वास गरेका माओवादीको मूख्य नेतृत्व सहितको ठुलो हिस्सा संसदवादी, अवसरवादी, सम्भावनावादी हुँदै सत्तालिप्साका कारण मिलेराँवादमा पतन भएको छ । सरकार सत्ताका लागि त्यसले स्थानीय निर्वाचनमा नेपाली कांग्रेससँग तालमेल गर्न पुग्यो । यहाँबाट सत्ता सरकारमा जाने सम्भावना नदेखेकाले एक महिनैमा यसले एमालेसँग चुनावी तालमेल मात्र होइन एमालेमै बिलीन हुने शर्तमा हाल एमालेसँग ६० र ४० प्रतिशतमा चुनाव लड्दैछ । सम्भवत अबको एक महिनापछि यो वामध्रुवीकरण नामधारीको सरकार बन्नेछ । बिहानले दिनको लक्षण दिन्छ भने झैं हाल यिनीहरुले उठाएका दिपक मनाङ्गे जस्ताको सरकारले अझ उत्पीडन दमन गर्ने निश्चित प्रायः छ । यस संसदीय व्यवस्थाको संरक्षण गर्ने न्यायालयले जसरी भुपालमान सिंह कार्की, गोपाल खड्का, चुडामणि शर्मा लगायतलाई सफाई दिए जस्तै तस्कर कालो बजारिया भ्रष्टाचारी, गुन्डा आदिको संरक्षण गर्नेछ । भ्रटाचार अनुसन्धान आयोग लगायतका संवैधानिक आयोगहरुले काम देखाउन सर्वसाधारण साना व्यापारी, फुटपाथ व्यापारी, खरदार, मुखिया, सुब्बाजस्ता तल्ला कर्मचारीलाई मुद्दा चलाउने छन् । न्यायालयले यिनीहरुलाई हराउने निश्चित छ । ओली-प्रचण्डहरुले हुटिट्याउँले जस्तो खुट्टाले आकाश थाम्ने प्रयत्न त अवश्य गर्नेछन् तर जनताले क्रान्ति गर्नेछन् । क्रान्तिको नेतृत्व दशबर्से जनयुद्धमा बचेका माओवादी पार्टी शक्तिले गर्नेछ । त्यसका लागि माओका तीन जादुगरी हतियार- एउटा क्रान्तिकारी पार्टी, त्यसको नेतृत्वमा जनताको सेना (जनमुक्ति सेना) र त्यसको वरिपरि एउटा विशाल जनताको संयुक्त मोर्चा कायमै छ । त्यसैले जनक्रान्ति आवश्यक छ, हुन्छ र नजिक छ ।

अन्तरवार्ता

# जनवादी क्रान्तिमा बल प्रयोगको भूमिका अनिवार्य छ ।

**१) नेपाली कम्युनिस्ट आन्दोलनमा क. पुष्पलालपछि सादा र सिद्धान्तनिष्ठ व्यक्तिको पङ्क्तिमा तपाइँको नाउँ आउँछ । आफ्नो जीवनकालमा पुष्पलाल घेराबन्दीमा परेझैं तपाई पनि पर्नु भएको छ । क. पुष्पलालले तोड्न नसकेको घेराबन्दी तपाइँले कसरी तोड्नु हुन्छ ?**

☞ म कसैको घेराबन्दीमा परेको छैन, पर्दिन र कसैले पार्न खोजे पनि त्यसलाई तोड्न सक्छु । घेराबन्दी तोड्न विचार, साहस र सतर्कताको आवश्यकता पर्दछ । ती कुरावारे म गम्भीर छु ।

**२) तपाइँले कम्युनिस्ट आन्दोलनमा ५०/५५ वर्ष बिताउनु भयो । पार्टी अन्तरसंघर्षका बीचबाट पार्टीको मुख्य नेतृत्वमा पनि पुग्नुभयो । पार्टीलाई सधैं सैद्धान्तिक तथा वैचारिक नेतृत्व गर्नुभयो । स्वेच्छाले नेतृत्व हस्तान्तरण पनि गर्नु भयो । सयौं कमरेडप्रति आशा विश्वास पनि गर्नु भयो । तर अहिले ती साथीहरू तपाइँका बाटोमा छैनन्, कस्तो अनुभूति गर्नु भएको छ ?**

☞ यहाँले निकै मार्मिक प्रश्न गर्नु भयो । मैले पार्टी जीवनमा विश्वास र भरोसा गरेका कैयौं कमरेडहरु थिए र ती अझै पनि छन् । ती मध्ये कैयौं विचलित भए र केही ठिकै ठाउँमा छन् । विचलित भएका पात्रहरुलाई हेर्दा मलाई दुई ओटा कुराको अनुभूति हुन्छ । पहिलो, कसैप्रति विश्वास र भरोसा गर्दा अलिकति शंका पनि गर्नु पर्दछ । मार्क्सले पनि यस्तै भन्नु भएको थियो । त्यो सही हो, विश्वास र शंकाका विच द्वन्द्वात्मक सम्बन्ध हुन्छ । विश्वास नभए शंका हुन्न र शंका नभए विश्वास हुन्न । यसको अन्तिम हल व्यवहारबाटै हुन्छ । वस्तुतः यो हुँदै पनि आएको छ । तर मैले कतिपय पात्रहरुलाई चाहिने भन्दा बढी विश्वास गरें जस्तो लाग्छ । दोस्रो, हरेक चिज जस्तै मान्छे पनि बदलिने गर्दछ । कुनै कालविशेषमा असल मान्छे अर्को कालविशेषमा खराबमा बदलिन्छ । त्यसै खराव पनि असलमा बदलिन सक्तछ । यसरी हेर्दा मान्छेलाई स्थिरतामा होइन गतिमा बुझ्नु पर्दछ । मैले जुन पात्रहरुलाई एउटा काल विशेषमा असल ठानेको थिए ती अर्को कालविशेषमा बदलिए । यो कुरा द्वन्द्ववादकै नियमभित्र पर्दछ । यसरी समग्रमा हेर्दा हामीले चित्त दुखाएर होइन द्वन्द्ववादलाई बुझेर अगाडि बढ्नु पर्दोरहेछ भन्ने लाग्दछ ।


क. मोहन वैद्य 'किरण'

**३) दस वर्ष जनयुद्धमा लागेका साथीहरूको सिमिततामा अव कार्यदिशा कार्यान्वयन गर्न कत्तिको सहज वा असहज महसुस गर्नु भएको छ ?**

☞ पार्टीको कार्यदिशा कार्यान्वयनको प्रश्न जनयुद्धमा लागेका मान्छे सिमित हुँदैगए भनेर मात्र हुँदैन । किनभने जनयुद्धमा लागेका कैयौं मान्छे विचलित भइसके, कैयौं मान्छे प्रतिक्रियावादी कित्तामा गइसके । तरपनि जनयुद्धमा लागेका कैयौं क्रान्तिकारी र इमान्दार कमरेडहरु हामीसित हुनु हुन्छ । तर त्यतिले मात्र क्रान्तिलाई पुग्दैन । नेपाली कम्युनिस्ट आन्दोलन र नयाँ जनवादी क्रान्तिमा रगत पसिना बगाएका अनेकौं त्यागी र कर्मठ कमरेडहरु पनि हामीसित हुनुहुन्छ । जनयुद्ध महान् ऐतिहासिक अभियान हो । त्यस अभियानमा संलग्न र त्यसलाई सकारात्मक अर्थमा ग्रहणगर्ने कमरेडहरुको विशाल हिस्सा हामीसित छ । त्यसैले हामी चिन्तित हुनुहुदैन ।

**४) हालै सम्पन्न ने.क.पा. (क्रान्तिकारी माओवादी) को प्रथम राष्ट्रिय सम्मेलन भव्यतापूर्वक सम्पन्न भएको छ । तपाइँको एकल नेतृत्वमा सम्पूर्ण पार्टी पङ्क्ति एक ढिक्का भएको अवस्थामा हेडक्वार्टरको स्वरूप के कस्तो बनाउनु हुन्छ र पार्टीको कार्यदिशालाई कसरी अगाडि बढाउनु हुन्छ ?**

☞ हो, यहाँले भन्नु भएजस्तै पहिलो राष्ट्रिय

सम्मेलन भव्य रुपमा सम्पन्न भयो र यसको आफ्नै ऐतिहासिक महत्व रहेको छ। केन्द्रीय समिति निर्वाचित भइसकेको छ र अव केन्द्रीय समितिको बैठक वसेर पोलिटब्युरो एवम् स्थायी समितिको नयाँ संरचना बन्दछ। केन्द्रीय कार्यालय सञ्चालनको प्रश्नलाई हामीले गंभीरतापूर्वक लिएका छौं। यसको समाधान त्यही गंभीरताको साथ गरिने छ। जहाँसम्म पार्टीको कार्यदिशालाई अगाडि बढाउने अथवा भनौं कार्यान्वयन गर्ने प्रश्न हो यसमा नेतृत्व पङ्क्ति गतिशील एवम् क्रियाशील बन्नुपर्ने हुन्छ। यस दिशामा पनि हामीले विशेष जोड दिनेछौं।

**५) पार्टीको भरखरै सम्पन्न राष्ट्रिय सम्मेलनमा प्रतिक्रियावादी चुनाव बहिस्कार र क्रान्तिकारी उपयोगको तात्कालिक कार्यनीतिबारे प्रशस्त बहस भएको सुनिन्छ। अन्ततः चुनावलाई क्रान्तिकारी उपयोग गर्ने क्रममा पार्टीलाई अग्रगमनको दिशामा लैजान कसरी सक्नुहुन्छ ?**

☞ राष्ट्रिय सम्मेलनमा वर्तमान पश्चगामी संसदीय निर्वाचनमा देशभक्त जनगणतान्त्रिक मोर्चाका उमेदवारहरुलाई सघाएर निर्वाचनको उपयोग गर्ने नीति लिइयो। संसदीय निर्वाचन राजनीतिक कार्यनीतिको प्रश्न हो। यसलाई पार्टीले निरपेक्ष उपयोग र निरपेक्ष बहिष्कार दुवै चिन्तनलाई गलत ठान्दै आएको छ। साथै, उपयोग र वहिष्कारको प्रश्न पुरानै ढंगले बुझ्नु पनि हुँदैन। परिस्थितिमा आएको परिवर्तन अनुसार उपयोग र वहिष्कार दुवै नीतिलाई परिमार्जित गर्दै लैजानु पर्दछ। प्रतिगामी राज्यसत्ता र संसदवादी राजनीतिक दलहरुद्वारा निर्वाचनमा सत्ताको दुरुपयोग र पैसाको खोलो बगाउने काम हुँदै आएको छ। अहिले त्यो चरम सिमामा पुगेको छ। थ्रेसहोल्डको व्यवस्थाले अब एकातिर संसदीय बहुदलीय व्यवस्था बहुदलीय रहेन र त्यो आफ्नै मान्यतावाट पछाडि हट्दै एकाधिकारी तथा फासिवादी बन्दैगयो भने अर्कोतिर पैसा र सत्ताको भर नपर्ने र इमान्दारीपूर्वक चुनावमा लाग्न वा उपयोग गर्न चाहनेहरुका लागि कुनै ठाउँ नरहेको कुरा पनि छर्लङ्ग हुन भएको छ। हामीले उक्त कुराको भण्डाफोर गर्ने, जनतामा जाने र जनाधार बलियो बनाउने उद्देश्य अनुसार चुनावको क्रान्तिकारी उपयोग गर्ने नीति लिएका छौं। यसवाट अहिलेका लागि अग्रगमन तर्फ जान सापेक्ष रुपमा फाइदा नै पुग्नेछ भन्ने लागेको छ।

**६) दक्षिणपन्थी संशोधनवादी नै भए पनि कथित कम्युनिस्ट पार्टीहरूले समाजवादी क्रान्तिको नारालगाई रहेका सन्दर्भमा ने.क.पा (क्रान्तिकारी माओवादी) ले नयाँ जनवादी क्रान्तिको कार्यभार कसरी पुरा गर्न सक्छ ?**

☞ दक्षिणपन्थी संशोधनवादीहरुले जुन समाजवादको कुरा गरेका छन् त्यो क्रान्तिकारी तथा वैज्ञानिक समाजवाद होइन। उनीहरुले भन्ने गरेको समाजवाद पश्चगामी र सुधारवादी समाजवाद हो। उनीहरुले जनतालई भ्रमित तुल्याउनक लागि समाजवादको नारा दिएका हुन्। उनीहरुले भन्ने गरेको समाजवाद एउटा साइनबोर्ड भन्दा बाहेक अरु केही होइन। नयाँ जनवादी क्रान्तिको कार्यभार एकातिर सबै खाले प्रतिक्रियावाद तथा संशोधनवादको विरोध एवम् भण्डाफोर गरेर र अर्कोतिर तयारीका काममा जनतालाई साथ लिदै दृढतापूर्वक अगाडि बढेर नै संवहन गर्न सकिन्छ।

**७) वामगठवन्धनका नाउँमा दक्षिणपन्थी संशोधनवादीहरू एकताबद्ध हुँदै गएका छन्। यस सन्दर्भमा प्रतिक्रियावादको सामना गर्न र क्रान्तिकारीहरूलाई अघि बढाउन को कससँग क्रान्तिकारी ध्रुवीकरण तथा एकीकरण गर्ने सोच बनाउनु भएको छ ?**

☞ अहिले कतिपय राजनीतिक दलहरुले वाम नाममा जुन गठबन्धन बनाएका छन् त्यो दक्षिणपन्थी संशोधनवादी गठबन्धन हो। अहिले वाम नामधारीहरुको पश्चगामी गठबन्धन बनाइएको छ र यो दक्षिणपन्थी संशोधनवादीहरुको एकीकरण हुने प्रक्रिया पनि हो। हामीले यस प्रकारको गठबन्धन नबन्दै क्रान्तिकारी कम्युनिस्टहरुको एकता र ध्रुवीकारणवारे आफ्नो नीति स्पष्ट पार्दै आएका छौं। केही समय अगाडि हामीले एकीकरणका लागि आवश्यक सैद्धान्तिक तथा राजनीतिक मान्यता सार्वजनिक रुपमा प्रस्तुत गरेका थियौं। ती मान्यता मूलतः मार्क्सवाद- लेनिनवाद- माओवाद, नयाँ जनवाद, बलप्रयोगको सिद्धान्त तथा

जनवादी केन्द्रीयतालाई स्वीकार गर्ने र प्रतिगामी राज्यसत्ता, संविधान तथा संसदीय व्यवस्थाको विरोध गर्नुका साथै यस प्रकारको सत्ता अन्तर्गत सरकारमा सम्मेलन नहुने भन्ने हुन् । सामान्यतया यी मान्यतालाई मानेर चल्ने शक्तिहरुसित एकताका लागि छलफल चलाउँदै जान्छौं । हामीले सामान्यतः दुई ओटा नेकपा र नेकपा (मसाल) लगायतका नजिकका शक्तिहरुसित अनौपचारिक कुराकानी चलाउँदै र मिल्न सकिने विषयमा कार्यगत एकता गर्दै अन्ततः पार्टी एकताका लागि प्रयास गर्ने भनेर सोचेका छौं ।

**८) क्रान्तिको स्वरूपबारे केही बताइदिनु हुन्छ कि ?**

☞ अर्ध-सामन्ती, अर्ध-औपनिशिक र मुख्यत नव-औपनिवेशिक अवस्थामा रहेको नेपाल जस्तो मुलुकमा दलाल नोकरशाही पुँजीवाद, सामन्तवाद र साम्राज्यवाद तथा विस्तारवादका विरुद्ध गरिने क्रान्ति नयाँ जनवादी क्रान्ति नै हो । यस प्रकारको क्रान्तिका लागि अन्ततः बलप्रयोगको भूमिका अनिवार्य नै हुन्छ । हामी संघर्षका सबै रुपहरुवारे खुल्ला छौं र व्यावहारिक जीवनमा प्रयोग र संघर्षका बीचवाट अगाडि बढेर नै वाँकी कुराहरु स्पष्ट तथा निर्धारित हुँदै जान्छन् ।

राजनीतिक

# क्रान्ति हुन्छ वा गर्नुपर्छ ?

(सामान्य किसान परिवारमा बुवा बुद्धिसागर न्यौपाने र आमा तुलसी न्यौपानेको कोखबाट २००२ सालमा लमजुङ्गमा जन्मेका क. दण्डपाणि न्यौपाने (दीपेन्द्र शर्मा) नेपाली कम्युनिस्ट आन्दोलनका उच्च आदर्श हुन् । लमजुङ्, तनहूँ हुँदै उनको परिवार हाल चितवनको गीतानगरमा छ । एम. ए. सम्मको अध्ययन गरेका क. दीपेन्द्रले १७ वर्षको उमेरदेखि कम्युनिस्ट आन्दोलनमा झुकाव राख्दै विद्यार्थी जीवनमा नै विभिन्न आन्दोलनहरूमा सहभागिता जनाउँदै आएका थिए । २०२६ सालदेखि २०३६ सालसम्म पार्टीको जिम्मेवारी र शिक्षण पेशालाई सँगसँगै अघि बढाउँदै आएका न्यौपाने २०२९, २०३०, २०३३ मा पटक पटक गरी एक वर्ष जेल जीवन पनि बिताएका थिए । उनी २०२६ सालमा शान्ता न्यौपानेसँग वैवाहिक सम्बन्धमा जोडिए । उनका एक छोरा र दुई छोरीहरू छन् ।

तत्कालीन समयमा एम. ए. सम्मको अध्ययन गर्नेहरूले आफ्नो व्यक्तिगत जीवनलाई नै केन्द्रबिन्दुमा राखी व्यक्तिगत उन्नतिमा लाग्नेहरूमध्ये कसैले भ्रष्टाचार समेत गरी अकुत धनसम्पत्ति आर्जन गरे, कसैले इमान्दारी पूर्वक काम गरेर पनि पद, प्रतिष्ठा आर्जन गर्न सफल भए । आफ्ना सन्तानहरूलाई गरिवीबाट मुक्त गरी शिक्षा-दीक्षा दिन भ्याए । तर क. दण्डपाणि न्यौपानेले त्यस्तो बाटो रोजेनन् । उनले आफ्नो सन्तानको मात्र उन्नती चाहेनन् । उनले समग्र उत्पीडित वर्ग र समुदायको प्रगतिका लागि आफ्नो जीवन अर्पण गरे ।

२०३४ सालमा तत्कालीन ने. क. पा. (चौथो महाधिवेशन)को जिल्ला सदस्य भएका क. दीपेन्द्र २०३६ सालदेखि पूर्णकालीन रूपमा पार्टीमा लागे र २०४२ सालसम्ममा क्षेत्रीय ब्युरो सदस्य भइसकेका थिए । २०४२ सालमा ने. क. पा. (मशाल) पार्टी विभाजन हुँदा उनी क. किरणले नेतृत्व गर्नुभएको ने. क. पा. (मशाल)मा सक्रिय थिए । २०४२ सालमा तत्कालीन ने. क. पा. (मशाल)को केन्द्रीय सदस्य भएका क. दीपेन्द्रले ने ने. क. पा. (माओवादी सदस्य भएर जनयुद्धक कार्यान्वयनमा सक्रिय कामकाजमा सक्रिय र २०५६ साल जेठ ७ गतेव परेका क. न्यौपानेलाई सरकारले बेपत्ता पाऱ्ये को एकमात्र बेपत्ता व रचनाहरूमा संकलित 'क्रान्ति हुन्छ वा गर्नुपर्छ ?' भन्ने लेख वर्तमान समयमा सान्दर्भिक ठानिएकाले यहाँ साभार गरिएको छ । - सम्पादक)



बेपत्ता योद्धा दण्डपाणि न्यौपाने (दीपेन्द्र शर्मा)

एउटा शोषण, उत्पीडन र गरिबीले तबाह बन्दै गएको अर्धसामन्ती एवं अर्धऔपनिवेशिक देश नेपाललाई समाजवादी-साम्यवादी अवस्थामा पुऱ्याउनको लागि नेपालमा कम्युनिस्ट पार्टीको स्थापना भई क्रान्तिका कुरा चलेको साढे चार दशकभन्दा बढी भइसकेपछि यसबारेमा थुप्रै रामकहानी पनि बनिसके, तर नेपालको कम्युनिस्ट आन्दोलनले आजसम्म हल गर्न नसकेको प्रश्नमध्ये एउटा यो पनि पर्दछ कि क्रान्ति हुन्छ वा गर्नुपर्छ ? अर्थात् नेपालमा हुने नयाँ जनवादी या भनौं समाजवादी क्रान्ति (आफैं) हुन्छ वा त्यसलाई सचेत प्रयत्नद्वारा गर्नुपर्छ ? नेपालमा नयाँ जनवादी गणतन्त्रको प्राप्तिका लागि गरिने क्रान्ति कुनै देव मन्दिर, तीर्थस्थल वा बौद्ध गुम्बामा गएर गरिने प्रार्थना हो अथवा हडताल, जुलुश, सभा, धर्ना, सत्याग्रहजस्ता हा....हा.... हु....हु.... हुन् वा त्यसका लागि कुनै निश्चित र मिलिट्यान्ट संघर्षको योजनाको खाँचो पर्दछ । किनकि, कुनै पनि प्रतिक्रियावादी सत्ता हतियारको बलमा टिकेको हुन्छ र त्यो खोस्न हतियार नै समात्नु

पर्दछ । तर पनि 'रात गएपछि सूर्य उदाउँछ, पुराना पात झरेपछि पालुवा लाग्दछ'को अर्थमा जगत र प्रकृतिका स्वाभाविक घटनालाई झैं सामाजिक जीवनलाई पनि बुझ्ने चिन्तन र परम्परा कायम छ र क्रान्तिलाई पनि यसरी नै गर्ने गरिन्छ । यी प्रश्नहरुको पृष्ठभागमा रहेको मूलतत्व के हो ? यो हाम्रालागि निकै महत्वको कुरा हो र अब त्यसको स्पष्ट पहिचान गर्न सक्नुपरेको छ । यहाँ क्रान्तिलाई 'राम्रो काम हो' भनी मान्छेहरुका बीच यसको अनिवार्य आवश्यकता महसुस गर्नेहरुका बीच क्रान्तिलाई प्राकृत र स्वतस्फूर्तताको अर्थमा बुझ्ने प्रवृत्ति रहन गएको छ र त्यो प्रवृत्ति हाम्रो आन्दोलनमा जबरजस्त हाबी भएर गएको छ । क्रान्तिलाई यसरी बुझ्ने यो प्रवृत्ति भनेको क्रान्तिलाई आदर्शवादी, अधिभूतवादी वा सारसंग्रहवादी ढंगले ग्रहण गर्ने प्रवृत्ति हो र त्यही कारणले देशको कम्युनिस्ट आन्दोलन आजसम्म प्राकृत र स्वतस्फूर्तताको वृत्तमा फन्को मारिरहेको छ। त्यसैले आज क्रान्तिलाई त्यो वृत्तबाट फुत्काउने र देश र जनताको पक्षमा ल्याउने जिम्मेवारी मालेमावादी क्रान्तिकारीहरुको काँधमा सरेको छ र उनीहरुले अब क्रान्ति कुनै प्राकृत वा स्वतस्फूर्त घटना होइन र यसले सचेत सशक्त र बृहत् योजनाको माग गर्दछ भन्ने कुरालाई स्पष्ट गर्नुपरेको छ ।

जब क्रान्ति कुनै एउटा पार्टीको योजनाको विषयभित्र पर्न जान्छ त्यतिबेला क्रान्ति गर्नुपर्ने मात्र होइन गर्न सकिने विषय बन्दछ र त्यतिबेला क्रान्तिप्रति रहन गएको आदर्शवादी, अधिभूतवादी र सारसंग्रहवादी विचारको स्वतः खण्डन हुन्छ, यसरी यसप्रति पार्टीको द्वन्द्ववादी अवधारणा बन्दछ ।

क्रान्तिलाई ज-जसले प्रार्थना, हा....हा.... हु....हु.... अथवा प्राकृतिक वा स्वतस्फूर्त घटना भनेर बुझे उनीहरुका लागि आज संसार अन्धकार छ । तीमध्ये आज कतिपयले नाङ्गो प्रतिक्रान्तिलाई यो पनि 'क्रान्ति नै हो' भनेर ठगिरहेका छन्, कतिपय रुस, चीनका पराजयका घटनालाई हेरेर भगवानले श्राप दिएछन् भन्ने टुंगोमा पुगेका छन् र कुनै दिन त खुशी भैहाल्ला नि भन्ने आशा पालेका छन्। कतिपयचाहिं कतै महान् गुरुहरुले गम्भीर भुल त गरेका छैनन् ? भन्ने शंकाले ग्रस्त भएर अध्ययन-अनुसन्धानमा लागेका छन् । कुल मिलाएर यी सबैको एउटै निष्कर्ष छ - अहिले क्रान्तिका लागि परिस्थिति प्रतिकूल छ । क्रान्तिलाई ज-जसले त्यो अर्थमा बुझेका छन्, तिनीहरु सबैको क्रान्तिसँग के माग छ भने क्रान्तिमा "हार, बिलम्ब र क्षति चाहिं हुने छैन" । त्यसैले उनीहरु भन्छन्- 'या त क्रान्ति थालिनै हुन्न या थालिएपछि छिट्टै विजयमा पुग्नुपर्छ र मकैको एउटा गेडोसम्म पनि कुहिनु हुन्न ।' तत्कालीन ने. क. पा. (एकता केन्द्र) को एकता महाधिवेशनमा केही प्रतिनिधिहरुले भनिरहेका थिए - अहिले बहुमतले क्रान्ति थाल्ने भन्छ भने पहिले हामीलाई ओडार देखाइदेओस् । क्रान्ति हा.... हा.... हु..... हु..... हो भन्ने बुझेका विचराहरुसँग लुक्ने ओडारसम्म थिएन । स्पष्ट छ, त्यसप्रकारको सोच हुनेहरुका लागि निश्चय नै स्थिति प्रतिकूल छ । बारीभरी मकै कुहिरहेका छन्, अन्ततः प्राण त धान्नै पर्‍यो, त्यसैले प्रतिक्रान्तिको खेतबारी आज उनीहरुका लागि भरपुर छ र त्यतैतर्फ प्रवृत्त भैरहेछन् ।

तर अर्कोतिर जसका लागि क्रान्ति - योजनाको विषय हो, उनीहरुको संसार हराभरा छ। उनीहरुले आज क्रान्ति गर्नुपर्ने मात्रै होइन गर्न सकिने र गरेर हुने देखिरहेका छन् । आज पेरु, फिलिपिन्स, भारतका आन्ध्र तथा बिहारलगायतका भूखण्डहरुमा क्रान्ति अगाडि बढिरहेको छ। त्यहाँ लाख कोसिसका बावजुद पनि वर्गदुश्मनले क्रान्तिको दमन गर्न र क्रान्तिलाई सखाप पार्न सकिरहेको छैन । आखिर किन यस्तो ? यसैले कि क्रान्ति त्यहाँको पार्टीको योजनाभित्र छ र प्रतिरोध युद्ध पनि त्यसैअन्तर्गत छ। त्यसैले ती भूखण्डका यी घटनाहरुले संसारलाई 'क्रान्ति गर्न चाहेमा गर्न सकिने र गरेर हुने' को ठोस प्रमाण दिइरहेका छन् ।

जब क्रान्ति गर्न चाहेमा गर्न सकिने र गरेर हुनेका रुपमा अभिव्यक्त हुन्छ, त्यसपछि आउने प्रश्न हो - त्यस्तो क्रान्ति आखिर कसले गर्ने ? यो प्रसंगमा अभिव्यक्त हुने त्यस्तो दाहिने अवसवादको रुप हो - त्यस्तो क्रान्ति हुनु र गर्नु त राम्रो हो, तर 'म चाहिँ सक्दिन, अरुले गर्नुपर्छ' । हिजोसम्म क्रान्तिलाई '

गर्न सकिने र गरेर हुने' को अर्थमा ग्रहण गर्ने कमरेड जब 'म सक्दिन, अरुले गरुन्' को तहमा गिर्दछन्, त्यो पलायनको र अवसरवादको अर्को रुप हो । त्यसकारण क्रान्तिका सन्दर्भमा स्पष्ट गर्नुपर्ने अन्य कैयौं कुराहरुका अतिरिक्त त्यस्तो तहमा गिर्न गइरहेका कमरेडहरुलाई क्रान्ति 'मैले गर्न सक्ने रहेछु र गर्नुपर्ने रहेछ' सम्म माथि उठाउनु पर्छ, प्रत्येक कमरेडहरुलाई - 'क्रान्तिको नेतृत्व मैले गर्नुपर्छ, गर्न सक्छु' सम्मको आत्मबलको बोधले भरपुर पार्नु जरुरी छ । यसका लागि प्रत्येक कमरेडहरुले आफुलाई दुश्मनसँग लड्न वर्गसंघर्ष, पार्टीभित्र उब्जिने गलत विचारका विरुद्धको अन्तरसंघर्ष र स्वयं आफैभित्र जन्मने अन्योल र अज्ञानतामा तथा गलत विचारविरुद्ध आत्मसंघर्षमा हमेसा सक्रिय पारिरहनु पर्दछ । त्यसरी, आत्म, अन्तर र वाह्य संघर्षमा उत्तीर्ण भएको कमरेड नै क्रान्तिको नेता र जनक्रान्तिको कमाण्डर बन्न सक्छ । जब क्रान्तिलाई यसरी र यस भावमा बुझिन्छ, त्यसपछि कुनै पनि कमरेडमा क्रान्तिप्रति रहन गएका पचास प्रतिशत भ्रमहरु साफ हुन्छन् र उनीहरुले आधा क्रान्ति जित्दछन् । अनि उनीहरुको अगाडि संसद् र चुनाव होइन, आफ्नो कार्यभित्रको भूगोल, त्यसमा बसोवास गर्ने जनसमुह, जनसमुह बीचको वर्गअन्तर, वर्गहरुको शक्ति सन्तुलन र क्रान्तिका जनाधारको स्थापना र रक्षा - मुख्य पाटाहरु आउँछन् ।

आज नेपालमा जम्माजम्मी दुईवटा राजनीति छन् । एउटा राजनीति श्री ५ को एमाले सरकारका प्र. म. मनमोहन अधिकारीको सिफारिसमा र राजाद्वारा घोषित राजतन्त्रात्मक संसदीय व्यवस्थाको चुनावी राजनीति छ र अर्को ने. क. पा. (माओवादी) द्वारा घोषित - यस व्यवस्थाको अन्त्य र नयाँ जनवादी गणतन्त्रको स्थापानाका लागि मिलिट्यान्ट संघर्षको कार्ययोजना सहितको वहिष्कारको राजनीति छ । यी दुईबाहेक नेपालमा तेस्रो कुनै राजनीति छैन । जहाँसम्म नेपालको वर्तमान् परिवेशमा उक्त दुई राजनीतिको क्रान्तिसँगको सम्बन्धको प्रश्न हो - त्यो ने. का., सद्भावना वा एमालेलगायतका आफ्नो राजनीतिको सीमा संसद्सम्म सीमित हुनेहरुका लागि क्रान्ति सकिएको छ । उनीहरु त अब आफ्नो नेतृत्वमा देशको "विकास" र "निर्माण" गर्न चाहन्छन् जो अर्थतन्त्रसँग मात्रै सीमित छ । तर हामी ती तत्वभन्दा फरक हौं र हामी माओवादी पनि होइनौं भन्ने राजनीतिक तत्वहरुको जुन एउटा जमात छ, उनीहरुको लागि भने एमालेको झैं क्रान्ति सकिएको छैन र उनीहरु अझै 'क्रान्ति'को कुरा गरिरहेका छन् । यी अवस्थामा गणतन्त्रको स्थापनाको हिसाबले 'क्रान्ति'का सम्बन्धमा जो चर्चा गरियो ती गुट-उपगुटहरुमा धेरैचोटी लागू भएका र प्रमाणित भएका विषयवस्तुहरु हुन् । तसर्थ, हालैका दिनहरुमा नेपाली कम्युनिस्ट आन्दोलनमा ने. क. पा. (माओवादी) ले क्रान्तिको जुन अवधारणा अगाडि सारेको छ - गर्न सकिने, गरेर हुने, त्यसको नेतृत्व क्रान्तिकारी पार्टी र यस मातहतका मोर्चा, मंच र जनतामार्फत हुने र त्यसको सम्बन्ध यिनको ऐतिहासिक भूमिका सहित एक निश्चित कार्ययोजनासँग रहने र मात्र क्रान्ति सम्पन्न हुने, त्यो मात्र एक यस फोहोरी संसदीय राजनीतिको वैज्ञानिक विकल्पको रुपमा देखापर्दै गइरहेको छ ।

आज विश्वसाम्राज्यवादले विश्वव्यवस्था भनेको संसदीय व्यवस्था मात्रै हो, त्यसको विकल्प छैन, संसारका सारा सामस्याहरुको कुञ्जी यही संसद्भित्र छ भन्ने अफवाहहरुलाई योजनावद्ध ढंगले अगाडि बढाइरहेको बेला, नेपालमा साम्राज्यवादको त्यहाँ गुरुयोजनाअन्तर्गत संकटग्रस्त यस संसदीय व्यवस्थाको मध्यावधिको बारबार पुनरावृत्ति भइरहेको बेला आफ्ना सम्पूर्ण पूर्व मूल्य मान्यतालाई लात हानेर, अन्य चुनावी गुट-उपगुटहरुको साथ-सहयोगसहित एमाले संसदीय सत्ता र चुनावमा जसरी लागिपरेको छ, साम्राज्यवाद र त्यसमा विश्वभरका सहभागीहरुलाई जरुरी विश्वासमा लिएको छ, विश्वास दिलाएको छ, त्यो पुराना साम्राज्यवादका चाकरहरुलाई उछिनेको स्थिति हो । यसले के पुष्टि गर्दछ भने कम्युनिस्ट आन्दोलन भित्रको अवसरवाद भनेको प्रतिक्रियावादी चिज हो र त्यो पुरानो हिंस्रक प्रतिक्रियावादभन्दा फरक छैन । त्यसैले आज नेपालको कम्युनिस्ट आन्दोलनमा जुन ध्रुवीकरण भइरहेको छ त्यो निकै संगीन छ ।

क्रान्तिको अर्थ सत्ता खोस्नु हो । आधुनिक

साम्राज्यवादी युगमा राजनीतिक सत्ताको अर्थ - बल हो र त्यसकारण प्रतिक्रियावादी वर्गको हातमा त्यो सत्ता रहुन्जेल त्यो हमेशा जनहिंसाको औजार बनिरहन्छ, दमन, हस्तक्षेप, युद्ध उसका अनिवार्य परिणति र स्वाभाविक चरित्र रहन्छन् । त्यसकारण सर्वहारावर्गले, क्रान्तिकारी कम्युनिस्टहरुले राष्ट्र र जनताको मुक्ति र सुरक्षाका लागि सुसज्जित बन्नु पर्दछ, प्रतिक्रियावादी जनहिंसाका विरुद्ध क्रान्तिकारी हिंसाको सहारा लिनै पर्दछ । यसरी मात्र सर्वहारावर्ग र विशाल उत्पीडित जनसमुदायले आफुलाई दुश्मनबाट बचाउन सक्दछन् । क्रान्तिको अर्को अर्थ सत्ताको निर्माण गर्नु पनि हो । मार्क्सका शब्दमा 'सर्वहारा वर्गले (उत्पीडित जनसमुदायले) पूँजीपतिवर्गको बनिबनाउ राज्यसत्तालाई जस्ताको तस्तै उपयोग गर्नै सक्दैन ।' समाजवादको निर्माणको आखिरी समयसम्म सत्ताको औजार पुँजीवादी वर्गमाथि चलाउनु पर्ने हुँदा उत्पीडित वर्गले क्रमशः सत्ता प्राप्ति र सत्ता निर्माणका लागि क्रान्ति गर्दै जान्छ । यो समाज विकासको निरन्तर प्रक्रिया हो । गतकालमा चीनमा क. माओको नेतृत्वमा सञ्चालित महान् सर्वहारा सांस्कृतिक क्रान्ति यही औचित्यका लागि प्रारम्भ गरिएको एक महान अभियान थियो ।

यी सबै छलफलको सार - 'क्रान्ति गरे हुन्छ, नगरे थन्केर बस्छ' हो । यसका लागि योजनाको जुन कुरा उठाइएको छ, त्यो यदि क्रान्तिको योजना बनाइँदैन भने अप्रत्यक्षरुपमा त्यो स्वतः क्रान्तिका विरुद्ध प्रतिक्रान्तिको योजना बन्न थाल्दछ र जनताको जीत हारमा फेरिन्छ । त्यो देखिएको र पुष्टि समेत भएको छ । तसर्थ जुन पार्टीसँग जनताको नेतृत्व तहदेखि व्यापक जनस्तरसम्म दृढ इच्छाशक्ति सहित क्रान्तिको कार्ययोजना छ भने त्यस पार्टीले क्रान्ति हाँक्न सक्छ भन्ने पनि त्यसरी नै पुष्टि भएको छ । यसरी क्रान्तिसँग क्रान्तिको कार्ययोजनाको सम्बन्ध स्पष्ट भएर गएको छ ।

यसरी आज नेपालमा लगभग क्रान्ति - यो "हुन्छ" को युग समाप्त भएको छ र यसलाई "गर्नुपर्छ" को युग प्रारम्भ भएको छ । यद्यपि 'गर्नुपर्छ' को युगमा जो-जो प्रवेश गरेका छन्, उनीहरुलाई पुनः आदर्शवादी ढंगले, सर्वगुण सम्पन्न भएको दावा गर्ने कुरा भएन । जहाँसम्म क. माओको 'क्रान्ति गर्ने र गर्न सक्ने चिज हो' भन्ने शिक्षाको सार हो, त्यसको ऐतिहासिक थालनी भएको छ र त्यसबारे निशंकोच आशावादी बन्न सकिन्छ ।

# नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)को प्रतिक्रान्तिकारी आयाम



— **दीर्घप्रसाद पाण्डे**

संसारभर माओवादी आन्दोलन चलिरहेता पनि एक्काइसौं शताब्दीको पहिलो चरणमा नेपालको माओवादी आन्दोलनले शिखर चुमेको थियो । वर्षौ वर्षदेखि केन्द्रिकृत सामन्ती राजतन्त्र र खासगरी भारतीय विस्तारवाद र अन्य साम्राज्यवादीहरुको थिचोमिचोमा नेपाल थियो । नेपालको माओवादी आन्दोलनको मुख्य लक्ष्य नेपाललाई घरेलु सामन्तवाद र भारतीय विस्तारवादका साथै विश्वसाम्रज्यवादबाट मुक्त गरी स्वाधिन जनवादी गणतन्त्र नेपालको स्थापना गर्ने थियो । यो क्रान्ति १० वर्षसम्म चल्यो । हजारौं हजारको बलिदानी भयो, हजारौं बेपत्ता भए लाखौं लाखले प्रतिक्रियावादीको दमन सहे । यही क्रान्तिले गर्दा प्रतिक्रियावादी पार्टीहरु टुक्राटुक्रा पनि भए । यस क्रान्तिलाई हेर्ने दृष्टिकोणमा दरबारमा समेत आन्तरिक मतभेद चल्यो । आन्तिरिक मतभेद कै कारण दरबार हत्याकाण्ड भयो । राजा विरेन्द्रको हत्याकाण्डपछि ज्ञानेन्द्र नयाँ राजा भए । संसदीय पार्टीहरुले नयाँ राजालाई सोह्रौं शताब्दीमा जस्तै दाम राखेर दर्शनभेट गरे । राजा विरेन्द्रले आफ्नै जनताको हत्या गर्न शाही नेपाली सेना परिचालन गर्न मानिरहेका थिएनन् । नयाँ राजालाई यसको कुनै मतलब थिएन । राजाले चाँडै माओवादी आन्दोलन खत्तम गर्न चाहन्थे र संसदीय पार्टीहरुलाई माओवादी आन्दोलनलाई खत्तम गर्न एकातर्फ वार्ता सम्वादद्वारा नेताहरुलाई प्रलोभनमा पारी खत्तम गर्ने र अर्कोतर्फ सैनिक अप्रेसनद्वारा, भौतिक रुपमै सखाप पार्न निर्देशन दिएका थिए । माओवादी आन्दोलन सामान्य आन्दोलन थिएन । यो आमूल परिवर्तन गर्न चलेको थियो । यो क्रान्ति तत्काल यसका सर्वोच्च कमाण्डर प्रचण्डले चाहेर पनि प्रतिक्रान्तिमा अवतरण हुनेवाला थिएन । संसदीय पार्टीहरुले राजाको निर्देशनमा देशमा संकटकाल घोषणा गरी सम्पूर्ण शक्ति सेनालाई सुम्पेका पनि हुन् । सेनाले विदेशी आतंककारीलाई जस्तै व्यवहार पनि गरेको हो । तत्कालीन शाही सेनाले संसारभर तानाशाही सेनाले स्वदेशी तथा विदेशी आतंककारी वा जनमुक्ति आन्दोलन दबाउन अपनाएका क्रूरभन्दा क्रूर सबै उपाएहरु अपनाएको पनि जस्को ज्वलन्त उदाहरण काभ्रेको अनेकोट लगाएत देशका विभिन्न ठाउँमा भएका सामुहिक हत्याकाण्ड र भैरवनाथ गण लगायत देशभरका सैनिक ब्यारेकहरुमा भएका यातना, बलात्कार, हत्या आदि हुन् ।

नयाँ राजा दरबारमा सुरक्षित थियो र संसदीय पार्टीका नेता कार्यकर्ता त्यति सुरक्षित थिएनन् । उनीहरुले माओवादी क्रान्तिलाई खत्तम पार्न माओवादी प्रतिरोध संगठनका नाममा निर्माण गरेका भिजिलान्ते संगठनहरुलाई माओवादीले तहसनहस पारेका थिए । अब जनता संसदीय पार्टीको बहकाउमा लाग्नेवाला थिएनन् । संसदीय पार्टीहरुलाई एकातर्फ राजाले नालायक घोषणा गरिदिए भने अर्कोतर्फ माओवादीको चर्को दवावमा पनि परे । यस्तो स्थिति यत्तिकै निर्माण भएको थिएन । यस्तो स्थिति निर्माण गर्न हजारौं हजारको बलिदानी र लाखौं लाखको प्रयत्न थियो ।

२०२८ सालमा झापा विद्रोहीले सुरु गरेको विद्रोह दुई वर्षभन्दा बढि टिक्न सकेको थिएन । तत्कालीन समयमा क्रान्तिको नेतृत्व लिएका खड्ग प्रसाद ओली त्यत्तिकै भागेका थिए । मैनालीहरुले जेनतेन अघि बढाएको यो पार्टीमा कोअर्डिनेशन हुँदै माले गठन गर्दासम्म नेतृत्वमा संसदीय रुझानका

व्यक्तिहरु आइपुगेका थिए। २०४६ सालसम्म आइपुग्दा पुष्पलाल समुहबाट निस्केका विभिन्न समुह खासगरी सांस्कृतिक मोर्चाका मदन भण्डारी, जीवराज आश्रित, मोदनाथ प्रश्रितहरु आएपछि पार्टी संसदीय फाँटतर्फ गयो। २०४६ सालमा भएको मालेको चौथो महाधिवेशनले मदन भण्डारीको जनताको बहुदलीय जनवाद पास गरेपछि यो पार्टी नेपाली कांग्रेसको नीति कार्यक्रमको अर्को विकल्पको पार्टी बन्न पुगेको थियो।

त्यस समयसम्मका अन्य पार्टीमा रायमाझीको राजावादी, तुलसीलालको प्रजातन्त्रवादी, पुष्पलालको नयाँ जनवादी आदि पार्टीको अस्तित्व सामान्य मात्रामा सीमित भएको थियो। २०२९ सालमा गठन भएको केन्द्रिय न्युक्लसबाट बनेको चौम पछि मशाल बनेको थियो। २०३८ सालमा मशाल फुटेर चौम र मशाल बन्यो। मशालले २०४० सालमा पाँचौ महाधिवेशन गरी त्यतिसमयसम्म पार्टीभित्र रहेको व्यक्तिवाद, सारसंग्रहवाद, आदिलाई परास्त गरी क. किरणको नेतृत्वमा क्रान्तिकारी पार्टी निर्माण गरेको थियो। २०३५ सालमा पार्टी सदस्यता लिएका प्रचण्डले चाँडै नै आफुलाई पार्टीमा स्थापित गर्न सफल भएका थिए। पाँचौ महाधिवेशनमा पार्टीलाई सारसंग्रहवादी व्यक्तिवादी नेतृत्वबाट मुक्त गर्न यिनले किरणलाई राम्रै सहयोग पुऱ्याएका थिए। पाँचौ महाधिवेशनपश्चात नेतृत्व किरणले लिए पनि पार्टीको कार्यदिशा सत्ता जनतामा हस्तान्तरण गर भन्ने अमुर्त र सारसंग्रहवादी नै थियो। यो पार्टी पनि लामो समयसम्म एक भएर चल्न सकेन। अल्पमत पक्ष मोहनविक्रमले पार्टी फोडी अर्को पार्टी ने. क. पा. (मसाल) गठन गरेपछि पाँचौ महाधिवेशनको नेपाल कम्युनिस्ट पार्टी मशाललाई गठन पुनर्गठन गरी किरणको नेतृत्वमा ने. क. पा. (मशाल) कै नाममा अघि बढ्यो। २०४२/२०४३ सालसम्म आइपुग्दा जनाधार भएका कम्युनिस्ट पार्टीहरुमा ने. क. पा. माले, ने. क. पा. (मसाल) र ने. क. पा. (मशाल) तीन पार्टी अगाडि आएका थिए।

ने. क. पा. (माले)ले संसदीय बाटो लिएकाले पञ्चायतको चुनाबसम्म उपयोग गऱ्यो। साम्रज्यवादीहरुले विश्वस्तरमा साम्राज्य स्थापना गर्ने स्थिति अब समाप्त भएको थियो। जुन जुन देशहरुमा माओवादी आन्दोलनहरु सञ्चालन भइरहेका थिए ती देशहरुमा मार्क्सवादी आन्दोलनलाई समाप्त पार्न आईएनजीओको नाममा पैसा पदको प्रलोभन देखाएर क्रान्तिकारी नेता कार्यकर्तालाई भ्रष्ट पार्ने चाल चलाएको थियो। एकातर्फ पार्टीहरु प्रतिबन्धित नै थिए भने मालेले आफ्ना नेता कार्यर्तालाई साम्राज्यवादीहरुको एनजओहरुमा काम गर्न छुट दियो। मालेका नेता कार्यकर्ताहरु एनजओ मार्फत जनतामा स्थापित हुँदै गए। माले पार्टीले पार्टी संगठनमाभन्दा जनवर्गीय संगठनमा बढि जोड दिन थाल्यो। मूख्य गरेर देशभरका शिक्षक विद्यार्थीलाई आफुतर्फ आकर्षित गर्न सफल भयो। पञ्चायतको क्रान्तिकारी उपयोग भन्दै पञ्चायतको उपयोग गऱ्यो। यसले कार्यनीतिक रुपमै कांग्रेसको समानान्तर संगठन बनाउन सफल भयो। मसालले सारसंग्रहवादी कार्यनीतिमा पार्टीलाई हिँडाउन खोज्दा यो पार्टी खुम्चिँदै गयो। ने. क. पा. (मशाल) मसालबाट भिन्न भएपछि पार्टीमा रहेका सारसंग्रहवादी नीति कार्यशैलीबाट बाहिर आयो। पार्टीले दीर्घकालीन जनयुद्धको बाटो अवलम्बन नगरेसम्म क्रान्ति सम्भव छैन भन्ने कुरा पत्ता लगायो। माओ विचारधारलाई माओवादझै ग्रहण गरेर मात्र हाम्रोजस्तो अर्धसामन्त र अर्धऔपनिवेशिक देशमा क्रान्ति सफल पार्न सकिन्छ भन्दै माओ विचारधारालाई माओवादमा परिभाषित गऱ्यो। सशस्त्र जनयुद्ध नगरेसम्म जनताको मुक्ति सम्भव छैन भन्ने रणनीति बनाएको मशालले जनआन्दोलन, वैधानिक आन्दोलनलाई पनि सँगसँगै बढाएर जाने नीति बनायो। यसरी क. किरणको नेतृत्वमा चलिरहेको यो पार्टीमा फौजी कार्यको सामान्य गतिविधिपछि क. किरणले महामन्त्री पद सजिलै प्रचण्डलाई हस्तान्तरण गरे। प्रचण्डमा भएको चातुर्य, सक्रियता, आत्मविश्वास, निर्णय लिने क्षमता आदि मात्र किरणले देखे तर द्वन्द्ववादको नियम अनुसार सबै वस्तुहरु परिवर्तनशील हुन्छन्। विचार पनि एक वस्तु नै हो। सही विचार खराब विचारमा परिवर्तन पनि हुन सक्दछ भन्ने द्वन्द्ववादलाई यिनले देखेनन्। क्रान्ति सञ्चालन

गर्न र क्रान्ति सम्पन्न गर्न विचार सहितको नेतृत्व आवश्यक हुन्छ । किरणले पार्टीमा विचार आफुले निर्माण गर्ने र प्राविधिक रुपमा नेतृत्वमा प्रचण्डलाई लाने गैरमार्क्सवादी बाटो अवलम्बन गर्ने कमजोरी गर्न पुगे । चतुर प्रचण्डले किरणको विचारलाई आफ्नै विचारका रुपमा बाहिर ल्याइरहे । क. किरणले क्रान्तिबाहेक प्रतिक्रान्ति नदेख्ने कमजोरी गरे । यसले गर्दा प्रचण्डलाई पार्टीमा प्रधिकार बन्नेसम्मको मौका मिल्यो ।

प्रचण्डको नेतृत्वमा सञ्चालन भएको ने. क. पा. (मशाल)ले छोटै समयमा धेरै कामहरु गऱ्यो । नेतृत्वले काम देखाउन वस्तुगत परिस्थिति पनि अनुकूल हुनु आवश्यक हुन्छ । २०४६ सालमा नेपालमा जनआन्दोलनको वातावरण बनेको थियो । जनआन्दोलनको वातावरण बन्नमा पञ्चायतको फाँसीवादी कृयाकलाप प्रमुख रहेता पनि जनआन्दोलनको उठान र नेतृत्व नेपाली कांग्रेसले गरेको थियो । नेपाली कांग्रेस भारतीय विस्तारवादको नेपाली एजेन्ट थियो । नेपाली कांग्रेसको पूर्व संगठन नेपाली राष्ट्रिय कांग्रेसको उद्घाटन भाषणमा यसका संस्थापक बी. पी. कोइरालाले नेपाल के राजनीतिक रुपमा, के धार्मिक, के आर्थिक, के सामाजिक हरेक क्षेत्रमा भारतबाट भिन्न छैन भन्ने भाषण दिएका थिए । २००७ साल, २०१८ साल, २०२७ साल, २०४६ सालमा कांग्रेसले सशस्त्र वा जनआन्दोलनको नेतृत्व लिएको थियो । यी सबै आन्दोलनमा भारतले नेपालको तत्कालिन सरकारलाई दबाव दिन सँधै नाकाबन्दी गरेको इतिहास छ । यस समयमा पनि भारतले नेपालमा नाकाबन्दी गरिरहेको थियो । जनआन्दोलन गर्न बसेको कांग्रेसको बैठकमा स्वयम् चन्द्रशेखरको उपस्थिति थियो, जसले गर्दा नेपाल सरकारले हस्तक्षेपसमेत गर्न सकेको थिएन । त्यसबेलासम्म संसदीय कित्तामा पुगिसकेका माले, तुलसीलालको पार्टी, मार्क्सवादी पार्टीहरुले कांग्रेससँग एकाकार भएर जनआन्दोलन गर्न चाहन्थे तर कांग्रेसले नमानेका कारण उनीहरुको वाममोर्चा बनेको थियो । वाममोर्चाले पनि पूर्ण प्रजातन्त्रको नारा गणतन्त्रको नारा हुन्छ, यो सम्भव छैन भनेकाले गणतन्त्रवादीहरुको मोर्चा बनाउन मशालले पहल गऱ्यो । मशाल, मसाल, चौम, मालेमा, शम्भुराम आदिको संयुक्त जनआन्दोलन समिति बन्यो । संयुक्त जनआन्दोलन समिति बन्दा मसालका काठमाडौं जिल्ला समिति सदस्य बाबुराम भट्टराई सदस्य बन्न आइपुगे । पछि संयोजकसम्म बने । संयुक्त जनआन्दोलन समितिले कांग्रेस वाममोर्चाले गरेको आन्दोलनलाई पनि सघाई रहेको थियो । यसको आफ्नै पहलमा २०४६ चैत्र २४ गते भएको ऐतिहासिक जनआन्दोलनले पञ्चायती व्यवस्थालाई फाल्न सफल भयो ।

प्रचण्डमा अरुलाई आफ्नो अधिन गर्न सक्छु भन्ने पूर्ण विश्वास थियो । जनआन्दोलनपछि जनआन्दोलन समितिमा रहेका पार्टीसँग पार्टी एकताको पहल समेत गरे । चौम, सर्वहारावादी श्रमिक संगठन, रुपचन्द्रको जनमूखी र मोहन विक्रमबाट हरिबोल गजुरेलको नेतृत्वमा आएको विद्रोही मसालका बीच पार्टी एकता पनि भयो । एकतापछि बनेको ने. क. पा. (एकता केन्द्र) को केन्द्रिय समितिमा बाबुरामजस्ता सामान्य हैसियतका मानिसहरु पनि पुगे । २०४८ सालको संसदीय निर्वाचनमा संयुक्त जनमोर्चाको नाममा संसदीय चुनावमा भाग पनि लियो । ९ स्थानमा जित्न पनि सफल भयो । संसदमा भए पनि अन्य संसदीय पार्टीहरुले २०४७ को संविधानलाई संसारभरमा सबभन्दा उत्कृष्ट संविधान भनिरहँदा यस पार्टीले यसलाई प्रतिक्रियावादी कालो संविधान भन्यो । यो संविधानमा सार्वभौम शक्ति जनता भएको तर प्रयोग राजाबाट हुने, संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र दुई खुट्टे नीति र उदारीकरण र साझेदारी अर्थतन्त्र आदि थिए ।

२०४८ सालमा ने. क. पा. (एकता केन्द्र) को एकता महाधिवेशन भयो । सो महाधिवेशनमा महामन्त्रीको हैसियतमा प्रचण्डले दीर्घकालीन जनयुद्धको लाइनको राजनीतिक दस्तावेज पेश गरेका थिए । निर्मल लामाले अल्पकालीन विद्रोहको दस्तावेज, श्याम श्रेष्ठले तयारी केन्द्रको दस्तावेज र गिरीराजमणी पोखरेलले क्रान्तिको फ्युजन भन्ने दस्तावेज पेश गरेका थिए । लगभग ८० प्रतिशत प्रतिनिधिहरु दीर्घकालीन जनयुद्धको पक्षमा भएकाले

जनयुद्धको लाइन पास भयो । डा. बाबुराम भट्टराई कुनै मतमा पनि थिएनन्, अन्तमा प्रचण्डको भएँ भनेका थिए । जनयुद्धमा जान लामा, नारायणकाजी, श्याम श्रेष्ठ आदि राजी भएनन् । यिनीहरुले पार्टी छाडी छुट्टै एकता केन्द्र नामको पार्टी सञ्चालन गरेपछि २०५१ सालमा पार्टीको राष्ट्रिय सम्मेलन गरी नेपाल कम्युनिस्ट पार्टी (माओवादी) गठन भएको हो । एकता महादिवेशनको निर्णय अनुसार २०५१ सालबाट एक वर्षमा क्रान्तिका सम्पूर्ण तयारी पुरा गरी २०५२ साल फागुन १ गतेबाट दीर्घकालीन जनयुद्ध सुरु गरेको थियो ।

जनयुद्धको मूख्य कार्यभार संवैधानिक राजतन्त्र र संसदीय व्यवस्थालाई पूर्ण नष्ट गरी जनवादी गणतन्त्र स्थापना गर्ने थियो । यो नीति २०५२ सालदेखि २०५७ सालसम्म पालना गरियो । भारतीय विस्तारवाद र घरेलु प्रतिक्रियावादबाट उत्पीडनमा परेका क्षेत्र, वर्ग, लिङ्गका मानिसहरु पार्टीमा आए । बलिदानीपूर्वक प्रतिक्रियावादीहरुको प्रतिरोध गरिरहे । पार्टीमा एकमत जस्तै थियो । डा. बाबुराम भट्टराईको कुतर्क र खोचे कुरालाई दुई लाइन संघर्ष मान्नु पर्ने थिएन । प्रचण्डले सर्वप्रथम पश्चिम नेपालमा रहेर क्रान्तिमा प्रभाव बनाएका बादललाई लिनप्याओवादी भनी कारवाही गरेका थिए । बाबुरामलाई पार्टीभित्र भारतको एजेण्ट हो भन्ने थियो । उनको संगठनात्मक आधार । थिएन किरणलगाएत पुराना सदस्यहरुले प्रचण्डलाई अतिमानवको रुपमा अघि बढाइरहेका थिए । आधार इलाका, जनसेना बनिसकेपछि सरकारसँग वार्ता पनि भए । यसरी २०५७ सालसम्म माओवादी शक्ति नेपालको राजनीतिक शक्ति मध्ये एक शक्ति बन्न पुगेको थियो । २०५७ सालको पार्टीको राष्ट्रिय सम्मेलनले एकातर्फ राजनीतिक नारा गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधान सभाको चुनावलाई पास गर्‍यो भने अर्कोतर्फ अहिलेसम्म भएको पार्टीको गतिविधिलाई पुँजीकृत गरी प्रचण्डपथ पास गर्न पुग्यो । पार्टीमा प्रचण्ड एक किसिमले पहिला नै प्राधिकारजस्तै थिए, यस सम्मेलनले उनलाई बैधानिकता दियो ।

अब खुल्ला राजनीतिमा अवतरण गरेमा प्रचण्डले आफु सत्ताको केन्द्र विन्दुमा पुग्न सक्ने देखे । पहिलो प्रयत्न राजासँग मिलेर संसदीय पार्टीहरुलाई पाखा पारी सिंहदरवार पुग्ने बनाए । यसमा राजा विरेन्द्रले हरियो सिग्नल पनि देखाएका थिए । विरेन्द्रका भाइ धिरेन्द्र र रमेशनाथ पाण्डेहरुले माओवादीहरुलाई भेटी कुरा अघि बढिरहेको पनि थियो । राजा विरेन्द्रको वंशनासपछि यो त्यत्तिकै हरायो । यसको विरोध गर्ने बाबुरामलाई प्रचण्डले जनसेनाको नियन्त्रणमा राखेका थिए । बाबुराम भारत सरकारको दलाल त थिए थिएनन् अझै स्पष्ट भएको छैन तर जवहारलाल नेहरु विश्वविद्यालय पढ्दाका साथीहरु, एस. डी. मुनीलगायत भारतीय सरकारका उच्च पदस्थ व्यक्तिसँग यिनको राम्रो सम्बन्ध थियो । सायद प्रचण्डले राजासँग मिलेर संसदीय पार्टीहरुलाई ठेगान लगाउने कुरा बाबुरामद्वारा यिनीहरुले भारतीय सरकारमा पुर्‍याएका हुनसक्ने देखिन्छ । परिणामत माओवादी नेताहरु भारतमा गिरफ्तार भए । परिस्थिति माओवादी पार्टीभित्र र राजा तथा संसदीय पार्टीभित्र अनौठो प्रकारले फेरबदल हुन पुग्यो । नयाँ राजाले संसदीय पार्टीहरुलाई किनारा लगाएपछि संसदीय पार्टीहरुले पनि राजनीतिक हैसियत देखाउन सकेनन् । राजाले किक हानेका संसदीय पार्टीहरु प्रचण्डको गोडामा ठोक्किन पुगे । किरण, गौरवहरु भारतमा गिरफ्तार भएकाले पार्टीमा क्रान्तिकारी लाइनका लागि लड्ने शक्ति थिएन । प्रचण्डले जानीजानी अब पार्टीलाई संसदीय फाँटमा ल्याउन चाहे । बि. सं. २०६२ मा रुकुमको चुनवाङ्गमा पार्टीको बैठक गरी लोकतान्त्रिक गणतन्त्रको नारा पास गराए । बाबुरामलाई पार्टीमा स्थापित गरी भारतमा १२ बुँदे सम्झौता गर्ने वातावरण बनाए । १२ बुँदे सम्झौतापछि पनि एकातर्फ फौजी आक्रमण यथावत चलाउँदै जाने अर्कातर्फ संसदीय खेलमा आउन आधार तयार पार्दै गए । जनआन्दोलन सफल भएपछि संसदीय पार्टीहरु पुनः राजाका पोल्टामा जान लाग्दा जनयुद्धकै धाकधम्कीले यिनीहरुलाई राजाबाट बाहिर पार्ने काम पनि गर्दै गए । शान्ति सम्झौता नगरेसम्म भारतमा रहेका किरण गौरवलाई जेलमुक्त गरेनन् । नेपालमा एक समय यस्तो बन्यो एकातर्फ राजाका सैनिकहरु

ब्यारेकमा, माओवादीका सैनिकहरु सिविरमा, देशको सबै भूभागमा अर्धसैनिक वाइसिएल। जनता राजा र संसदीय पार्टीबाट वाक्कदिक्क भएकाले माओवादी समर्थक, के व्यापारी, के तस्कर, के भ्रष्टाचारी सबै माओवादीको जयजयकारमा आए। यसबाट प्रचण्ड एकातर्फ हौसिरहेका थिए भने पार्टीभित्र किरणहरुले क्रान्तिकारी लाइन स्थापना गर्न जोड दिइरहेका थिए। खुल्ला परिवेशमा भएका बालाजु बैठक, खन्नागार्मेन्टको बैठक लगायत पालुङ्गटारको बैठकमा समेत किरणको क्रान्तिकारी लाइनमा बहुमत थियो। तर आफ्नो बहुमत भए पनि आफैं नेतृत्व लिन किरण अघि सरेनन्।

पहिलो संविधान सभाको चुनावमा सहिद वेपत्ता परिवार पिछडिएको क्षेत्र, जाति र क्रान्तिकारी लडाकुहरुको समानुपातिक रुपमा उमेदवारी दिने काम भयो। प्रत्यक्षतर्फ बहुमत पनि आयो। ठुलो पार्टीका हैसियतले प्रचण्ड प्रधानमन्त्री पनि बने। सबै परिस्थिति माओवादीकै पक्षमा बनेको थियो। तर प्रचण्डमा विचलन आइसकेको थियो। उनी पार्टी तथा सत्ता सरकारमा सर्वसत्तावादी हुने महत्वाकांक्षी बन्न पुगे। सबभन्दा पहिला पार्टीमा आफ्नो बहुमत हुनु आवश्यक थियो। अब जनविद्रोह गर्ने भन्दै पहिला क्रान्तिदेखि भागेकाहरु नारायणकाजी लगायतलाई पार्टी एकताको नाममा पार्टीमा ल्याए। जनविद्रोहकै नारा लगाएर गुन्डा, भ्रष्टाचारी, दलाल व्यापारी सम्पूर्णलाई पार्टी प्रवेश गराए। पहिलाको ३५ जनाको केन्द्रिय समितिको स्थानमा सयौंको केन्द्रिय समिति बनाए। अब क्रान्तिकारीहरुको बहुमत गुम्यो। सर्वसत्तावादी हुन खोज्दा संसदीय पार्टीहरुले सरकारबाट झारिदिए। उनले जनविद्रोहको नाटक पनि गरे। उनको अबको उद्देश्य जनमुक्ति सेनालाई कसरी विघटन गर्ने भन्नेमा रह्यो। माओवादी दवदवामा संसदीय पार्टीहरुले पनि सरकार चलाउन सकेनन्। एकातर्फ माओवादी कै कारणले देश गणतन्त्र बनेको छ, अर्कोतर्फ संविधान सभामा माओवादीकै दवदवा छ। प्रचण्डपछि बनेका माधवकुमार नेपाल र झलनाथ खनालका सरकार कठपुतलीजस्ता भए। प्रचण्डलाई साइजमा ल्याउन स्वयम् बाबुरामलाई प्रधानमन्त्री बनाउन क्रान्तिकारीहरुले जुन खेल खेले यो नै माओवादीका लागि आत्मघाती सिद्ध भयो। प्रचण्ड बाबुरामसँग मिले। भारतसँग विप्पा सम्झौताहरु भए जुन माओवादी नीति विपरीत थियो। नेपाली सेना लगाएर जनमुक्ति सेना विघटन गरे। चरम प्रतिक्रियावादी गतिविधिमा यिनीहरुको गतिविधि पुगेपछि पार्टी नीति र धारका रक्षाका लागि क. किरणको नेतृत्वमा क्रान्तिकारीहरुले छुट्टै पार्टी गठन गरे। बाँकी रहेको शक्तिले हेटौंडामा महाधिवेशन गरी राजनीतिक कोर्ष नै फेरे। जनवादी क्रान्ति पुरा भएकाले अबको क्रान्ति समाजवादी क्रान्ति हुनेछ। अब हुने समाजवादी क्रान्ति बल प्रयोगको सिद्धान्तमा नभएर संविधान, शान्ति र विकासका आधारमा हुनेछ। संविधान सभाको विघटन स्वयम प्रचण्ड बाबुरामहरुले गरेका थिए। पुनः संविधान सभाको चुनाव गराउन कर्मचारीको सरकार बनाउने प्रस्ताव महाधिवेशनबाटै ल्याए। खिलराजको नेतृत्वमा दोस्रो संविधान सभाको चुनाव पनि भयो। उनको पार्टीको जमात ठुलै थियो। क्रान्तिकारीभन्दा यिनै बहुमत मै थिए। तर चुनावको परिणाम पहिलो संविधान सभामा १२० सिट प्रत्यक्षमा ल्याएको पार्टीले जम्मा २६ सिट ल्यायो। अब पार्टीका नेता कार्यकर्तामा पार्टीको नीति कार्यक्रमले जनता र आफ्ना समस्याहरु समाधान हुने सम्भावना देखेनन्। आ-आफ्नो समस्या आफै समाधान गर्न खोज्दा भ्रष्टाचार, कालोबजारी, तस्करी, जग्गा दलाली आदिमा अधिकांश नेता कार्यकर्ता लागेकाले यो पार्टी संसदीय पार्टीहरुमध्ये पनि सबभन्दा भ्रष्ट पार्टी बन्न पुगेको छ। क्रान्तिको रक्षा भन्दै छुट्टै पार्टी गठन गर्न पुगेका बादललगायत यस पार्टीमा फिर्ता भएपछि कांग्रेस कै सरकारमा रहेर कांग्रेससँगै चुनावी तालमेल गर्दा पनि स्थानीय चुनावमा ७००-८०० स्थानमध्ये १०० स्थान पनि जित्न सकेनन्। अबका चुनावहरु लाखौं करोडौं खर्च नगरेसम्म उमेद्वार उठ्नसम्म पनि नसक्ने स्थितिमा पुगेको छ।

ने. क. पा. (एमाले) जुन पार्टीले ०४६ सालदेखि बहुदलीय शासन व्यवस्थालाई आफ्नो लक्षसाथ अघि बढिरहेको छ। यसको नेतृत्व झापा विद्रोहका भगौडा के. पी. ओलीले गरिरहेका छन्।

पटक पटक सरकारमा जाँदा बृद्धभत्ता, सामाजिक सुरक्षा भत्ता, आफ्नो गाउँ आफै बनाऔं आदि सुधारवादी नाराका हिसाबले यो पार्टी कांग्रेसको प्रतिस्पर्धी रुपमा रहिरहेको छ। नेपाली जनता भारतीय विस्तारवादको विरोधमा छन्। विगतमा मधेसीहरुले गरेको संविधान विरोधी आन्दोलनलाई समर्थन गर्न भारतले नेपालमाथि नाकाबन्दी गऱ्यो। त्यस समयमा के. पी. ओली प्रधानमन्त्री थिए। यिनले नाकाबन्दीको अघि आत्मसमर्पण गरेनन्। चीनसँग पारवाहन सन्धि गरी भारतलाई साइजमा ल्याए। भारतले आफै नकाबन्दी खोल्न बाध्य भयो। यसबाट ने. क. पा. (एमाले)ले केही यस कमायो। स्थानीय निर्वाचनमा माओवादी केन्द्र र कांग्रेसको संयुक्त शक्तिसँग मुकाविला गरी पहिलो पार्टी बन्न पुग्यो। अब हुने संसद र प्रदेश चुनावमा पनि पहिलो पार्टी बन्न सक्ने नै थियो। तर, संसदमा रहेका माके, कांग्रेस र एमालेमध्ये दुई पार्टी नमिलेसम्म सरकार बनाउने सम्भावना हुँदैनथ्यो। माके अब जोक्कर पार्टी बनेको छ। जोक्कर नभएसम्म एमालेले सरकारको बाजि कहिल्यै पनि मार्न सक्ने भएन। एकातर्फ एमालेको यस्तो स्थिति छ भने आर्कोतर्फ कांग्रेसले प्रतिशत छुट्टयाएर माकेलाई भाग दिन सक्दैनथ्यो। एमालेले चुनावपछि माके पार्टी एमालेमा मिलाउने गरी ४० प्रतिशत सिट दिन राजी भयो। हाल माओवादी केन्द्र नामको पार्टी कांग्रेससँग सरकारमा छ, चुनावी तालमेल एमालेसँग गरिरहेको छ। अबको केही दिनपछि माके भन्ने पार्टी रहने छैन। साथै, २०४२ सालदेखि माओवाद भन्दै माओवादीको नेतृत्व गरेका प्रचण्ड एमालेको एक कुनामा हुनेछन्। अब माओवादी आन्दोलन सञ्चालन गर्ने क्रान्तिकारीहरुको दमन गर्न यिनै सबैभन्दा अघि आउनेछन्। एमालेले छोटो समयमा तय गरेको संसदीय फाँटमा आइपुग्न यिनलाई ४० वर्षको यात्रा गर्नु परेको छ। अब यिनको क्रान्तिकारी उद्देश्य, लक्ष, नीति कार्यक्रम यहीं अन्त्य भएको छ।

अब माओवादी आन्दोलनमा रहेका ने. क. पा. (क्रान्तिकारी माओवाद) र ने. क. पा. (विप्लव) आदिले संसदीय चुनावलाई कार्यनीति बनाएर भाग लिएर वा बहिस्कार गरेर माओवादी आन्दोलन चलाइरहेका छन्। यी पार्टीहरुमा माके भित्रका क्रान्तिकारीहरु आउने सम्भावना एकातर्फ छ भने प्रचण्ड लगायतका नेतृत्व मण्डलीहरु माओवादी आन्दोलन दबाउन फासीवादी तरिकाले आउने सम्भावना पनि उत्तिकै देखिन्छ। अब माओवादी आन्दोलनलाई जीवित राख्न र विजयमा पुऱ्याउन माओवादी क्रान्तिकारीहरुले संगठन क्रमशः भूमिगत गर्दै आवश्यक परे छापामार युद्धदेखिका सबै उपायहरु प्रयोग गरी सशस्त्र विद्रोहद्वारा मात्र सम्भव देखिन्छ। प्रचण्डको नेतृत्वको माकेले आफ्नो पार्टी शक्तिलाई संसदीय प्रतिक्रियावादी रुपमा परिणत गर्ने आयाम पुरा गरेको छ। अब यो शक्ति यसभन्दा तल झर्ने कुनै ठाउँ छैन। क्रान्तिकारीहरुले क्रान्तिको आयाम कसरी पुरा गर्नेछन् भविष्यले बताउने छ।

वैचारिक

# संविधान, वर्तमान अवस्था र राष्ट्रघात

## १. वर्तमान संविधान

संविधान सभाबाट बनेको संविधानले नेपाली जनताको आधारभूत आवश्यकतालाई केही हदसम्म समेटेर प्रगतिशील वा जनपक्षीय संविधान बन्नसक्ने प्रयाप्त संभावना हुँदा हुँदै पनि जनताले अपेक्षा गरे अनुरुप जनताको संविधान बन्न सकेन । बरु प्रस्तुत संविधानका कारण न्यायप्रेमी, प्रगतिशील नेपाली जनताले जनताको संविधानको लागि पुनः संघर्ष गर्नु पर्ने देखिन्छ ।

राज्यको मूल कानुन तथा ऐन, नियम, विनियमले बहुसंख्यक मिहिनेतकश जनताका आधारभूत न्यूनतम आवश्यकता शिक्षा, स्वास्थ्य, रोजगारी, आवास तथा भूमिको समुचित वितरणदेखि अन्य कतिपय कुरामा लोककल्याणकारी पहलहरु निर्वाह हुनुपर्नेमा उल्लेखित विषयमा अझ उल्टो जटिलताहरु थपिँदै जानु र यसतर्फ न्यूनतम सकारात्मक परिवर्तनको सट्टामा पहिलाजस्तै सीमित हुने-खाने वर्गको हालिमुलीले प्रस्तुत संविधानलाई प्रगतिशील वा जनपक्षीय संविधानको कोटीमा मान्न सकिँदैन । किनकि नेपाली जनताको लामो समयदेखिको कुर्बानी, त्याग, साहदत, अपेक्षा थियो तदनुरुप संविधान नबनी बरु परम्परागत रुप जस्तै सामान्य नविन आयाम थपिएर बनेको हुँदा जनताको भावना विपरीत बनेको संविधानलाई सगौरव स्वीकार्ने अवस्था रहेन । जनअपेक्षा विपरीत दिनानुदिन शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता कुराहरु खुल्ला बजार अर्थतन्त्रका सिद्धान्त अनुरुप हुने-खाने वर्गको पोल्टामा पुग्नु र निरीह जनता तड्पिरहने अवस्थामा गणतान्त्रिक संविधान हाम्रो र राम्रो हुन सकेन । जनअपेक्षा अनुरुप भूमिसम्बन्धी नीतिमा कुनै परिवर्तन हुन नसकी जमिन्दारको एक टुक्रा जमिन पनि भूमिहीन सुकुम्बासीलाई वितरण गर्ने व्यवस्था भएन, गरिएन । यसरी कथित प्रगतिशील भनिएको यो संविधान नयाँ बोतलको पुरानै रक्सीजस्तै भयो । देशको स्वाधीनता, प्रगतिशील राज्य व्यवस्था, नयाँ जनवाद लगायत १० वर्षे जनयुद्धमा साहदत हजारौं सहिदहरुको परिकल्पना वर्तमान संविधानले समेट्न सकेको देखिंदैन । यसै संविधानले परिकल्पित गरेका कैयौं प्रावधानहरु पनि विधिको शासनको धज्जी उडाएको प्रसंग प्रधान न्यायाधीश प्रकरण, आइजीपी प्रकरण, मन्त्रीमण्डलको संख्या केही उदाहरणहरु हुन् । संविधान घोषणा भएको २ वर्ष नपुग्दै २ पटक संशोधन भएर पनि तेस्रो संशोधनका लागि लिइएको प्रस्ताव असफल हुनु र सार्वभौम राष्ट्रका प्रधानमन्त्री शेरबहादुर देउवा भारत भ्रमणमा जाँदा प्रसङ्गविहीन रुपमा संविधान संशोधनको कुरा उठाउँदै बहुमत पुगेपछि पुनः संशोधन गर्ने वचन दिनुले अझ अन्योल थपिँदै गएको पाइन्छ । यसरी लामो समयसम्म संविधान संसोधन र संक्रमणकालको वृत्त वरिपरि नेपाली राजनीतिले गोलचक्कर लगाई रहने अवस्थाबाट पर्याप्त आशंकाहरु सृजना भइरहेको सन्दर्भमा लेन्डुपहरु जन्मदै गर्ने र सिक्किमीकरणको पथमा देश गुज्रँदै गयो भने त्यसपछिको अवस्था कस्तो होलो आकलन गर्न सकिन्छ । अतः जनताको वास्तविक संविधानको लागि प्रगतिशील एवम् राष्ट्रवादी शक्तिहरुले पुनः एकवद्ध भएर संघर्ष गर्नुको विकल्प छैन ।



– मनोहर लामिछाने

## २. विकृति विसंगतिको श्रृंखला– स्थानीय निर्वाचन

लामो समयसम्म स्थानीय निकायको निर्वाचन हुन सकेको थिएन । अध्यावधिक निर्वाचन, जनमत

पहिचान र सुशासनका लागि लोकतन्त्रको गहना मानिन्छ । लोकतन्त्रमा विभिन्न पार्टीहरु आ-आफ्ना मूल्य मान्यता विचार आदर्श बोकेर जनता समक्ष प्रस्तुत हुने गर्दछन् । पार्टीहरुका कार्यनीति, रणनीतिबाट एक आपसमा नजिक टाढा हुने गर्दछन् । त्यसकै आधारमा विचारका निकटतमहरु मित्रशक्ति र त्यसबाहेकका अन्य शक्तिहरु भिन्न वर्गमा कित्ता विभाजन गरिएको हुन्छ । यही कित्ता विभाजनले कोसँग चुनाबी तालमेल हुने प्रचलन पनि हुन्छ । तर, हालै भएको निर्वाचनमा कल्पनै गर्न नसकिएको, नसकिने अपवित्र गठबन्धन गरेर चुनावमा सहभागी भएको देखियो । यतिमात्रै कहाँ हो र सत्तासीनहरुले जसरी पनि चुनाव जित्ने, आफ्नो पार्टी पहिलो बन्नुपर्ने जस्ता अभिव्यक्तिले स्वतन्त्र र भयरहीत निर्वाचनको अपेक्षा गर्न सकिन्छ न जनताले निस्पक्षताको अनुभूति गर्न सक्छन् बरु अपवित्र गठबन्धनबाट नीतिविहीन राजनीतिक संस्कारको विकासले सबैलाई स्तब्ध बनाएको छ । कांग्रेस र माके, कांग्रेस र एमाले, एमाले र माके बीच भएका तालमेल देख्दा कथित ठुला भनिने प्रमुख ३ वटा पार्टीभित्र चरम सिद्धान्तहीन गठबन्धनले राजनीतिप्रति नै अनास्था पैदा मात्रै गर्दैन राजनीतिमा सबै चिज जायज हुन्छ भन्ने घोर पुँजीवादी मान्यतालाई स्थापित गर्दै वर्तमान नेपाली समाजका प्रगतिशील पक्षलाई ठाडो चुनौति दिइँदैछ । पुँजीवादको विकृति नाङ्गो रुप स्थानीय निर्वाचनमा भएको गठबन्धनले देखाएको हुँदा यसको भन्डाफोर तथा प्रतिवाद गर्न पनि प्रगतिशील वर्ग र सक्कली कम्युनिस्टहरुलाई एक ठाउँमा उभ्याउन र सहकार्य गर्न प्रेरणा मिल्नु पर्दछ । चरम अवसरवादका विरुद्ध एक हुँदै आवाज उठाउनु पनि आवश्यकता हो । जसरी पनि चुनाव जित्नेको नाममा पैसा लगानी गर्ने र जितेमा असुली हुन्छ भन्ने भ्रम सृजना गर्दै उनीहरुकै पार्टी भित्रका असल मान्छेको छनौटभन्दा कालाबजारी, भ्रष्ट, नाफाखोर, ठेकेदार, पैसावालाहरुकै वृत्त वरिपरि राजनीति चलायमान हुने अवस्थाले विकृति विसंगतिको श्रृंखला थपिदै गएको पाइन्छ । यसबाहेक कुनैबेला भारतीय राजनीतिमा हरियानाका विधायक गयाराम चौधरीले मन्त्री हुनका लागि वर्षको ३ पटक पार्टी फेरेजस्तै आयाराम र गयाराम अर्थात दलबदली । आज पार्टी प्रवेश, भोलि टिकेटजस्ता हास्यास्पद प्रहसनले केही मनोरञ्जन दिए पनि पार्टी प्रतिको प्रतिबद्धतामा ह्रास आउने र अवसरवादी प्रवृत्तिको विकास हुने देखिन्छ । यसरी स्थानीय चुनाव बढाइदै गाँड हुँदै विकृति विसंगतिको श्रृंखलामा बढिरहेको पाइन्छ ।

## ३. माफियाकरणको जगजगी

विकृति विसंगतिको चाङ बढ्दै जाँदा राजनीतिमा माफियाकरणको प्रतिछाया देखिनु अनौठो होइन । आज नीजि विद्यालय (मेडिकल, इन्जिनियरिङ्ग कलेजदेखि अन्य कलेजहरु र साना ठुला बोर्डिङसम्म) तथा विभिन्न आकार प्रकारका नीजि अस्पतालहरुबाट आम जनतामा हुने आर्थिक शोषणका नविन प्रयोगहरु धन्दाकै रुपमा भइरहेकै छन् । मनपरी शुल्क लिने यी दुवै नीजि संस्थाहरुमा प्रत्यक्ष अप्रत्यक्ष राजनीतिककर्मीहरु तथा पार्टीहरु जोडिन पुग्नु र तिनीहरुको संरक्षणमा यस्ता संस्थाहरु चलिरहेका छन् । यी संस्थाहरुको आर्थिक सहयोग वा चन्दाले राजनीतिककर्मीहरुलाई खेताला बनाइरहेको पाइन्छ । यसबाहेक संचार क्षेत्रको व्यापार, यातायात, हाइड्रो, सिमेन्ट, होटेल, जडीबुटी, वन पैदावर, ठेक्कापट्टामा राजनीतिक पहुँचले कब्जा जमाउने र आय आर्जनको केही हिस्सा राजनीतिमा लगानी गर्ने प्रवृत्तिले दिनानुदिन राजनीतिमा माफियाकरण भइरहेको छ । यसरी नै राजनीतिक पार्टीका विभिन्न भातृसंगठनहरु पनि माफियाकै उठ्ती पुर्ति (चन्दा) बाटै पालित पोषित हुने भएबाट उत्तराधिकारी वर्गको मानोविज्ञान रकम असुलीतर्फ क्रियाशील हुँदा वास्तविक समाज सेवा दिनानुदिन ओझेलमा परिरहेको छ, पारिएको छ । यिनै कारणले यस्ता विकृति विसंगतिका विरुद्ध नैतिक रुपमा आवाज उठाउन नसक्ने भएका युवा जमात राष्ट्रिय इसुहरुमा मौन बस्न बाध्य भएका छन् । यसरी कालोबजारी, भ्रष्टाचार, ठेक्कापट्टा, अवैध व्यापार (यार्चा होस् वा काठ तस्करी वा जडिबुटी) कमिसन (बुढीगण्डकी वा अपर कर्णाली) बाट जसरी पनि पैसा कमाउने र राजनीतिमा हस्तक्षेप गर्दै

विभिन्न खाले माफियाको धनचक्करमा संरक्षित र सञ्चालित माफियातन्त्र र सामाजिक संघ संस्थाको नाममा विभिन्न मिसन बोकेका विकासे संस्थाका कार्यकर्ताको प्रत्यक्ष अप्रत्यक्ष सुनियोजित हस्तक्षेप नै वर्तमानको राजनीतिक अवस्था हो । वर्तमानको यस्तो तितो सत्यमा जनपक्षीय राजनीतिक क्रियाकलाप वा समाज रुपान्तरणका लागि हुने वास्तविक समाज सेवा ओझेल पर्दै गइरहेको पाइन्छ । गरिब किसान वा उत्पीडित वर्गको मुक्तिको लागि राजनीतिक चेतना प्रदान गर्नु र माफियातन्त्रबाट मुक्ति पाउन यी सबैको भन्डाफोर गर्नु नै आजको आवश्यकता हो ।

## ४. असन्तुलित र अपरिपक्क परराष्ट्र नीति

वास्तवमा हाम्रो परराष्ट्र नीति के हो ? कस्तो हुनु पर्दछ ? एक मुखले ठ्याक्कै भन्न गाह्रो छ । शीतयुद्धको अन्त पश्चात् विश्वव्यापी उतार चढावमा हामीले आफ्नो भूमिकालाई कसरी निर्वाह गर्नु पर्ने हो त्यसको लेखाजोखा समीक्षाको पहल गरेको पाइँदैन । भारत वा चीनसँगका हाम्रा समस्याहरुलाई पनि कुटनीतिक रुपमा प्रस्तुत गर्न नसकेका उदाहरणहरु छन् । लिपुलेक विवाद एवम् भारतसँग भएका १९५० लगायतका असमान सन्धिहरुलाई सफल अवतरण गर्न नसकेका उदाहरणहरु हुन् । ठुला र शक्तिशाली राष्ट्रहरु एवम् दुई छिमेकी राष्ट्रहरुसँग हामीले खेल्ने कुटनीतिक व्यवहारमा सन्तुलित र परिपक्वपना आउन सकेको देखिँदैन । भागवण्डामा नियुक्त गरिएका हाम्रा राजदूतहरुले समग्र नेपालको प्रतिनिधित्व गर्नु त कता हो कता हाम्रो परराष्ट्र नीतिको ओज र तेज राख्न नसकेको र दिनानुदिन विश्व रंगमञ्चबाट ओझेल परेको पाइन्छ । कस्ता व्यक्तिलाई राजदूत बनाउने भन्ने मापदण्डविनै नियुक्त भएका विचित्रका राजदूतबाट कसरी प्रतिधित्व होला कल्पना नै गर्न सकिँदैन । यस पूर्व भारतका राजदूतलाई फिर्ता र हालै चीन र अमेरिकाका राजदूतलाई समयावधि नपुग्दै फिर्ता बोलाएको प्रसंग पनि अपरिपक्व परराष्ट्र नीतिको उपज मान्न सकिन्छ । राजनीतिकर्मीको अवस्था अझ उदेक लाग्दो छ । प्रधानमन्त्री भइसकेका व्यक्ति भारत भ्रमणमा जाँदा दलाई लामासँग साउती गर्छन् भने नेपाल फर्केपछि आफुले भेट नगरेको वक्तव्य जारी गर्न पुग्छन् । भारतको परराष्ट्र सचिव आएर सबै पार्टीका नेतालाई अमर्यादित तरिकाले हकार्छन् भने विदेशी दूतावासमा मन्त्री बन्न लाइन बस्ने प्रवृत्तिमा परिवर्तन नभएसम्म यो व्यक्ति वा नेता प्रो-इण्डियन, प्रो-चाइनिज, प्रो-युरोपियन, अमेरिकन जस्ता ट्यागले परिचित हुँदै जानेछन् । यस्तो हुँदै गर्दा अन्तर्राष्ट्रिय रंगमञ्चमा कमजोर हुँदै जानेछौं । जसरी अन्यायपूर्ण रुपमा पछिल्लो पटक भारतले नाकाबन्दी गर्दा समेत हामी सहन बाध्य भयौं । हाम्रो आवाज सुनिएन, प्रभावकारी भएन ।

## ५. माके र एमालेको एकीकरण र क्रान्तिकारी कम्युनिस्टहरूको दायित्व

विगत केही वर्षदेखि ३ दलीय गठबन्धनको भागबन्डाबाट प्रताडित देशमा हालसालै माके र एमालेबीच भएको चुनावी तालमेल सहित पार्टी एकीकरणको नाटक मञ्चनले सबैको ध्यान केन्द्रित भएको छ । मार्क्सवाद, लेनिनवाद र माओवादको आदर्श, मूल्य, मान्यताबाट च्यूत भएको यो शक्ति विशेषगरी माके र एमाले आफुलाई कम्युनिस्ट हौं भन्दै आएको मात्र होइन सिधासाधा नेपाली जनतालाई कम्युनिस्ट कै नामबाट व्यापक भ्रम पैदा गर्दै नेपाली राजनीतिमा हावी हुँदै आएको थियो र छ पनि । यिनका नेता कार्यकर्ताहरु आफु कम्युनिस्ट भएको व्यापक भ्रम छर्दैछन् । यिनको दक्षिणपन्थको यात्राले यो शक्तिलाई मूलतः प्रतिक्रियावादी कित्तामा उभ्याउने प्रायः निश्चित छ । अझ हाँसो उठ्दो कुरा त वर्तमान सरकारको सहयात्री पार्टी प्रतिपक्षसँग पार्टी एकीकरण गर्ने कुरा गरे पनि सरकारमै बसेको छ । यसरी संसदीय राजनीतिक चरित्रको समेत धज्जी उडाउँदा देख्नेलाई लाज भएको छ । वर्तमान गठबन्धनको मुख्य मकसद भनेको देशमा २ दलीय प्रभुत्वको विकास हो जसबाट जनमानसमा विभिन्न विचार फूल्ने अवसरहरु पनि रहने छैनन् । यसको साथै, सच्चा मार्क्सवादी अझ भनौं मालेमावादी क्रान्तिकारीहरुलाई एक्ल्याउने, हतोत्साहित गर्ने मात्र होइन यस्तो शक्तिको उदय हुन नदिन विभिन्न प्रकारको प्रयत्न, प्रयास, काम कारवाही चालु राख्ने प्रयास निश्चित हुने देखिन्छ । यस्तो यिनीहरुको प्रयासले क्रान्तिकारी शक्तिलाई दमन गर्न हरसम्भव प्रयास गर्दै जाँदा यो एकता प्रतिक्रियावादमा रुपान्तरित हुनेछ । अतः २ वटा

दलले पालैपालो शासन गर्दै निहित स्वार्थमा देश जनताभन्दा यो गठबन्धनका डिजाइनकार विदेशी प्रभुहरुको आशिर्वाद प्राप्तिमा तल्लिन हुने देखिन्छ।

तर, यो गठबन्धन र दुई दलीय अभ्यासले क्रान्तिकारी कम्युनिस्टहरु पनि आफुमाथि आइपर्ने संभावित शोषण दमनको प्रतिकार गर्न र नेपाली जनताको मुक्तिको लागि एकजुट हुन अभिप्रेरित हुने देखिन्छ। परिवर्तनका विरोधीहरु र रुपान्तरित सामन्तहरुलाई परास्त गर्नका लागि आम क्रान्तिकारीहरु एक ठाउँमा आउनै पर्दछ। यसरी क्रान्तिकारीहरु र दक्षिणपथको यात्रामा लागेका बीचको हुने द्वन्द्वमा मालेमावादको झन्डामा गोलवन्द हुन र एकिकृत हुन यो गठबन्धनले घचघच्याएको छ। राष्ट्रघाती काम कारबाहीलाई जनतासमक्ष पुर्‍याउन क्रान्तिकारीहरु जुरमुराउनै पर्छ।

## ६. संसदीय पाटीहरूको गुटगत चलखेल

विभिन्न पार्टी लगायत ठुला भनिएका दल भित्रको आन्तरिक कलहले जनमानसमा राजनीतिप्रति वितृष्णा फैलाई रहेको छ। मूल्य मान्यता आदर्श सिद्धान्त भन्दा यो गुट र त्यो गुटको भजन मण्डली निर्माण हुँदै जाँदा देश विकास र सम्बृद्धिको बहस चर्चा प्रायः न्यून देखिन्छ। यिनै गुटगत स्वार्थले जसरी हुन्छ पैसा बटुल्ने र खर्च गर्ने प्रवृत्तिले भिड जम्मा गर्नको लागि प्रतिस्पर्धा चलेको छ। जसरी हुन्छ पैसा बटुल्ने चुनाब लड्ने, फजुल खर्चले स्थापित हुन खोज्ने प्रवृत्तिले जनताका जल्दाबल्दा समस्या ओझेलमा पर्दै पश्चगमनतर्फ फर्कने नियति बन्दै ३ दलीय सिन्डिकेटले वर्तमानलाई गिज्याइरहेको थियो र छ। अब झन दुई दलीय हस्तक्षेपबाट, भागबन्डाबाट देश चल्ने देखिन्छ। यस्तो गुटगत स्वार्थका कारण पार्टी भित्रका त्यागी र उदार कार्यकताहरु सबैतिरबाट पाखा लाग्दै गर्दा छट्टुहरुको मात्र बोलवाला र हैकम चलिरहने देखिन्छ।

## ७. उपसंहार

इतिहासको वर्तमान क्षण जटिल तथा गम्भीर मोडमा पुगेको छ। देश निर्माण र समाज रुपान्तरणका क्रममा सीमित वर्गले विभिन्न जालझेलबाट रजाइँ चलाई रहेको छ। आफुलाई परिवर्तनका बाहक दावी गर्नेहरुबाट नै विभिन्न बहानामा दिग्भ्रमित बनाइदै छ। अझ त्यसमा पनि आफुलाई कम्युनिस्ट भएको दावी गर्ने सरकारी कम्युनिस्टहरुले अझै भ्रम सिर्जना गर्दै समाजवादी यात्रामा देश गएको र साम्यवादसम्म वर्तमान शासन प्रणालीबाट जान सकिने बकम्फुसे सपनाहरु बाँड्दै जनतालाई बेवकुफ बनाइरहेको पाइन्छ। यस पूर्व जसरी एमाले संसदवादमा भासिँदाको समयमा सर्वहारा वर्गको मुक्तिको गफ छाँट्दथ्यो, ठिक त्यसैगरी माकेले आफु संसदवादको दलदलमा फसिसक्दा पनि सर्वहारा वर्गको मुक्तिको सपना देखाउँदै खासमा क्रान्ति र परिवर्तनप्रति गद्दारी गर्दै दलाल तथा नोकरशाही पुँजीवादलाई मलजल गरिरहेको छ। दलाल पूँजिपति वर्ग, शामन्तवादका अवशेष र साम्राज्यवाद तथा विस्तारवादसँग घुँडा टेक्दै राष्ट्रियताप्रति समेत उदासीन देखिन थालेको यो वर्गले नेपाली जनताले बगाएको रगतलाई चटक्कै बिर्सिएर कसरी अप्राकृतिक रुपमा आय आर्जन गर्ने र सत्तामा टिकिरहने षड्यन्त्रको तानावानामा रमाइरहेको छ। देश सिक्किमीकरणको चंगुलमा फस्दै जाँदा चुँसम्म गर्न नसक्ने कथित कम्युनिस्ट नामधारी पार्टी र घोषित रुपमै दक्षिणपन्थी पार्टीबाट मुक्ति पाउन ठुलो त्यागको आवश्यकता पर्ने देखिन्छ। त्यसको लागि इतिहासको वर्तमान घडीमा देश प्रतिको गद्दारी र राष्ट्रहित विपरीत भएका तमाम काम कारवाहीहरु जनसमक्ष राख्न र शोषित पीडित वर्गलाई पुनः गोलबन्द गर्दै नयाँ जनवादी क्रान्तिदेखि साम्यवादसम्मको यात्राका लागि मार्क्सवाद, लेनिनवाद तथा माओवादलाई मार्गदर्शन मान्दै तदनुरुप जनसंगठन निर्माण तथा प्रशिक्षित गर्न वर्तमानको आवश्यकता हो। यही मार्गदर्शनबाट नेपाली क्रान्तिको उज्ज्वल भविष्य छ भने सर्वहारा वर्गको मुक्तिको लागि यो बाहेक अर्को विकल्प पनि छैन।

संस्मरण

# जनयुद्धको डायरी पल्टाउँदा



— एकराज भण्डारी
(वरिष्ठ अधिवक्ता)

जनयुद्धको मूल नारा 'नयाँ जनवादी राज्यव्यवस्था स्थापना गर्न जनयुद्धमा लामबद्ध होऔं' भन्ने थियो । दश वर्षपछि जनयुद्धको मूल नेतृत्वले शान्ती प्रक्रियाको नाममा संसदीय व्यवस्थाको स्थापना गर्ने समझदारी एवं संझौतामा हस्ताक्षर गरी जनयुद्ध सहितको उक्त नारा अन्त्य गऱ्यो । जनयुद्ध हाँकेको पार्टी विभाजित भएर एकातिर मूल नेतृत्व सहितको एउटा पङ्क्ति संसदीय भासमा रमाउँदै तत्काल जनयुद्ध दबाउनेमा सहभागी कम्युनिस्टको खोल ओढेको संसदीय पार्टीमा विलय हुने प्रकृयामा छ भने अर्को पङ्क्ति नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा क्रान्तिको लागि उठाइएको र जनयुद्धले निरन्तरता दिइरहेको क्रान्तिको झन्डा बोकेर नयाँ जनवादी क्रान्तिमार्फत् अघि बढ्ने उद्घोष गरेका छन् । वैचारिक राजनीतिक ध्रुविकरणको प्रकृया तीब्रतर छ । यसै बीच जनयुद्ध र जनआन्दोलनका मुख्य एजेन्डा लत्याएर विवादित ढंगले घोषणा गरिएको संविधान अनुसारको संसदीय निर्वाचन गरिदैछ । बल, पैसा, पदीय शक्ति बीचको प्रतिस्पर्धामा जितेर देशको नीति निर्माण तहमा पुग्नेहरु अधिकांश विदेशी दलालहरु, डनहरु नै हुनेमा कुनै शंका छैन । यदि कथंकदाचित केही इमान्दार र देशभक्तले जिते भने पनि त्यो संख्या न्यून एवं नीतिनिर्माण तहमा प्रभाव शुन्य हुनेछ ।

दस वर्ष लामो जनयुद्धमा बगेको रगत, पसिना सारा खेर गइरहेको देख्दा विषाद् उत्पन्न हुन्छ र जनयुद्धको डायरी पल्टाउन मन लाग्छ । जनयुद्धका आँधिमय दिनहरुमा निरन्तर दैनिकी लेख्ने गरेको यस पङ्तिकारले लेखेको एक दिनको दैनिकीको पाना यतिखेर पल्टाउँदा जो पढियो, त्यसले मन छोयो । तेह्र वर्ष पहिला जनयुद्धको रापतापको बेला कर्णाली क्षेत्रमा कार्यरत रहँदा जस्तो भेटियो, देखियो, अनुभूति गरियो तत्काल एउटा सामान्य कापीमा उतारिएको कुरा आज सान्दर्भिक लाग्यो । २०६१ सालमा जनयुद्ध रणनैतिक प्रत्याक्रमणको चरणमा थियो । त्यतिखेर यो पङ्क्तिकार ने.क.पा.(माओवादी) को भेरी कर्णाली ब्युरोमा कार्यरत थियो । एकपटक कामकै सिलसिलामा डि फाइभ(D5) अर्थात सुर्खेत जिल्लाको उत्तरपूर्वी गाउँ, काँडाघ्वानीको सल्लेरी पुगियो । जनयुद्धको क्रममा २ जना युवाले सहादत प्राप्त गरेको गाउँ थियो त्यो । सहिद क. अटुट र क. विज्ञान । करिब पाँच दिन रहनु पऱ्यो त्यहाँ । देशको वर्तमान समसामयिक राजनीतिक परिवेशमा डायरीको पानामा उल्लेखित विषयवस्तु सान्दर्भिक लागेकाले त्यसलाई यहाँ जस्ताको त्यस्तै प्रस्तुत गरिएको छ ।

**२०६१ साल कार्तिक २० गते**

*यो डि फाइभ(D5) (सुर्खेत जिल्ला)मा आएको आज ४ दिन भयो । अझै १ दिन त बस्नु नै छ । बिहानको ७ बजेको रेडियो समाचार सुनियो । समाचारमा साधुराम देवकोटा (काठमाडौं जिल्लाका इन्चार्ज, क.प्रशान्त) भोटाहिटीबाट पक्राउ परेको भन्ने खबर रहेछ । चिन्तित बनायो यो समाचारले । काठमाडौंमा त दुश्मनले हाम्रो धेरै क्षति गरेको छ । हुन त त्यो उसको मुटु हो, सम्पूर्ण शक्ति नै काठमाडौं हो । जनयुद्धका मित्रहरु पनि छन् त्यहाँ, तर अधिकांश सबैखालका दलाल, फटाहा र दुश्मन बसेको ठाउँ हो त्यो । त्यसैले पनि केही क्षति त हुने नै भयो । तर यो कुरालाई बुझ्दै अझ उच्च सतर्कता अपनाउनु त पर्छ नै । अपनाउँदा अपनाउँदै पनि क्षति त हुने नै भईहाल्यो । केही अन्तरघातका कुरा पनि बेलाबेलामा आइरहन्छन् । एउटा मात्र कारण नभएर काठमाडौंको क्षतिका विभिन्न कारण*

हुन सक्छन् । युद्धमा हरबखत उच्च सतर्कतामा रहनु महत्वपूर्ण कुरा रहेछ ।

बिहानको खानापछि गाउँमा घुम्ने र सहिद परिवारसँग भेटघाट गर्ने विचार गरें । स्थानीय क. गुराँस जो जनमुक्ति सेनामा हुनुहुन्छ, वहाँलाई भेटें । वहाँ केही दिनको बिदामा घरमा आउनु भएको रहेछ । वहाँका अनुसार यो गाउँमा २ सहिद परिवार रहेछन् - सहिद क. अटुटको परिवार र सहिद क. विज्ञानको परिवार । पहिला म गएँ, सहिद क. अटुटको घरमा । आमालाई देखें टाढैबाट । अनुमान लगाएँ पक्कै पनि उहाँ क.अटुटको आमा हुनुहुन्छ । उहाँ पनि मतिर हेर्दै हुनुहुन्छ ।

"लाल सलाम आमा ! म पार्टीको कार्यकर्ता । मेरो नाम विराज ।"

आमाले पनि "लाल सलाम बाबु !" भन्दै गुन्द्री बिछ्याइदिनु भयो । सञ्चो बिसञ्चोको कुरा गर्‍यौं । क. अटुट अर्थात भुषण जि.सि.की आमा हुनुहुन्छ उहाँ । आमा ६५ वर्ष वरपरकी हुनुहुन्छ । बुवा ७ वर्ष पहिला नजिकैको भिमलको रुखबाट घाँस काट्दा लडेर बित्नुभयो । आमाले आफ्ना सबै कुरा सरसर्ती भन्दै हुनुहुन्छ ।

"आफ्ना ४ छोरा मध्ये जेठो छोरा मबाट छुट्टिएर बसेको छ । पारी पाखामा घर छ उसको । म बुढी साइलो छोरासँग बसेकी छु । माइलो छोरा बिरामी भएर बित्यो । एकदमै साहसी र भरपर्दो छोरो थियो । माइलो पनि बाँचेको भए त्यो त पार्टीमै लाग्थ्यो । केही गरेरै देखाउँथ्यो । जेठोले आफ्नो छोरा पार्टीमा हिँडिहाल्छ कि भन्ने डरले होला कालापार (भारत) काम गर्न पठाउँछ । म के भनुँ ? मेरो कुरा को सुन्ने ? साइँलो छोरालाई परार दुश्मन (शाही सेना र प्रहरी सहितको सुरक्षा फौज) गाउँमै आएर खुब पिट्यो । छोरो गाई गोठाला गएको बेला सरकारी फौजले छोपेर खुब पिट्यो । म त्यही पिट्ने ठाउँमा गएँ । 'ल मलाई पिट' भने, बन्दुकको नाल मेरो घाँटीमा राख्यो र 'बुढीलाई खतम गरिदिऊँ' भन्यो, मैले पनि 'मार मार तेरो हातमा बन्दुक छ' भनेँ । ती मध्येको एउटाले 'बुढीलाई नमार छोड्दे' भन्यो र छोडिदियो । साइँलो छोरालाई थिलोथिलो हुनेगरी पिट्यो । जनयुद्धमा सहिद भएको छोरो कान्छो हो । भुषण जि.सि. हो नाउँ । मेरो कान्छो, मेरो भुषण । तपाईंले भने जस्तै भुषण पनि आफु माओवादी पार्टीको नेता, कार्यकर्ता, सेना, सिपाही सबै हुँ आमा भन्थ्यो । धेरै दुःख गरी क्याम्पससम्म पढाएँ । आएबिए पढेको भन्थ्यो । बाबु कति हो थाहा छैन । पढ्न चाहीँ धेरै पढेको थियो भुषणले । नम्र स्वभावको आफन्तजनसँग । दुश्मनसँग कडा पो थियो बाबु । अन्याय नसहने त्यसको बानी । अन्यायको विरोध गर्न अघि सर्थ्यो त्यो । आफ्नो वर्ग, गाउँ, छिमेक, आफन्त सबैसँग नरम स्वभाव, आँखामा राख्दा नबिझाउने । मेरो लाल । भुषण भन्थ्यो, "जनयुद्धमा मरेर पनि अमर भइन्छ", त्यसबेला यो कुरा बुझेकी थिइन, के भनेको होला ' अमर' भनेको, अहिले बुझें । मरिसक्यो, फेरि पनि ऊ बाँचेको झैं लाग्छ । सबैजना उसैको नाम लिन्छन् । उसले लिएको विचार अमर विचार हो भन्छन् । पार्टी जनता सबैले उसलाई सम्मान गर्छन् । कार्यक्रमहरु गर्दा पनि सबभन्दा पहिला सहिद छोरालाई १ मिनेट भए पनि नसम्झिकन कार्यक्रम नै शुरु हुँदैन । कत्रो सम्मान छ सहिदको । मलाई त्यसैले त गर्व लाग्छ बाबु । मैले जन्माएको छोरो त्यो । सबैले मान्ने । कहिले काहीँ त लाज हुन्छ कि जस्तो लाग्छ । त्यस्तो महान सहिदको म यस्ती झुतुरे आमा हगि बाबु ।"

"ओहो बाबु कुरैकुरामा म बुढी त भुसुक्कै बिर्सें । होस पनि के भयो भयो । बाबुको खानपिन भयो कि भएन ?"

मैले 'भईसकेको' भनेपछि फेरि आमा कुरा झिक्न थालिहाल्नु भयो । बडा दरिलो मनकी आमा हुनुहुँदोरहेछ ।

"छोरा जन्माएर, एउटा छोराले गर्दा म यत्रा जनकी आमा भएकी छु । सबै बाबुहरु मेरो घरमा आउनुहुन्छ । लाल सलाम आमा भन्नुहुन्छ । म पनि लाल सलाम भन्छु । अनि मलाई कसले भन्छ तेरो भुषण छैन भनेर । विचार छँदैछ भुषणको, बुढेसकालमा सहयोग गर्ने धेरै छोरा छँदैछन्, पार्टीको कुम्लो बोकी हिंड्ने सबै छोराछोरीका अनुहारमा मेरै भुषणको अनुहार झलक्क देख्छु । काटीकुटी उही अनुहार देख्छु । बाबु ठ्याक्कै उही ।"

एकचोटी कपाले (मजेत्रो) को छेउले आँसु

पुछ्नु भो, अनि आफै सम्हालिनु भो, फेरि भन्नु सुरु गर्नु भो, "भुषणले भन्ने गर्थ्यो । 'आमा, म नहुँदा पनि घरमा आउने प्रत्येक कार्यकर्ता तपाईंको छोराछोरी हुन् । जस्तो मलाई गर्नुहुन्छ , त्यस्तै व्यवहार गर्नुहोला ।'"

एकक्षण चुप बस्नु भो, बोल्नु भएन । एकाएक दाइने हातको मुठ्ठी उचाल्दै भन्नु भयो, "बाबु ! म बुढी यसै मर्छु भन्ठानेको ? म यसै कहाँ मर्छु र ? मलाई त दुश्मनको रगत खानु छ । म दुश्मनको लागि चण्डी नभएर कहाँ छोड्छु र ? वार्ताको बेला हतियार बिसाएको बेला, मेरो छोरालाई धोका दिएर मारेको हो त्यसले । युद्धको नीति पनि नमान्ने त्यसलाई नाश पार्नुपर्छ । २०५९ भदौ १० गते बिहानै मारेछ त्यसले । बेलुकी त वार्ता भंगको समाचार आयो । वार्ता भन्छ, अनि त्यसैबेला मान्छे मार्छ । त्यो धोकेबाज हो । एक मनले त म ६५ भएकी पनि बिर्सन्छु । २०/२५ की हुँ की जस्तो लाग्छ । अस्ति म पार्टीको जनसैन्य मार्च अभियानमा अर्को पारी गाउँमा गएकी थिएँ । म जस्तै अरु जनका घरमा खाना खाएँ, बसेँ । अत्यन्त राम्रो अनुभूति भयो मलाई । सबैले भन्दै थिए, 'यइथी बड्डी क्यान हिंडेकी लौरी टेकेर, पार्टीमा लाग्दा क्या बर पाइन्छ र हिंडेकी ।' मैले पनि हिड्न सक्ने जति हिंड्नुपर्छ भनें । कोही हाँस्दा कोही अचम्म मान्दा ।"

आमा केही भावुक हुँदै अझ भन्दै जानुभयो, "म बुढी त सकिन बाबु । मेरा जुवाईं हुनुहुन्छ, ज्योतिखर । भुषणको सहादतपछि ज्योतिखरले 'भुषणको रगत मैले गोजीमा राखें सासु, चिन्ता नगर्नुस्' भन्नु भो, त्यसले मलाई धेरै सन्तोष मिलेको छ ।"

अनि मैले सोधें "आमा ! पार्टी प्रति यत्रो विश्वास कसरी गर्नु भो ?"

आमाको भनाई थियो, "मेरो मुटुको झोतो भुषणलाई मैले कसरी विश्वास नगर्ने ? मेरो विश्वास भनेकै मेरो छोरा हो, छोराले लिएको विचार, आस्था र कामप्रति मेरो उत्तिकै विश्वास र आस्था छ । यही हो कुरा ।"

अन्तमा आमाले भन्नु भो, "युद्ध ढल्ने र ढाल्ने कुरा रहेछ बाबु । छोराहरु कैयन ढले होलान् । केही ढलेर अनगिन्ती उठेका छन् पनि, दुश्मन ढाल्नलाई । धेरै छोरा छौ । युद्धमा अगाडि लाग, हामी बुढाखाडा सबै जन पछि पछि लाग्छौं । हाम्रो ताँती देखेरै दुश्मन आत्तिने छ । युद्ध भनेको तितेझार (एक प्रकारको जडीबुटी) रहेछ ज्वरो निको पार्ने । खाउँ भने कडा तितो, नखाउँ त हुँदैन निको । युद्धमा पनि जाउँ भने मरिने डर, नजाउँ भने दुखी दीन जहाँका तहीँ । त्यसैले त बाबु भन्छु युद्ध जितौं, हाम्रा दिन फेरौं । जितको खबर मेरा कानमा परेपछि म मरुँ । यही मेरो अन्तिम इच्छा हो ।"

आमाले थोरै समयमा धेरै कुरा सुनाउनु भो । भावपूर्ण ढंगले युद्धमा हिँडेकालाई अर्ति र साहस भर्ने काम गर्नुभयो । सहिद क. अटुटकी आमा वास्तवमै समग्र हुनुहुँदो रहेछ । म एकदमै उत्साहित भएँ । धन्य आमा ! दुनियाँमा सबभन्दा बलियो चिज विचारयुक्त साहस भरिदिने तपाई जस्ती आमा हुँदाहुँदै हामीलाई पनि अरु पिर छैन । हामी युद्ध अवश्य जित्छौं । आमाको कानमा युद्ध जितेको खबर अवश्य पाछौं । आमा लाल सलाम ! दरिलो मुठ्ठी उचाल्दै म त्यहाँबाट बिदा भएँ ।

म गएँ अर्को सहिद क.विज्ञान अर्थात चन्द्र ब. जि.सि.को घरमा । घरमा सहिद क.विज्ञानका ४६ वर्षिय बुवा नन्द बहादुर र आमा कस्मिरा हुनुहुँदो रहेछ । लाल सलाम गरेँ । एउटा बिहे भै सकेकी छोरी र बिहे भैसकेको कान्छो छोरा रहेछन् । कान्छो छोराको उमेर यस्तै १८ जतिको होला ।

मैले नन्द बहादुरसँग कुरा गरेँ । उहाँले भन्दै जानुभयो, "परार दशैंमा जेठो छोरा चन्द्र (क.विज्ञान) सहादत भएको खबर आयो । अर्घाखाँची कारवाहीमा । घरमा कान्छो छोरा मात्रै छ । उसको पनि बिहे गरिदियौं । हाम्रा त पुर्खाले कसैले पनि राजनीति गरेनन् । हामीलाई पनि केही थाहा नाईं । पार्टीलाई सकेको गरेकै छौं अरु क्या गरौं ? सबै पार्टीमा हिंड्न सकिन्न । यस्तै छ हजुर ।"

नन्द बहादुर र कस्मिरा मास चुट्दै हुनुहुन्छ । लगातार मास चुट्दै गर्दा मैले 'एक चिलिम कक्कड खाउन्जेल बिसाउनुस न' भनेपछि बिसाउनु भो । कस्मिरा अलि खुलेर कुरा गर्नुहुन्छ । यत्तिकैमा कान्छो छोरा पनि बाहिरतिरबाट लुसुक्क आएर गाईबस्तु

*फुकाएर वनतिर लागे। बुहारी घाँस काट्नबाट भर्खर आएर घरभित्र छिरिन्। बुढाबुढी फेरी भट्टा हातमा लिएर धमाधम मास चुट्न थाल्नुभयो। म खलोको छेउमै टुसुक्क बसेर उहाँहरुकै बारेमा सोचिरहें। यो भेरी कर्णाली, उत्पीडित क्षेत्र हरेक परिवारको पिडा उस्तै छ। त्यसमा पनि परिवार गुमाएका सहिद, बेपत्ता तथा घाइते योद्धाका परिवार हरुको अवस्था पिडादायक नै छ। त्यसपछि म विदा भएर सेल्टर तिर लागे। आएपछि बेलुकी सेल्टरमा लामो समयपछि क.मणि थापा र क.प्रदिप देवानसँग भेट भयो। सँगै बास बस्यौं। मणि कमरेडले लेखेको गीत प्रदिप कमरेडले गीतारको धुनमा सुनाउनु भयो। साह्रै मिठो गीत छ।*

*बगेको नदी सुकेको कहाँ छ र ?*
*जनयुद्ध हाम्रो रुकेको कहाँ छ र ?*
*सामन्ती सत्ता टिकेको कहाँ छ र ?*
*माओवादीले लडाईं हारेको कहाँ छ र ?*
*हे..... साइँला दाइ ......*
*हे...हे... साइँली भाउजू।*

*कमरेडसँगको भेट एकदमै खुशी लाग्दो भयो। राती अबेरसम्म कुराकानी गर्‍यौं। सुत्यौं पनि।*

अप्रकाशित रुपमा रहेको त्यो डायरीको यो अंश पढ्दा आज विषयवस्तुले झन गम्भीर बनायो। साधुराम कमरेडलाई सुरक्षाफौजले आफ्नो नियन्त्रणमा लिई हत्या गर्‍यो। उहाँको साह्रै सम्झना आयो। वहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। सहिद क. अटुट र क.विज्ञानको परिवारसँगको भेट साह्रै मार्मिक बन्यो। क. प्रदिप देवानले गाएको गीतको सम्झनाले पनि एकदमै भावुक बनायो। यसमा उल्लेखित विषयमध्ये क. अटुटको आमासँग भएको भेट र कुरा विशेष सान्दर्भिक लाग्यो।

सुर्खेत काँडाघ्वानीकी आमा यतिखेर ८० को छेउछाउमा पुगिसक्नुभयो। आमाका पनाती पुस्ता पनि स्कुल जाने भइसके। छोरा नातिहरु त्यतिखेर कामको खोजीमा इण्डीया जाने गर्थे। यतिखेर मलेशिया र कतारमा छन्। भुषण र भुषणजस्ता हजारौं योद्धाहरु दुखी गरिबका दीन फेर्न हिंड्दा हिंड्दै सहिद भए, बेपत्ता पारिए, अपाङ्ग भए। सहिदकी आमा, तिनका परिवार र नेपाली ग्रामीण वस्तीका अधिकांश आमाहरुका दिनमा खासै कुनै परिवर्तन छैन। तर भुषण र भुषणजस्ता हजारौं योद्धाहरुलाई जनयुद्धमा लामबद्ध हुन प्रेरित गर्ने नेताहरुका दिन भने सुविधायुक्त र विलासितामा फेरिएका छन्।

छोरा भुषणले र त्यतिखेर भेट्न जाने जो कोही नेता कार्यकर्ताले भनेका कुराहरु यतिखेर आमालाई याद आइरहन्छ होला। उनीहरु भन्ने गर्थे कि दरबारमा बस्ने शासकहरुलाई फालेर विभेद एवं उत्पीडनमा परेका अधिकांश जनताको लागि गाउमै वैज्ञानिक कृषि प्रणाली, गाउँमै उत्पादन र वितरण , रोजगारमूलक पढाइ, निशुल्क अस्पताल, गाउँमै बिजुली, पानी, यावत सुविधा। छुवाछुत, उचनिच भेदभाव केही नहुने, स्वच्छ वातावरण अर्थात जनताको गणतान्त्रिक राज्य व्यवस्था ल्याउन शान्तीपूर्ण तरिकाले नहुने भएपछि शासकका विरुद्ध बाध्यतावश सबै जनता लामबद्ध भएर युद्ध गर्नु परेको हो।

यिनै भनाईहरु सुनेर नै आफ्ना दुखी दिन अन्त्यका लागि आमाले जनयुद्धप्रति विश्वास गर्नुभएको हुँदो हो। त्यसैले त उहाँ जनयुद्धको पक्षमा दह्रो भएर उभिनु भयो। जनयुद्ध कसरी गर्ल्याम गुर्लुम पारियो, धैरै आमाहरुलाई पत्तै भएन। युद्धताका जनयुद्धको मूल नेतृत्व बढी समय दिल्ली तिरै बस्यो। उनको हिमचिम र सामिप्यता दिल्लीतिरै भै सकेछ। यो कुरा चाटुकदार नेताको अगाडि कार्यकर्ता र जनताले सुइको सम्म पाएनन्। बरु नेतृत्वको गुणगान गाउनामै दिन व्यतित भए। संसदीय पार्टी मध्येको एउटा पार्टी त २००७ सालमै गरेको दिल्ली संझौताले दिल्लीसँग सबभन्दा नजिक छँदैथियो। २०४६ सालपछि आफुलाई कम्युनिस्ट भन्ने पार्टी पनि त्यही धारमा पस्यो र टनकपुर महाकाली बाट पौडि खेल्दै दिल्लीको सामिप्यतामा पुग्यो। विडम्वना के भयो भने नेपालमा शासक र जनता बीचको लडाइमा मध्यस्थकर्ता दिल्ली हुने कुराको निरन्तरताको अन्त्य हुन सकेन। नेपालको ७ सालदेखिको इतिहासमा नेपाली जनताले छिचोल्न नसकेको विषय पनि यही हो। दिल्लीमा भएको गोप्य

संझौतापछि बाह्र बुँदे समझदारी गरी सार्वजनिक गरियो। वास्तवमा बाह्र बुँदे समझदारी भनेको समझदारीका दुवैपक्षबाट दिल्ली समक्ष नेपालमा संसदीय व्यवस्थाको स्थापना गरी संस्थागत गर्ने लिखित प्रतिबद्धता थियो। यतिखेर भैरहेको संसदीय पार्टीहरु बीचको समिकरण र ध्रुवीकरण पनि त्यसैको निरन्तरता हो। पहिलो संविधान सभाको अन्त्यतिर जनयुद्ध हाँकेको पार्टीभित्र दिल्लीको इशारा बमोजिम पार्टीको मूल नेतृत्व चलेको भनेर क्रान्तिका पक्षधरहरुबाट यी कुरा उठाउन थालियो। अन्तरविरोध चर्कदै गयो। पार्टीभित्र पार्टी भन्नेसम्म अवस्था आयो। परिणामतः संविधान सभा नै अवसानमा पुग्यो। सरकारमा रहेर राष्ट्रघाती सन्धि सम्झौता गरिंदै गए। पार्टीको मूल नेतृत्व पार्टी भित्रका क्रान्तिकारीहरुप्रति खनिन थाल्यो। वैचारिक, राजनीतिक, सांगठनिक बहसको कुनै अर्थ रहेन। जनयुद्ध र जनआन्दोलनको मूल एजेण्डा नेतृत्वले छोड्दै गयो। अन्तत पार्टी विभाजन हुन पुग्यो। दोस्रो संविधान सभा दलाल र डनहरुको वर्चश्व रहेको सभा बन्यो। संविधान गणतान्त्रिक त बन्यो तर संविधानमा संसदीय व्यवस्थाको प्रतिनिधिमूलक संस्थामा बल पैसा र शक्तिको आडमा निर्वाचन जितेर आउने दलाल र डनहरुको वर्चश्व हुने व्यवस्था भयो। सरकार पनि त्यस्तै र अस्थिर हुनेभयो। न्यायालयको ढाँचा पनि पुरानै हुने गरि राखियो। यसरी जनयुद्धको नेतृत्वले दिल्लीलाई रिझाएर संसदीय संविधानमा हस्ताक्षर गऱ्यो। बाह्र बुँदे समझदारीको पहलकर्ताकै निर्देशनमा जनमुक्ति सेना समायोजनका नाममा साविकको शाही सेनामा विलय गराइयो। जनयुद्धका योद्धाहरुलाई लगाइएका मुद्धा फिर्ता लिइएन। वेपत्ता योद्धाहरुको अवस्था सार्वजनिक गरिएन, सहिद र बेपत्ता परिवारको व्यवस्थापन गरिएन, देखावटी रुपमा नाम मात्रका आयोगहरु अपांग बनाइयो। यतिमात्र हैन यहाँसम्म आइपुग्दा जनयुद्ध अपराधिक घटना थियो भन्ने वकालत गर्दै आएको पार्टीमा जनयुद्धको नेतृत्व सहितको संसद भित्रको पङ्क्ति विलयको प्रकृयामा छ। यसरी यतिखेरको नेपालको राजनीतिका बारेमा सहिदकी आमालाई धेरै कुरा थाहा नहुन सक्छ। तर आमा यतिखेर निराश मात्र होइन आक्रोशित पनि हुनुहुन्छ। हजारौं सहिद, बेपत्ता, घाइते, अपाङ्गका परिवारहरु जनयुद्धको नेतृत्वले बीचमैं क्रान्ति छोडेर गलत बाटो हिँडेकाले अझ बढी आक्रोशित हुनुहुन्छ होला। आमाको इच्छा थियो जनयुद्ध जितेको खबर पाएर मर्ने। यो पङ्क्तिकारको प्रतिबद्धता थियो जनयुद्ध जितेको खबर आमासम्म पुऱ्याउने। तर यी दुवै इच्छा र प्रतिबद्धता यथावत छन्। आमा जिवितै हुनुहुन्छ। डायरी लेख्ने पङ्क्तिकार पनि जिवितै छ। जनयुद्ध छैन। जनयुद्धको नेतृत्वले यसलाई शान्तिप्रक्रियाको जालोमा फसाइदियो। जनयुद्धको मूल नेतृत्व पनि क्रान्तीमा छैन। ऊ त आफैले भन्ने गरेको सुङ्गुरको खोर रुपी संसदीय भासमा डुब्यो।

जनयुद्ध र यसको मूल नेतृत्व विचलित भएर के भो त ? विचार यथावत छ। विचारले परिवर्तन खोज्छ। परिवर्तनको लागि संघर्ष एवं क्रान्ति आवश्यक छ। क्रान्ति सत्य हो। सत्य कहिल्यै मर्दैन। क्रान्तिको निरन्तरताको झन्डा बोकेर अघि बढ्ने वैचारिक नेतृत्वको पनि खाँचो हुनै सक्दैन। संघर्ष, क्रान्ति अनि नेतृत्व आवश्यकताका उपज हुन्। संघर्ष अनि क्रान्तिबाटै नयाँ नेतृत्व जन्मने हो। हिजो पनि त्यसरी नै नेतृत्व जन्मेको हो। अब पनि यो प्रक्रिया कसैले रोकेर रोकिँदैन। अगाडि बढिसकेको छ। त्यसैले सहिदको सपना र सहिदकी आमाको इच्छा पूरा हुनेमा यो पङ्क्तिकार ढुक्क छ। आफ्नो प्रतिबद्धताप्रति पनि उत्तिकै दृढ छ।

सहिद र बेपत्ता योद्धाहरुका सपना र आमाहरुका इच्छा अबको क्रान्तिको नेतृत्व गर्ने पार्टीले पूरा गर्नैपर्छ। तत्कालिन जनयुद्धको आह्वान गर्ने र जनयुद्धमा हिँड्न उत्प्रेरित गर्ने नेतृत्वले यतिखेर आएर न त जनयुद्धको म्यान्डेट अनुसारको नयाँ जनवादी व्यवस्थाको स्थापना गर्न सक्यो, न त क्रान्तिलाई निरन्तरता दिन सक्यो। जनयुद्धको मूल नेतृत्व शान्तिप्रक्रियापछि कुनै न कुनै ढंगले सत्तामा छ र आलोपालो गरी सरकारमा छ। तर जनयुद्धमा बेपत्ता पारिएका योद्धाहरुको अवस्था आज बिसौं वर्ष भइसक्दा पनि सार्वजनिक गरिएन।

सहिद तथा बेपत्ता परिवार र घाइते अपाङ्गहरुको पिडाको अनुभूति नै गरिएको देखिएन । बरु बेपत्ता पार्ने कार्यमा संलग्नलाई जनयुद्धको नेतृत्व नै सरकारमा हुँदा भटाभट बढुवा गरियो, पुरस्कृत गरियो । जनयुद्धका योद्धाहरुको टाउकोको मूल्य तोक्ने र केहीको टाउको बुझाएर मूल्य लिनेहरुसँग यतिखेर जनयुद्धको मूल नेतृत्व सहितको पङ्क्ति टाउको सहित सिङ्गो शरीर नै समर्पण गरी सत्ता साझेदारीको नाउँमा लम्पसार परी भागबन्डामा रमाएको छन् ।

यो डायरी लेख्दैगर्दा जनता, कार्यकर्ता, सहिद बेपत्ता योद्धा परिवारले जनयुद्ध र नेतृत्वप्रति दृढविश्वास राख्थे । कुनैबेला यस्तो पनि थियो त्यतिखेरका संसदीय पार्टीहरुले जनतालाई भोज खान बोलाउँदा समेत हम्मेसी गइहाल्ने स्थिति हुन्नथ्यो । तर जनयुद्धमा मर्न तयार हुने गरी आऊ भन्दा पनि मानिसहरु लाम लाग्थे । त्यो भनेको क्रान्ति एवं नेतृत्व प्रतिको विश्वास नै थियो । कार्यकर्ता तथा जनतालाई के थाहा कि जनयुद्धको तत्कालीन नेतृत्व जसका विरुद्ध सुरुङयुद्धको कुरा गऱ्यो आज उसकै अघि गएर लम्पसार पर्ला । के थाहा कि जनयुद्धको एजेन्डा छोडेर संसदीय भासमा डुब्ला । पार्टी, कार्यकर्ता एवं जनतालाई सुइँकोसम्म पनि नदिई यो धोकापूर्ण कार्य गरियो । यो अक्षम्य राजनीतिक अपराध हो, राजनीतिक बेइमानी हो । तिनले कुनै न कुनै दिन इतिहासको कठघरामा उभिएर बयान दिनै पर्नेछ । बाँकी फैसला जनताले गर्नेछन् । “बगेको नदी सुकेको कहाँ छ र ? जनयुद्ध हाम्रो रुकेको कहाँ छ र ?”

राजनीतिक

# विश्व सर्वहारावर्गका लागि उत्सवको वर्ष



— हुकुमबहादुर सिंह

यो वर्ष (इ.स.२०१७)विश्वभरका क्रान्तिकारी कम्युनिस्टहरुका लागि एउटा महान् उत्सवको वर्ष भएको छ, किनभने यो वर्षमा विश्वमा भएका गरिएका क्रान्तिकारी उत्सर्गहरु र तिनबाट विश्व कम्युनिस्ट आन्दोलनमा खासगरी विश्वभरका उत्पीडित जाति तथा वर्गहरुको मुक्तिका लागि महान कार्यहरु भएको एउटा लामो कालखण्ड पार गरेको वर्ष हो । कार्ल मार्क्सको जन्म (५ मे १८१८) को दुइसय वर्ष पुगेको छ। उहाँद्वरा लिखित दास क्यापिटलको पहिलो अंकको (इ.स.१८६७) १५०वर्ष पुगेको छ । महान् अक्टोबर समाजवादी क्रान्ति (७ नोभेम्वर २०१७)को १०० वर्ष पुगेको छ । चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्ति(इ.स.१९६७)को ५० वर्ष पुगेको छ र भारतमा चलेको नक्सलवाडी किसान आन्दोलनको ५० वर्ष पुगेको छ। के यो नै काफी छैन् कि यो वर्ष (इ.स.२०१७)विश्वभरका क्रान्तिकारी कम्युनिस्टहरुका लागि खासगरी नेपाल र भारतका क्रान्तिकारी माओवादीहरुका लागि एउटा महान् उत्सवको वर्ष हो ।

त्यसैले अहिले विश्वभरका माओवादीहरु जसले सर्वहारावर्गीय क्रान्तिको आवश्यकता र सर्वहारावर्गीय राज्यसत्ताको स्थापनाको लागि क्रान्ति गर्ने भनिरहेका छन्, उनीहरुका लागि माथि उल्लेखित सबै प्रकारका उत्सवको औचित्यता सावित हुन्छ। यसै सन्दर्भलाई लिएर २०१६देखि २०१८सम्म भारतभर भाकपा(माओवादी)ले विशेष कार्यक्रमहरु गर्ने निणर्य गरेको जानकारी प्राप्त भएका छन् र उसले भारतको हैदरावादमा भारतमा चलेको नक्सालवाडी किसान आन्दोलनको ५० वर्ष पुगेको अवसरमा एउटा बृहत सेमिनारको आयोजना गरी नक्सलवाडी किसान आन्दोलन सम्बन्धी करीब ५०वोटा ज्यादै महत्वपूर्ण विशेष शीर्षकहरुमा केन्द्रीत भएर कार्यक्रम गरेको थियो । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा खासगरी भारतलगायत नेपालजस्ता माओवादी आन्दोलनले सेटब्याक खाएर दक्षिणपन्थी संसदवादमा पतन भएको सन्दर्भमा नक्सलवाडी किसान आन्दोलनको ऐतिहासिकता र वर्तमानमा त्यसले क्रान्तिकारीहरुका लागि प्रदान गर्ने उर्जाको महत्व कति छ भन्ने त केबल नेपाल र भारतका क्रान्तिकारी माओवादीहरुलाई मात्रै अनुभूति हुन्छ । वर्तमानमा दक्षिणपन्थी संशोधनवादी र संसदवादी व्यवस्थालाई सुदृढ बनाउन लागेका ओली-प्रचण्डपन्थीहरुका लागि अब यो उत्सव मनाउने कुरा एउटा हाँसोको विषय पनि हुन सक्ला । तै पनि विश्वभरका माओवादीका लागि यो उत्सवकै वर्ष हो ।

भारतको नक्सलबाडी आन्दोलनको महत्व र त्यसको ऐतिहासिकतावारे भारतको माओवादी आन्दोलनका एउटा प्रखर साहित्यकार तथा वामपन्थी लेखक बरबर रावले भनेका निम्न प्याराले नक्सलबाडी आन्दोलनको ऐतिहासिकता र वर्तमानमा यसको आवश्यकता र महत्व स्पष्ट पार्न मद्त गर्दछ । जसमा उहाँले भनेको छः "विश्वमा भएका आन्दोलनहरुमा नक्सलबाडी आन्दोलनको इतिहास निकै लामो छ। भारतमा तेलङ्गना आन्दोलन १९४६ देखि १९५१ सम्म चल्न सक्यो । दुइटा जिल्लामा मात्र आन्दोलन सीमित हुनु यसका एउटा कारण थियो । नक्सलबाडी आन्दोलन भने ५० वर्षमा प्रवेश गरेको छ र अहिले पुरै देशमा जनताको शासनसत्ता स्थापित नहोउन्जेलसम्म यो अगाडि बढिरहन्छ। हामीले सरकार बनाउने र राजगर्ने सपना देखेको होइन्, हामी आदिवासी, दलित, शोषित पीडित एवं मध्यमवर्गीय किसानहरुको हक र अधिकारका लागि लडिरहेका छौ ।" यसमा जोड दिंदै उहाँले भन्नु भएको छ-"सारन्डा, जङ्गलमहल,

उत्तरी तेलङ्गना र ओडिसाकोको नारायण पटनामा हामीले जनसरकार गठन गरेका छौ । बितेका १२ वर्षदेखि दण्डकारण्यमा जनताको सरकारले काम गरिरहेको छ । त्यस ठाउँमा १ करोडको आबादी छ र त्यहाँ जनताको पक्षमा पिपुल्स लिबरेसन गुरिल्ला आर्मी गठन गरिएको छ ।" साथै "जनताको सरकार आदिवासी, दलित, साना तथा मझौला किसानहरु सम्मिलित मोर्चा हो र जनता सरकारले त्यहाँ बसोबास गर्ने सबै परिवारलाई बराबर मात्रामा जमिन बाँडफाँड गरेको छ। त्यसैको फलस्वरुप जमिनको बारेमा केही नजान्ने आदिवासीहरु पनि थरीथरीका तरकारी तथा अनाज उत्पादन गरिरहेका छन् । यहाँका किसानहरुले घुम्ती स्कुलहरु, घुम्ती अस्पतालहरु चलाएका छन् । जनताको सरकार सित सम्बद्ध क्रान्तिकारी महिला सङ्गठनसित एक लाखभन्दा बढी सदस्य छन् । सांस्कृतिक टिमका सदस्यहरुको संख्या पनि ठुलो छ । जनता विरोधी गुन्डादलसित लड्न पिपुल्स मिलिसिया गठन गरिएको छ । जनताको सरकार माओका तीन जादुगरी हथियार-पार्टी, सेना र संयुक्त मोर्चाको अवधारणा अनुसार चलेको छ ।" त्यहाँको माओवादी आन्दोलन कसरी चलिरहेको छ भन्ने सावलमा उहाँ भन्नु हुन्छ -"माओवादी आन्दोलनमा अन्य वाम जनवादी घटको सहभागिता हुन्छ । जो मान्छे तथा पार्टीहरु वर्तमान सत्ताबाट टाडा छन् उनीहरुसित मोर्चा बनाउन सकिन्छ, जस्तो हामीले आन्ध्र तथा तेलङ्गानामा बनाएको मोर्चा 'तेलङ्गाना डेमोक्रेटिक फोरम'मा बनाएको मोर्चा मा सिपिआई, सिपिएम, एमएलका विभिन्न समुहसहित आदिवासी, दलित, अल्पसङख्यक समुह तथा तथा विद्यार्थीहरु सम्मिलित १० ओटा समुह संलग्न छन् । "

अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलनवारे उहाँ भन्नु हुन्छ-"अहिलेको विश्वमा कतै पनि समाजवादी मुलुकहरु छैनन् । रुस र चीन साम्राज्यवादी मुलुकमा परिणत भइसकेका छन् । नेपालमा आशा थियो, त्यो पनि समाप्त भयो । त्यो पनि अब नेपाल भारतको उपनिवेश बनेको छ। भारतको अमेरिकासितको साँठगाँठ यहाँका आदिवासी तथा दलितहरुको लागि एकदमै खतरनाक कुरा हो । अमेरिकाको नजर हाम्रो देशको जङ्गल, पहाड तथा यहाँको भूमिमाथि छ, जहाँ प्रशस्त मात्रामा प्राकृतिक सम्पदाहरु छन् । यही प्राकृतिक सम्पदा लुट्न अमेरिकी सरकार मोदी सरकारलाई हतियार र जहाज उपलब्ध गराइरहेको छ, जसद्वरा आकासबाट जङ्गललाई निसाना बनाएर आदिवासीलाई आफ्नो थातथलोबाट भगाउन सकियोस् र त्यो भूभागमाथि कब्जा गरेर मल्टिन्यासनल कम्पनीलाई जमिन उपलब्ध गराउन सकियोस् । यो काम मोदी सरकार "नक्सल सफाय" गर्ने नाममा गरिरहेको छ ।"

अन्तयमा उहाँले जोड दिदै भन्नु हुन्छ- "…..यस्तो अवस्थामा नयाँ जनवादी क्रान्तिको नक्सलवादी आन्दोलनको बाटाबाट मात्र सम्पन्न हुन्छ, सशस्त्र सङ्घर्षबाट सम्भव हुन्छ । आजादको ७१वर्षपछि पनि देशको स्थिति दुर्दशापूर्ण छ । बच्चाहरुका लागि प्रकृतिप्रदत्त अक्सिजन पनि छैन् । गजबको संयोग छ, ७१वर्ष पुग्दा एकैचोटी ७२ बच्चाको अस्पत्तालमा मृत्यु हुन्छ । त्यसैगरी उच्च प्रवृद्धिमा आधारित मल्टिन्यासनल कर्पोरेट कम्पनीहरु श्रमशक्तिमाथि धावा बोलीरहेका छन् । अलिअलि गरेर मजदुरहरुको रोटी खोसिदैछ र यो सबै विकासका नाममा भइरहेको छ ।" वर्तमान मोदी सरकार गौ हत्या, गाइको मासु र देशभक्तिको नाटक गरेर तिनीहरु जनतालाई एक आपसमा लडाउने काम गरिरहेका छन् । ४००० भन्दा बढी मान्छेहरुको हत्या गराउने मान्छे आज कथित लोकतन्त्रको संसदीय व्यवस्थाको प्रधानमन्त्री बनेका छन् । इतिहास साछी छ, इन्दिरा गान्धीको हत्यापछि ३देखि ४ हजार सिखहरुको हत्याको इनामका रुपमा राजिव गान्धीलाई प्रधानमन्त्रीको कुर्सी प्राप्त भएको थियो । त्यो पनि संसदीय लोकतन्त्रको देन थियो । अनि हामी कसरी यस किसिमको लोकतान्त्रिक व्यवस्थाप्रति विश्वास गरौ ।"

बरबर रावका माथि उल्लेखित भनाइहरु अहिले नेपालका संसदवादी दलहरु-नेपाली कांग्रेसको नेतृत्वको 'लोकतान्त्रिक गठबन्धन' र प्रचण्ड-ओली नेतृत्वको 'वामपन्थी गठबन्धन'वारे पनि सत्य हो । यिनीहरु पनि बरबर रावले भनेझै साम्राज्यवादी र भारतीय विस्तारवादी कर्पेरेट घरानाहरुको हातमा

नेपालको जलस्रोत र अन्य बहुमूल्य प्राकृतिक सम्पदाहरु कौडीको मोलमा बेच्दै छन् ।

त्यसैगरी नेपाल र विश्वभरी महान् अक्टोबर समाजवादी क्रान्ति(७ नोभेमवर २०१७)को १०० वर्ष पुगेको उपलक्ष्यमा विभिन्न कार्यक्रमहरु गरिएका छन् । साथै कार्ल मार्क्स, जसलाई ऐगेल्सले"महान् जीवीत दार्शनिक (थिङ्कर)" भनेका थिए, उहाँद्वरा लिखित दास क्यापिटलको पहिलो अंकको (इ.स.१८६७) १५०वर्ष पुगेको उपलक्ष्यमा पनि विश्वभर विभिन्न कार्यक्रमहरु गरिएका छन् । इ.स.१८६७मा स्वयम् मार्क्सद्वरा प्रकाशित दास क्यापिटल, जसलाई नेपालीमा पुँजी भनिन्छ, त्यसको पहिलो अंकले मजदुरहरुमाथि गरिने शोषणको सुक्ष्म स्रोत(अतिरिक्त मूल्यको सिद्धान्त)लाई जनबोलीमा सरल तरिकाले प्रस्तुत गरेको पाइन्छ । वर्तमानमा आफुलाई कम्युनिस्ट भन्नेहरु आफै पद र पैसाको पछाडि दगुररिहेका समयमा उनीहरुले यसको गहराइको मर्मलाई सके बङ्ग्याएर पेश गर्ने नसके बुझ्नै नखोज्ने गरी एउटा सर्वहारावर्गीय पार्टीभित्रै पुँजीपति र सर्वहारा गरी दुई वर्ग जन्माउने काम गरेका छन् । अरबपति र खरवपति कम्युनिस्ट नेताहरुका पछाडि क्रान्ति होइन् आफुपनि कसरी अरबपति र खरवपति कार्यकर्ता बन्न सकिन्छ भन्ने दौडमा छन् । पुँजीका अन्य दुई खण्डहरु-खण्ड दुई इ.स. १८६५ र तेस्रो खण्ड १८९४मा मार्क्सको मृत्युको एक दशक पछि उहाँका अनन्य मित्र र मार्क्सवादी आन्दोलनका महान् हस्ती ऐगेल्सद्वरा मार्क्सका हस्तलिखित पाण्डुलीपीहरुको सम्पादन गरेर प्रकाशित गरिएका थिए ।

जहाँसम्म महान् अक्टोबर समाजवादी क्रान्ति(७ नोभेमवर २०१७)को १०० वर्ष पुगेको प्रश्न हो, त्यो आफैमा यति शसक्त दिन हो, जुन दिनमा लेनिनले बोल्सेभिक पार्टीको नेतृत्वमा मार्क्स र ऐगेल्सले विश्व सर्वहारा वर्गको राज्यसत्ता स्थापना गर्नका लागि विकास गरेको द्वन्द्वात्मक भौतिकवादी विज्ञानलाई रुसमा पहिलो पटक सर्वहारावर्गको अधिनायकत्वद्वरा स्थापीत गर्नु भएको थियो । उहाँले मार्क्सवादलाई बदलिएको आर्थिक, राजनीतिक तथा सामाजिक परिस्थितिमा विकास गर्दै विश्वलाई एउटा नयाँ वाद-लेनिनवाद प्रदान गर्नु भएको छ । यो महान समाजवादी क्रान्तिको युगको सुत्रपात गरिएको दिन पनि थियो । हुनत अहिले महान् अक्टोबर समाजवादी क्रान्ति(७ नोभेमवर २०१७)को उत्सव केबल क्रान्तिकारी कम्युनिस्टहरुले मात्रै गरेका छैनन्, यसलाई नेपाललगायत विश्वभरका दक्षिणपन्थी संशोधनवादी माओवादीहरुले पनि मनाएका छन् तर यी दुवैमा सिद्धान्त, विचार र राजनीतिका हिंसावले काफी भिन्नता छन् । कम्युनिस्टको हसियाँ हथौडारुपी झन्डा उचालेर त्यसैकै विरोधमा लागेकाहरु, जसले जनतालाई भ्रममा राखिरहन अझै पनि आफुलाई मार्क्सवादी लेनिनवादी भनिरहेका छन्, ती सही मानेमा माओले भनेझै पुँजीपति वर्गका मित्रहरु हुन् र तिनीहरुले ढिलो वा चाडो मजदुर वर्गलाई घोषित रुपमै धोका दिएर पुँजीपति वर्गको सेवामा लगाउने निश्चित छ । केही आफुलाई बाम बुद्धिजीवी भन्नेहरुले काठमाण्डौमा यस सम्वन्धी सेमिनार गरेर महान् अक्टोबर समाजवादी क्रान्तिको उत्सव मनाएको भन्दै सारमा लेनिन र स्तालिनको मूलतः स्तालिनको चर्को विरोधमा पेपर प्रस्तुत गरी महान् अक्टोबर समाजवादी क्रान्तिको सारमा विरोध गरेको पाइयो । यी तथाकथित बुद्धिजीवीहरुले रुपमा महान् अक्टोबर समाजवादी क्रान्तिको सफलताको उत्सव भनेता पनि सारमा माथि उल्लेखित कुनै पनि उत्सव मनाएका थिएनन् । उनीहरुले नत कार्ल मार्क्सको जन्मको दुइसय वर्ष पुगेकोवारे कुनै कुरा गरे, न उहाँद्वरा लिखित दास क्यापिटलको महत्व र आवश्यकतावारे गहन बहस नै चलाए । महान् अक्टोबर समाजवादी क्रान्तिको १०० वर्ष पुगेकोमा विश्वका संशोधनवादीहरुको प्रशम्सा र स्तालिनको विरोध मै उनीहरुले समय विताए । स्तालिनको विरोध गरेर सारमा उनीहरुले विश्व साम्राज्यवालाई खुशी बनाउने काम गरे । चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्ति(इ.स.१९६७)को ५० वर्ष पुगेको र भारतमा चलेको नक्सालवाडी किसान आन्दोलनको ५० वर्ष पुगेको कुरा त झन उनीहरुका लागि आफैमा सुन्नै नसकिने थियो । तै पनि विश्वभरका क्रान्तिकारी कम्युनिस्टहरुका लागि

खासगरी नेपालका क्रान्तिकारी माओवादीहरुका लागि माथि उल्लेखित आन्दोलनहरु र सिद्धान्तहरु नेपाली क्रान्ति र विश्व क्रान्तिका लागि एउटा मार्गनिर्देशक विचार र सिद्धान्त रहिरहने छन्। एउटा महान् उत्सवको निरन्तरता भविश्यमा पनि झन बढेर जाने छ।

तै पनि यहाँनेर एक जना चिनियाँ विद्यानले रुसी कम्युनिस्ट पार्टीको बीसौ कांग्रेसका पाठहरु भन्ने शिर्षकमा लेखेको लेखका निम्न भनाइहरु महान् लेनिनको नेतृत्वमा बोल्सेभिकहरुको त्याग र तपस्यामा स्थापित सोभियत संघ विघटन हुनुका पछाडिको विश्लेषण सान्दर्भिक छ। जसमा उनले भनेका छन्-"वितेका केही दशकहरुमा सामाजिक समुहहरु जसले मार्क्सवाद र समाजवादलाई विश्वास गर्दैनन्थे, क्रमस तिनीहरुले ग्रोभाचोभद्वरा ल्याइएको प्रेशट्रोइकाले अगाडि ल्याएको "लोकतान्त्रिकरण" र "खुलापन"लाई स्वागत र सहयोग गर्ने उदारवादी बुद्धिजीवीहरु र क्याडरहरुको मेरुदण्ड(ब्याक बोन) बने। ग्रोभाचोभ आफैले खुश्चेभद्वरा गरिएको स्तालिन माथिको आरोपहरुलाई स्वीकार गरेका थिए। एक जना रसियन विद्वानको भनाइमा-" खुश्चेभले रुसको स्प्रीचुयल पिलरलाई ध्वस्त बनायो, ब्रेजनेभले रातो रंगले त्यसमा आएका चिराहरु र खाल्डा खुल्डीलाई पुर्ने काम गऱ्यो तर तिनलाई पुन मर्मत गर्ने काम गरेन। ग्रोभाचोभ र एल्टसिनले ती चिराहरुमा र खाल्डा खुल्डीहरुमा प्वालहरु पार्ने काम गरे र अन्त्यमा महान् सोभियत संघको विघटनको कारण बन्यो।" साथमा पश्चिमाहरुको यसमा गरिएको मलजलले पनि यो अवस्था ल्याउन मद्त गऱ्यो। नेपालमा पनि नेपालको माओवादी आन्दोलनलाई तहस नहस बनाउन यी चिनियाँ विद्यानले भनेझै सामाजिक समुहहरु जसले मार्क्सवाद र समाजवादलाई विश्वास गर्दैनन् र आफुलाई उदारवादी बुद्धिजीवीहरु र क्याडरहरु भन्ने गर्दछन्, ती र पार्टीभित्रका खुश्चेभ, ब्रेजनेभ, ग्रोभाचोभ र एल्टसिनजस्ताको महत्वपूर्ण भूमिका रहेको स्पष्ट हुन्छ। नेपालको माओवादी आन्दोलनलाई अहिलेको अवस्थामा ल्याउन को कसको कस्तो भूमिका थियो यसलाई इतिहास र भावी पिढीले क्रमशः खोतल्ने काम गर्ने छ।

# युगान्तकारी अक्टोबर क्रान्तिको गौरवमय गाथा



– हस्तबहादुर के.सी.

## विषय प्रवेश

यतिबेला संसारभरका क्रान्तिकारी कम्युनिस्टहरु महान् रुसी अक्टोबर समाजवादी अक्टोबर क्रान्तिको शतवार्षिकी मनाइरहेका छन् । यसको गौरवगाथा गाइरहेका छन् । अक्टोबर क्रान्तिको शतवार्षिकी एउटा उत्सवका रुपमा मनाउनुको अर्थ यसको सफलताको सान्दर्भिकता कायमै छ र त्यो अझै बढिरहेको छ भन्ने सन्देश दिनु हो र त्यसमा लामबद्ध हुन प्रेरित गर्नु हो । अक्टोबर क्रान्ति अर्थात् महान् लेनिनको नेतृत्वमा रुसी कम्युनिस्ट पार्टी बोल्सेभिकको अगुवाइमा मजदुरवर्गले प्रतिक्रियावादी सत्ता कब्जा गरी कम्युनिस्टको विजयको रातो झन्डा फर्फराएको, संसारलाई दमन गर्ने साम्राज्यवाद र सबैखाले प्रतिक्रियावादलाई धुलो चटाएको गौरवशाली दिन र उत्सव हो । मार्क्सवादको सफल प्रयोग भएर लेनिनवादको जग निर्माण भएको महान् उत्सव हो यो । मार्क्सवाद-लेनिनवादको सफल प्रयोग हुनुको सान्दर्भिकता संसारकै उत्पीडित, दमित, श्रमिक वर्गको हातमा सत्ता प्राप्तिको सुखद सन्दर्भ हो ।

रुसमा अक्टोबर सम्पन्न क्रान्ति भएर समाजवाद स्थापना भएको एक सय वर्ष पुगेको छ । पेरिस कम्युन लामो समय (केवल ७२ दिन) सम्म जोगिन नसके पनि महान् लेनिनको अगुवाइमा मजदुर नेतृत्वमा विद्रोहमार्फत रुसमा क्रान्ति सम्पन्न भएपछि त्यसको लहर संसारकै श्रमिक, उत्पीडित र सर्वहारावर्गमा पर्‍यो र समाजवाद स्थापनाको अभियान नै चल्यो । त्यही लहरले संसारको एक तिहाइ भूभागका जनता समाजवाद उपयोग गर्न सक्षम भए । अक्टोबर क्रान्ति लेनिनको नेतृत्वमा मार्क्सवादको सफल प्रयोग थियो र त्यो सहरी विद्रोहको एउटा सफल कार्यदिशा थियो । महान् माओले रुसी मोडेलमा विकास गर्दै नयाँ जनवादी क्रान्तिका माध्यमबाट पनि मार्क्सवाद लेनिनवादको प्रयोग गरी समाजवाद स्थापना गर्न सकिन्छ भन्ने उदाहरण दिँदै चीनलाई मुक्त गर्नु भयो । यसको लहर पनि विश्वव्यापी रुपमा पर्‍यो । श्रमजीवी किसानको नेतृत्वमा माओले चीनलाई मुक्त गराउनुभयो । गाउँले सहरलाई घेर्ने दीर्घकालीन जनयुद्धको नीति अवलम्बन गरेर माओले मार्क्सवाद लेनिनवादको सफल प्रयोग गर्नुभयो । माओको निधनपछि पनि पेरु, नेपाल, भारतलगायत संसारका कयौँ मुलुकमा चिनियाँ मोडेलका क्रान्तिहरु आरम्भ भए । नेपालमा हजारौँको बलिदान, बेपत्ता र अङ्गभङ्गपछि जनयुद्धले सफलताको शिखर चुम्नै लाग्दा क्रान्तिभित्रबाटै दलाल र गद्दारहरु जन्मिए र त्यसलाई स्वाहा पारे, पेरुमा कमरेड गोन्जालोको गिरफ्तारीपछि त्यो मुर्झायो । यद्यपि जनयुद्धको एउटा पंक्ति त्यसको रक्षा र विकासमा गंभीरतासाथ लागि रहेको सुखद पक्ष पनि छ । भारतलगायत मुलुकमा आशालाग्दो तरिकाले जनयुद्ध चलिरहेकै छ । कतिपय कार्यदिशा विकासमा देखिएका समस्या, सामन्तवाद, पुँजीवाद र साम्राज्यवादको बदलिँदो भ्रष्टीकृत स्वरुप र दमन, विचार विकासमा देखिएको जडता आदि सीमा र समस्याका कारण कतिपय जनयुद्ध दुस्मनका जडता आदि सीमा र समस्याका कारण कतिपय जनयुद्ध दुस्मनका कारणले र कतिपय आफ्नै सीमाका कारणले सफल हुन सकिरहेका छैनन् तर पनि संसारभर वर्गसङ्घर्षको दावानल दन्किरहेको छ ।

२५ अक्टोबर विश्व सर्वहारावर्गका लागि एक ऐतिहासिक दिन हो । यसै दिन अर्थात् सन् १९१७ अक्टोबर २५ का दिन महान् रुसी अक्टो बर क्रान्ति सम्पन्न भएको थियो । यस क्रान्तिले विश्वमानव समाजमा पहिलो पटक सर्वहारावर्गको

अधिनायकत्व स्थापना गरेको थियो र पुँजीवादी राज्यव्यवस्थालाई माटोको धुलोमा पुरी दिएको थियो । त्यसैले यो क्रान्ति एक ऐतिहासिक र युगान्तकारी घटना थियो । यस अक्टोबर क्रान्तिले एउटा नयाँ युगको महान समाजवादी क्रान्तिको युगको सूत्रपात गरेको थियो, यसै क्रान्तिको कारण नयाँ संसार निर्माणको थालनी गरेको थियो । जसको अहिले पनि विश्वभरका सर्वहारा श्रमजीवी वर्गले यसको गौरव गाथा गाइरहेका छन् ।

## महान् अक्टोबर क्रान्तिको महत्व

कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सद्वारा विश्वविख्यात कम्युनिस्ट घोषणापत्र जारी भएको ठिक ६९ वर्ष पछि, कम्युनिस्ट अन्तर्राष्ट्रिय गठन भएको ५३ वर्षपछि, पेरिस कम्युन निर्माण भएको ४६ वर्ष पछि कार्ल मार्क्सको निधन भएको ३४ वर्ष पछि र फ्रेडरिक एंगेल्सको मृत्यु भएको ठिक २२ वर्ष पछि महान् रुसी अक्टोबर समाजवादी क्रान्ति महान लेनिनको नेतृत्वमा रुसी बोल्सेभिक कम्युनिस्ट पार्टीले सम्पन्न त्यहाँ पुँजीवादको पुनःस्थापना भएको भए पनि आज १०० वर्ष पुगिसक्दासम्म पनि अक्टोबर क्रान्तिको महत्व समाप्त भएको छैन, झनै बढेर गएको छ, किनभने आजको युग साम्राज्यवाद र विश्व सर्वहारावर्ग बिचको भीषण संघर्षको युग हो । फेरी पनि सर्वहारावर्गले पुँजीवादी राज्यव्यवस्थालाई ध्वंश गरेर माटोमा मिलाई दिनेछ र सर्वहारावर्गको अधिनायकत्व स्थापना गर्ने छ । समाजको गतिको यो वैज्ञानिक नियमलाई विश्वको कुनै पनि ताकतले रोक्न सक्ने वाला छैन ।

यही वर्ष अर्थात् सन् २०१७ अक्टोबर २५ तारिखका दिन महान रुसी अक्टोबर क्रान्ति सम्पन्न भएको १०० वर्ष पुरा हुदै छ। यस ऐतिहासिक अवसरमा विश्वसर्वहारावर्ग र क्रान्तिकारी कम्युनिस्ट पार्टीहरुले यस वर्षको २५ तारिखका दिन अक्टोबर क्रान्तिको सतवार्षिकी धुमधामका साथ मनाउने तयारी गरिरहेका छन् ।

अक्टोबर क्रान्तिको ऐतिहासिक महत्व के मा निहित छ ? यस क्रान्ति कसरी सम्पन्न गरिएको थियो र यसबाट विश्वसर्वहारा वर्गले के शिक्षा लिन जरुरी छ आदि विषयमा यस लेखमा संक्षेपमा चर्चा गर्ने प्रयत्न गरिएको छ ।

जुन समयमा रुसमा पुँजीवादी व्यवस्थाले साम्राज्यवादमा प्रवेश गरिसकेको थियो, त्यही अवस्थामा पुँजीवादी-साम्राज्यवादी व्यवस्थालाई ध्वस्त गरि वैज्ञानिक समाजवादी राज्यव्यवस्था स्थापना गर्ने महान योजना र लक्ष्यका साथ विश्वसर्वहारावर्गका महान् नेता तथा सोभियत कम्युनिस्ट पार्टी (बोल्सेभिक) का नेता भी.आई. लेनिनको नेतृत्वमा मजदुर वर्गको अगुवाइमा र किसानहरुको सहयोगमा २५ अक्टोबर सन् १९१७ मा सम्पन्न गरिएको महान समाजवादी क्रान्तिलाई महान् अक्टोबर क्रान्ति भनिन्छ ।

महान अक्टोबर समाजवादी क्रान्ति सशस्त्र जनविद्रोहका साथ तत्कालिन रुसका दुई राजधानी मस्को र पेत्रोग्रादमध्य एक पेत्रोग्रादमा परम्परागत पात्रो अनुसार २५ अक्टोबर १९१७ र नयाँ पात्रो अनुसार ७ नोभेम्बर १९१७ मा सम्पन्न भएको थियो । सन् १९१८ पछि ७ नोभेम्बरलाई अक्टोबर क्रान्तिको वार्षिक उत्सवलाई औपचारिक राष्ट्रिय दिवस मनाइएको थियो ।

महान् रुसी अक्टोबर समाजवादी क्रान्तिले रुसमा पुँजीवादी व्यवस्थालाई ध्वंश गरि वैज्ञानिक समाजवादी राज्यव्यवस्थाको स्थापना गरेको थियो । यस महान् रुसी अक्टोबर समाजवादी क्रान्तिले विश्वमा नै मानवजातिको इतिहासमा पहिलो पटक पुँजीवादी राज्यव्यवस्थाको अन्त्य गरि सर्वहारावर्गको अधिनायकत्व स्थापना गरेको थियो । अर्थात् यस क्रान्तिले विश्वमा नै पहिलो पटक पुजीवादीवर्गको हातबाट पुँजीवादी व्यवस्था अन्तर्गतको राज्यसत्ता छिनेर श्रमजीवीवर्ग सर्वहारावर्गको हातमा राज्यसत्ता सुम्पेर विश्वमै पहिलो पटक श्रमिजीवी वर्ग, कामगरि खाने वर्ग अर्थात सर्वहारावर्गलाई सोभियत रुसको मालिक वर्गका रुपमा रुपान्तरण गरिदिएको थियो ।

## रूसी समाजवादी क्रान्तिलाई किन अक्टोबर क्रान्ति भनिन्छ ?

अक्टोबर समाजवादी क्रान्ति तत्कालिन रुसी पात्रो अनुसार यो नोभेम्बर महिनामा भएको क्रान्ति

भए पनि यसलाई अक्टोबर क्रान्ति नै भनिन्छ । सन् १९१७ को फेब्रुअरी क्रान्तिले जारशाहीको शासनलाई उन्मुलन गरेर पुँजीवादी लोकतान्त्रिक प्रणालीको स्थापना गरेको थियो । यसलाई बुर्जुवा डेमोक्रेटिक क्रान्ति पनि भनिन्छ । यसले जारशाहीलाई सत्ताच्यूत गरे पनि अस्थायी वा अन्तरिम सरकारका रुपमा स्थापना भएको थियो । यसको प्रमुखमा समाजवादी नेता करेन्स्की सरकारका प्रमुख थिए। त्यस सरकारमा मेन्सेबिकहरु पनि सम्मेलित थिए। मेन्सेविक भनेको रुसको सुधारवादी पार्टी थियो ।

तत्कालिन अवस्थामा पहिलो विश्वयुद्ध चलिरहेको र जनता युद्धको अन्त्य र शान्तिको स्थापना चाहन्थे । तर जनताको यो भावनालाई संबोधन गर्न अस्थायी सरकारले नसके पछि जनआक्रोस बढ्दै गए पछि त्यसै अवस्थामा लेनिनको नेतृत्वमा २५ अक्टोबर १९१७ मा क्रान्ति सम्पन्न भयो र यसलाई वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना गऱ्यो । रुसी क्रान्तिकारी कम्युनिस्ट पार्टी (बोल्सेभिक) को नेतृत्वमा सम्पन्न भएको क्रान्तिलाई अक्टोबर क्रान्ति भनिन्छ । यो क्रान्तिले विश्वमै पहिलो पटक पुँजीवादको अन्त्य र समाजको स्थापनाको पहिलो राजनीतिक घटना हुन पुगेकाले अक्टोबर क्रान्तिलाई महान् युगान्तकारी समाजवादी क्रान्तिको नाम दिइएको हो। र यस क्रान्तिले सर्वहारावर्गलाई पुँजीवादको चिहान खन्ने वर्गको रुपमा स्थापित गरेको पहिलो घटना भएकोले यसलाई विश्वमानव समाजमा एक ऐतिहासिक घटना र एक युगान्तकारी घटनाका रुपमा लिइन्छ ।

यस अघि सन् १७७६ मा उपनिवेशवादका विरुद्धमा अमेरिकामा भएको स्वतन्त्रता संग्रामले उपनिवेशवादी युगको अन्त्यको प्रारम्भ गरेको थियो । त्यस पछि सन् १७८९ मा फ्रान्समा भएको राज्यक्रान्तिले राजतन्त्रको अन्त्य गरी जनताको राज्य स्थापना गर्ने कार्य गरेको थियो भने यो क्रान्ति पछि युगलाई नै परिवर्तन गर्ने र इतिहासलाई उलटफेर गर्ने भएकाले यो महान युगान्तकारी क्रान्तिका रुपमा अक्टोबर क्रान्ति रहेको छ ।

महान रुसी अक्टोबर क्रान्ति सम्पन्न भएको यसै वर्षको अक्टोबर २५ का दिन १०० वर्ष पुरा हुदै छ । यस वर्ष विश्वभरका क्रान्तिकारी कम्युनिस्टहरु र सर्वहारा वर्गले अक्टोबर समाजवादी क्रान्तिको सतवार्षिकी धुमधामका साथ मनाउने तयारी गरिरहेका छन् ।

## अक्टोबर क्रान्ति सम्पन्न गर्न गरिएको तयारी

अक्टोबर क्रान्ति कुनै जादूमयी तरिकाले सम्पन्न गरिएको घटना होइन । कुनै पनि क्रान्ति सम्पन्न गर्नका लागि क्रान्तिकारी कम्युनिस्टहरुलाई लामो तयारीको आवश्यकता पर्दछ । जस्तै :

१) क्रान्तिकारी सिद्धान्तलाई ठोस गर्ने तयारी
२) क्रान्तिकारी पार्टी निर्माणको तयारी ।
३) ठोस कार्यदिशाको निर्माणको तयारी ।
४) निश्चित योजना निर्माणको तयारी ।
५) कार्यान्वयनको कलात्मक तयारी ।
६) सैन्य योजनाको ठोस तयारी ।
७) संयुक्त मोर्चाको निर्माण र परिचालनको तयारी
८) ठोस परिस्थितिको ठोस विश्लेषणको आवश्यकता आदि ।

## क्रान्तिका लागि क्रान्तिकारी विचारको प्रश्न

"अत्यन्त विकसित सिद्धान्तद्वारा निर्देशित पार्टीले मात्र अग्रगामी लडाकूको भूमिका पुरा गर्न सक्छ" भन्नु हुने लेनिनले सर्वप्रथम क्रान्तिका लागि क्रान्तिकारी सिद्धान्तको बारेमा मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने सिलसिलामा मार्क्सवादको दोस्रो चरणमा लेनिनवादको प्रतिपादन गरेर मार्क्सवादको सैद्धान्तिक ज्ञानभण्डारमा थप योगदान पुऱ्याउनु भयो। र क्रान्तिकारी मार्क्सवाद नै समाजवादी क्रान्तिका लागि पथप्रदर्शक सिद्धान्त हुने कुरा सुनिश्चित गर्नु भयो ।

## क्रान्तिकारी पार्टीको निर्माण

क्रान्ति सम्पन्न गर्न क्रान्तिकारी पार्टीको आवश्यक पर्दछ । अक्टोबर क्रान्ति सम्पन्न गर्नका लागि क्रान्तिका लागि सिद्धान्त र क्रान्तिकारी पार्टी आवश्यक पर्दछ भन्नु हुने लेनिनले सन् १९०३ मा

नै तेस्रो महाधिवेशनबाट मार्तोमपन्थिी, मेन्सेविक पन्थीहरुसित सम्बन्ध विच्छेद गरेर नयाँ ढंगको क्रान्तिकारी कम्युनिस्ट पार्टी रुसी कम्युनिस्ट पार्टी (बोल्सेभिक) को निर्माण गरेर अगाडि बढनु भयो । र जुलाई १९१२ मा प्राग पार्टी सम्मेलन सम्पन्न गरियो । प्राग पार्टी सम्मेलनले बोल्सेभिक पार्टीभित्र रहेका मेन्सेविकवादीहरु, अर्थवादीहरु सामाजिक जनवादीहरु लगायतका अवसरवादीहरुलाई निकालेर लेनिनको नेतृत्वमा बोल्सेभिकहरुद्वारा एउटा स्वतन्त्र मार्क्सवादी पार्टीको निर्माण गर्न सफलता मिलेको थियो । यसकै नेतृत्वमा २५ अक्टोबर १९१७ मा महान रुसी अक्टोबर क्रान्ति सम्पन्न भएको थियो । क्रान्तिका लागि क्रान्तिकारी पार्टी आवश्यक पर्दछ भन्ने लेनिनको सैद्धान्तिक मान्यतालाई यसले प्रमाणित गरिदिएको थियो ।

प्राग सम्मेलन (जनवरी १९१२) मा मेन्सेविकहरुलाई पार्टीबाट निस्काशित गरियो र एउटै पार्टीभित्र मेन्सेविकहरुसितको बोल्सेभिकहरुको औपचारिक एकता सदाका लागि खतम भयो । त्यस पछि अगाडि बढेर बोल्सेभिकहरुले औपचारिक रुपले आफुलाई एउटा स्वतन्त्र पार्टी रसियाली सामाजिक-जनवादी मजदुर पार्टी (बोल्सेभिक) मा संगठित पारे । प्राग सम्मेलनले एउटा नयाँ ढंगको पार्टी-मार्क्सवादी-लेनिनवादी पार्टी, बोल्सेभिक पार्टीको सुरुवात गऱ्यो ।

प्राग सम्मेलनमा सर्वहारा पार्टीबाट अवसरवादीहरुलाई, मेन्सेविकहरुलाई, निस्काशित गरे पश्चात यस कार्यले पार्टी र क्रान्तिको तयारीका कामलाई अगाडि बढाउन महत्वपूर्ण र निर्णायक प्रभाव पाऱ्यो । यदि बोल्सेभिकहरुले सर्वहारावर्गको लक्ष्यप्रति मजदुरहरुको लक्ष्यप्रति विश्वासघात गर्नेहरुलाई, मेन्सेविक सम्झौतावादीहरुलाई पार्टीबाट निकालेर नपठाएको भए बोल्सेवक पार्टीले २५ अक्टो बर सन् १९१७ मा सर्वहारावर्गको अधिनायकतन्त्र प्राप्तिका लागि संघर्षमा जनतालाई जागृत पार्न सक्ने थिएन ।

प्राग सम्मेलन नै अक्टोबर क्रान्तिको मुख्य आधार बन्यो । मेन्सेविकहरुलाई विचारधारात्मक र संगठनात्मक दृष्टिबाट खतम पारेपछि र उनिहरुलाई पार्टीबाट निकालेपछि बोल्सेभिकहरुले पार्टीको पुरानो झन्डा रुसी सामाजिक जनवादी मजदुर पार्टीको झन्डालाई कायम राखे ।

१९१२ को शुरमा गोर्कीलाई लेखेको चिठ्ठीमा लेनिनले प्राग सम्मेलनको परिणामबारे भन्नुभएको थियो :

“आखिरमा, विसर्जनवादी फोहरमैला हुँदाहुँदै पनि, हाम्रो पार्टी र त्यसको केन्द्रीय समितिलाई पुनस्थापित गर्नमा सफल भएका छौं । आशा छ, यस कुरामा तपाईंलाई पनि खुशी लाग्नेछ ।” (लेनिन, संकलित रचनाहरु, रसियाली संस्करण, भाग २५, पृष्ठ १९)

प्राग सम्मेलनको महत्वबारे चर्चा गर्नु हुँदै कामरेड स्टालिनने भन्नुभयो :

“यो सम्मेलन हाम्रो पार्टीको इतिहासमा औधी महत्वको थियो, किनभने यसले बोल्शेविक र मेन्शेविकहरुका बीचमा एउटा सीमारेखा कोरिदियो, र मुलुकभरका बोल्शेविक संगठनहरुलाई एउटा संयुक्त बोल्शेविक पार्टीमा एकत्रित पाऱ्यो ।” (सो.सं.क.पा. (बो.) को पन्ध्रौं महाधिवेशनको शब्दशः प्रतिवेदन, रसियाली संस्करण, पृष्ठ ३६१-६३)

मेन्शेविकहरुको निस्काशन र एउटा स्वतन्त्र पार्टीको निर्माणपछि बोल्शेविक पार्टी झन् दरो र बलियो भयो । पार्टीले आफ्ना पङ्क्तिहरुबाट अवसरवादी तत्वहरुलाई निकालेर आफुलाई बलियो पार्छ- यो दोस्रो इन्टरेशनलका सामाजिक-जनवादी पार्टीहरुबाट मूलतः भिन्नै नयाँ खालको पार्टी, बोल्शेविक पार्टीको एउटा सिद्धान्त हो । दोस्रो इन्टरनेशनलका पार्टीहरु आफुलाई मार्क्सवादी पार्टी भन्दथे तर तिनीहरुले वास्तवमा मार्क्सवादका शत्रु, खुल्ला अवसरवादीहरुलाई आफुभित्र राखिछाडेका थिए र उनीहरुलाई दोस्रो इन्टनशेनललाई भ्रष्ट पार्न र बिगार्न छुट दिएका थिए । त्यसको उल्टो, बोल्शेविकहरुले अवसरवादीहरुको विरुद्ध डटेर सङ्घर्ष चलाए, सर्वहारा पार्टीबाट अवसरवादका फोहरमैला बढारेर पठाए र एउटा नयाँ खालको पार्टी, लेनिवादी पार्टी निर्माण गर्नमा सफलता हासिल गरे, र यही पार्टीले पछि गएर सर्वहारावर्गको अधिनायकतन्त्र कायम गऱ्यो ।

सर्वहारा पार्टीका पङ्क्तिहरुमा अवसरवादीहरु रहिरहेका भए, बोल्शेविक पार्टीले फराकिलो राजमार्गमा निस्केर सर्वहारावर्गको नेतृत्व गर्नसक्ने थिएन, यसले सत्ता कब्जा गरेर सर्वहारावर्गको अधिनायकतन्त्र स्थापना गर्न सक्ने थिएन र यसले गृह-युद्धमा विजयी बनेर समाजवादको निर्माण गर्न सक्ने थिएन ।

सन् १९१२ देखि १९१४ सम्म बोल्सेभिकहरुले वैधानिक कामलाई महत्व दियो । खुला कार्यक्रम गऱ्यो । क्रान्तिको नयाँ उत्थानको अवधिमा (१९१२-१४) बोल्शेविक पार्टीले मजदुर आन्दोलनको नेतृत्व गरेर त्यसलाई बोल्शेविक नाराहरु अन्तर्गत नयाँ क्रान्तितर्फ लग्यो । पार्टीले योग्यतापूर्वक गैर-कानुनी कामलाई कानुनी कामसित गाँस्यो । विसर्जनवादीहरु र तिनका मित्र ट्राटस्कीपन्थी र बहिष्कारवादीहरुको प्रतिरोधलाई चकनाचूर पारेर पार्टीले सबै खालको कानुनी आन्दोलनमा नेतृत्व हासिल गऱ्यो, र विद्यमान कानुनी संगठनहरुलाई आफ्नो क्रान्तिकारी कामको आधारमा फेऱ्यो ।

मजदुरवर्गका शत्रुहरु र मजदुर आन्दोलनभित्र तिनका दलालहरुको विरुद्ध सङ्घर्षमा पार्टीले आफ्ना पंक्तिहरुलाई सुदृढ बनायो, र मजदुरवर्गसितको आफ्नो सम्बन्धलाई विस्तृत पाऱ्यो । दूमालाई क्रान्तिकारी प्रचार-आन्दोलनको मञ्चको रुपमा व्यापक ढंगले उपयोग गरेर र आम मजदुर हरुको राम्रो अखबार प्राब्दाको स्थापना गरेर पार्टीले क्रान्तिकारी कार्यकर्ताहरुको एउटा नयाँ पुस्तालाई, प्राब्दापन्थीहरुलाई प्रशिक्षित पाऱ्यो । साम्राज्यवादी युद्धको बेलामा मजदुरहरुको यो अंग अन्तर्राष्ट्रियतावाद र सर्वहारा क्रान्तिको झन्डाप्रति इमानन्दार रह्यो । पछि गएर अक्टोबर १९१७ को क्रान्तिको बेलामा यो अंग बोल्शेविक पार्टीको ढाड बन्यो ।

साम्राज्यवादी युद्ध शुरु हुनअघि पार्टीले क्रान्तिकारी कार्वाहीमा मजदुरवर्गको नेतृत्व गऱ्यो । यी कार्वाहीहरु अग्रणी मुठभेड थिए र साम्राज्यवादी युद्धले गर्दा त्यसमा बाधा पऱ्यो, र तीन वर्षपछि फेरि शुरु भई त्यसले जारशाहीलाई खतम पाऱ्यो । बोल्शेविक पार्टीले सर्वहारा अन्तर्राष्ट्रियतावादको झन्डा फरफराउदै साम्राज्यवादी युद्धको कठिन अवधिमा प्रवेश गऱ्यो ।

'ठोस परिस्थितिको ठोस विश्लेषण मार्क्सवादको आत्मा हो' भन्नु हुने लेनिनले बोल्सेभिक क्रान्तिका लागि सोभियत रुस र अन्तर्राष्ट्रिय परि स्थितिको ठोस विश्लेषण गर्नु भयो । अप्रिल थेसिस मार्फत लेनिनले रुसमा क्रान्ति गर्ने बेला (जनविद्रोह गर्ने) बेला परिपक्व भई सकेको छ, ढिला गर्न हुन्न भन्ने निस्कर्ष निकाल्नु भयो । लेनिनले क्रान्तिका लागि "विद्यमान सरकार देश र जनताको लागि काम गर्नै नसक्ने अवस्थामा पुगेको छ र जनता त्यस सरकारलाई स्वीकार गर्न सक्ने अवस्थामा नभएको परिस्थितिमा पुगेको बेला छ भने क्रान्ति सम्भव छ" भन्ने विश्लेषण गर्नु भयो । र त्यसबेला अस्थाई सरकारले सरकार चलाउनै नसक्ने अवस्थामा पुगेको थियो भने रुसी जनता त्यस सरकारलाई रत्तिभर विश्वास गर्दैनथे जसका कारण बोल्सेभिकहरुलाई विद्रोह संचालित गर्न सजिलो भयो ।

क्रान्तिलाई सम्भव तुल्याउनका लागि तात्कालिक नाराहरु र कार्यक्रमिक योजनाको महत्वपूर्ण भूमिका हुन्छ । तत्कालिन अवस्थामा बोल्सेभिक पार्टीले "शान्ति, जमीन र रोटी" को नारा दियो । उक्त नाराले बोल्सेभिकहरुलाई अक्टो बर क्रान्ति सम्पन्न गर्न कोसेढुङ्गाको काम गऱ्यो ।

## यसरी सुरू गरियो अक्टोबर क्रान्ति

लेनिनको नेतृत्वमा रहेको बोल्शेभिक पार्टीले रुसमा समाजवादी क्रान्ति सम्पन्न गर्नको लागि १५ दिन अगाडि मात्रै सशस्त्र विद्रोहको कार्यान्वयन गर्ने निर्णय गरेको थियो । लेनिन गोप्यरुपमा फिनल्याण्डबाट पेत्रोग्रादमा आइपुग्नु भयो । १९१७ अप्रिल ४ का दिन अप्रिल थेसीस प्रस्तुत गर्नुभयो । १० अक्टोबर १९१७ मा पार्टी केन्द्रीय समितिको ऐतिहासिक बैठक बस्यो, जसमा आगामी केही दिनमा सशस्त्र विद्रोह चलाउने निर्णय भयो ।

रुसमा समाजवादी क्रान्तिको तुलनात्मकरुपले सजिलैसित विजय हासिल हुनमा धेरै कारणहरु थिए । ति मध्ये मुख्य कारण निम्न थिए :

१. जारलाई सत्ताच्यूत गरेपछि आएको बुर्जुवा

सरकार एकदमै कमजोर, असंगठीत र अनुभव हिन थियो र त्यसको कामगर्ने तौरतरिका जारको भन्दा फरक थिएन ।

२. क्रान्तिको नेतृत्व दुइवटा क्रान्तिबाट गुज्रि सकेको र लडाईहरुबाट खारिएको क्रान्तिकारी मजदुरवर्गले गरेको थियो ।

३. मजदुरवर्गले गरिब किसानहरुसँग प्रभावकारी एकता कायम गरेका थिए र बोल्शेभिक पार्टीले जमिनदारहरु विरुद्ध लडेर उनिहरुको समस्या समाधान गर्न सक्दछ भनि प्रमाणित गरेको थियो ।

४. मजदुरवर्गको नेतृत्व राजनीतिक लडाइहरुमा प्रयत्नशील र परीक्षित भएको बोल्शेभिक पार्टीले गरेको थियो ।

५. साम्राज्यवादीहरु आफै युद्धमा फसेका र विभाजित भएका थिए, त्यसरी उनीहरु रुसमाथि हस्तक्षेप गर्न असमर्थ थिए ।

१० अक्टोबरको पार्टीको केन्द्रिय समितिको बैठकमा लेनिनले सशस्त्र संघर्ष सुरु गर्ने प्रस्ताव राख्नुभयो । के.स. का दुईजना सदस्यहरु कामेनेव र जिनोवियवले परिस्थिति तयार नभएको भनेर त्यो प्रस्तावको विरोध गरे । त्यति मात्र होइन, पार्टीले सशस्त्र संघर्षको दुस्साहसपूर्ण कदम उठाउँदैछ भनेर त्यो निर्णयलाई बाहिर लगे र त्यो थाहा पाएर विद्रोहलाई दबाउन तयारी गर्न थाल्यो र त्यसका लागि मोर्चाबाट सेना फिर्ता बोलाएर पठायो, ट्राटस्कीले पेत्रोग्राद सोभियतको कोराउन बैठकमा धाक लगाउँदै विद्रोहको दिन पनि बताइदिए । त्यसपछि पार्टीले तोकिएको दिनभन्दा पहिले नै विद्रोह गर्ने निर्णय गऱ्यो र २५ अक्टोबर (नयाँ ७ नोभेम्बर) मा समाजवादी क्रान्ति सम्पन्न भयो । क्रान्तिलाई दबाउन सल्लाह गर्नका लागि बैठक गर्न थालेको बेलामा घेरा हालेर पुरै मन्त्री मण्डललाई गिरफ्तार गरियो र सत्ता कब्जा गरियो । त्यसरी सशस्त्र विद्रोहको शुरु गरेर बोल्शेभिक पार्टीले अक्टोबर २५ मा अस्थायी बुर्जुवा सरकारलाई सत्ताच्यूत गरेर राज्यसत्ता सोभियतहरुको हातमा आएको घोषणा रुसी जनता सामु गरेका थिए । बोल्शेभिक पार्टीको इतिहासबाट के कुरा स्पष्ट हुन्छ भने यदि पार्टी सशक्त छ र जनसमर्थन प्राप्त छ, त्यसै गरेर समग्र राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति अनुकुल छ भने राज्य सत्ता कब्जा गरेर अगाडि बढनकालागि तत्कालिन परिस्थितिको ठोस विश्लेषण गरेर सशस्त्र संघर्षको स्वरुप तय र किटान गर्न सकिन्छ । तर सत्ता कब्जा गर्ने नीति भएतापनि बोल्शेभिक पार्टीले उपर्युक्त परिस्थिति तयार हुनुभन्दा अगावै शसस्त्र विद्रोहद्वारा सत्ताकब्जा गर्ने घोषणा गरेको थिएन ।

## अक्टोबर क्रान्तिले पारेको प्रभाव

२५ अक्टोबर सन् १९१७ मा सम्पन्न महान् रुसी अक्टोबर क्रान्तिले विश्वभरमै ठुलो प्रभाव मात्रै पारेनकि विश्वमै ठुलो हलचल पैदा गरिदियो । त्यस क्रान्तिले पहिलो पटक सशस्त्र जनविद्रोह (आमजनविद्रोह) मार्फत पुँजी वादी राज्यव्यवस्थालाई ध्वंश गरि त्यस ठाउँमा सर्वहारावर्गको राज्यसत्ता स्थापना हुन पुगेर पहिलो पटक नै सर्वहारावर्गको अधिनायकत्व कायम हुन पुगेकाले विश्वभरका श्रमीक सर्वहारावर्ग ज्यादै उत्साहित हुन पुग्यो ।

महान् रुसी अक्टोबर समाजवादी क्रान्ति उत्पीडित राष्ट्र र जनताका निम्ति आफ्नो मुक्तिको महान अभियानमा एउटा महत्वपूर्ण प्रेरणाको श्रोत बन्न पुग्यो ।

त्यसपछि एसिया, अफ्रिका, युरोप, ल्याटिन अमेरिका लगायत विश्वका कैयन देशहरुमा एक पछि अर्को गर्दै कम्युनिस्ट पार्टीहरु निर्माण हुन पुगे जस्तै जर्मन कम्युनिस्ट पार्टी (१९१८), भारतमा- हिन्दुस्तान कम्युनिस्ट ग्रुप (१७ अक्टोबर १९२० रुसमा), भारतीय कम्युनिस्ट पार्टी (सन् १९२८), भियतनामी कम्युनिस्ट पार्टी (१९२०), मङ्गोलियन कम्युनिस्ट पार्टी (१९२०), चिनियाँ कम्युनिस्ट पार्टी (१९२१), जापनीज कम्युनिस्ट पार्टी (१९२२), फिलिपिन्स कम्युनिस्ट पार्टी (१९२४), इन्डोनेसियन कम्युनिस्ट पार्टी (१९२१), युगोस्लाभ कम्युनिस्ट (१९१९), बुल्गेरियन कम्युनिस्ट पार्टी (१९१९), हङ्गेरियन कम्युनिस्ट पार्टी (१९९८) भए । त्यसैगरी, इटालियन कम्युनिस्ट पार्टी (१९२१), बर्मिज कम्युनिस्ट पार्टी (१९४३), पेरुभियन कम्युनिस्ट पार्टी (१९२८), साउथ सिज कम्युनिस्ट पार्टी (१९२८)- यसलाई १९३० मा

मलाया कम्युनिस्ट पार्टी भनियो । कोरियन वर्कर्स पार्टी (१९२५), इराकी कम्युनिस्ट पार्टी (१९३४), नेपालमा नेपाल कम्युनिस्ट पार्टी वि.सं. २००६ साल वैशाख ९ गते (२२ अप्रिल १९४९ भारतमा) ।

पूर्वी युरोपका २० औं देशहरुमा सोभियत मोडेलको समाजवादको स्थापना गरियो । चीन, उत्तर कोरिया, भियतनाम, कम्बोडिया लगायतका देशहरुमा जनवादी तथा समाजवादी क्रान्तिहरु सम्पन्न भए ।

## क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माणका अनुभवहरू

महान रुसी अक्टोबर समाजवादी क्रान्ति सम्पन्न भएको यही वर्षको २५ अक्टोबरका दिन १०० वर्ष पुरा हुदैछ । यस १०० वर्षको अवधिमा विश्व कम्युनिस्ट आन्दोलन भित्र र विश्व समाजवादी शिविरमा ठुला ठुला उथल पुथलका परिघटनाहरु घट्न पुगे । आज महान अक्टुर समाजवादी क्रान्तिबाट निर्माण भएको समाजवादप्रति प्रतिक्रान्ति भएर पुँजीवादी राज्य व्यवस्था चलिरहेको छ । चीन, भियतनाम लगायतका देशहरुमा पनि प्रतिक्रान्ति भएर पुँजीवादको पुनःस्थापना हुन पुग्यो । यसले गर्दा आज विश्व कम्युनिस्ट आन्दोलनको क्रान्तिकारी धारा र वैज्ञानिक समाजवादी शिविर रक्षात्मक स्थितिमा पुगेका छन् र दक्षिणपन्थि संशोधनवादले विश्व कम्युनिस्ट आन्दोलनमा हैकम चलाइरहेको छ । तर यतिभएर पनि विश्वकम्युनिस्ट आन्दोलनको क्रान्तिकारी धाराले वैचारिक बहसलाई तीव्र तुल्याइरहेको छ ।

यस युगान्तकारी रुसी अक्टोबर समाजवादी क्रान्ति सम्पन्न भएको १०० वर्षको अवधिमा विश्वभरका क्रान्तिकारीहरुले क्रान्तिकारी पार्टी निर्माणमा लेनिनवादमा आधारित रहेर निम्न अनुभवहरु प्राप्त गरिरहेका छन् :

१) क्रान्तिकारी लागि आवश्यक पर्ने क्रान्तिकारी सिद्धान्तको रक्षा, प्रयोग र विकासका सन्दर्भमा

२) क्रान्तिका लागि क्रान्तिकारी पार्टी आवश्यक पर्ने सन्दर्भमा क्रान्तिकारी कम्युनिस्टहरुले दक्षिणपन्थी संशोधनवादका दलदलमा फसेका कम्युनिस्ट नामधारी कम्युनिस्ट पार्टीहरु सित सम्बन्ध विच्छेद गर्दै क्रान्तिकारी कम्युनिस्ट पार्टीहरु निर्माण गर्ने सवालमा प्राप्त अनुभव

३) क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण र परिचालनमा आवश्यक पर्ने जनवादी केन्द्रीयताको सिद्धान्त परिपालनाको सन्दर्भमा जस्तै जुन कम्युनिस्ट पार्टीले यस सिद्धान्तलाई एक पद्धतिगत ढंगले पालना गर्दछ उसले पार्टीलाई पनि क्रान्तिकारी बनाई राख्दछ र क्रान्ति पनि सम्पन्न गर्दछ र प्रतिक्रान्तिलाई पनि रोक्न सक्तछ भन्ने अनुभव

४) क्रान्तिका लागि आवश्यक पर्ने ठोस परि स्थितिको ठोस मूल्याङ्कन गर्ने वैज्ञानिक संश्लेषणको आवश्यकता माथि जोड दिनु पर्ने अनुभव ।

## अक्टोबर क्रान्तिबाट लिनु पर्ने शिक्षा

यद्यपी लेनिनको नेतृत्वमा बोल्सेभिक पार्टीले सोभियत रुसमा महान अक्टोबर क्रान्तिद्वारा निर्माण गरिएको समाजवादमाथि प्रतिक्रान्तिकारीहरुद्वारा प्रतिक्रान्ति भएर त्यहाँ पुनः पुजीवादीको राज्यव्यवस्था स्थापना हुन पुग्यो । त्यसपछि घटनाले विश्वसमाजवादी शिविरमा ठुलो क्षति पुऱ्यायो र पूर्वी युरोप, चीन, भियतनाम, उत्तर कोरिया, कम्बोडिया लगायतका देशमा पनि प्रतिक्रान्ति भए तर पनि आज १०० वर्ष पछि पनि महान् रुसी अक्टोबर समाजवादी क्रान्तिको महत्व र सान्दर्भिकता उत्ति नै प्रेरणाको श्रोतका रुपमा रहेको छ ।

महान लेनिनले नै परिभाषित गर्नु भएको आजको युग साम्राज्यवाद र सर्वहारावर्ग बीचको भीषण संघर्षको युग हो । सर्वहारावर्गले विश्वक्रान्ति सम्पन्न गर्ने काम त बाँकी नै छ । त्यस अघि एशीया, अफ्रिका, युरोप, ल्याटिन अमेरिका लगायत विश्वभरका उत्पीडित राष्ट्र र जनताले आ-आफ्नो देशको विशेषतामा आधारित रहेर मालेमावादको पथप्रदर्शन र मार्ग निर्देशनमा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरुले मुक्ति आन्दोलन तथा क्रान्ति सम्पन्न गर्ने काम पुरै बाँकी छ । यसका लागि अक्टोबर क्रान्तिबाट शिक्षा लिन जरुरी छ ।

नेपाल त झन आजसम्म पनि अर्धसामन्ती

र नवऔपनिवेशिक अवस्थामै छ। यहाँ गरिने नयाँ जनवादी क्रान्ति आम जनविद्रोह र सशस्त्र जनविद्रोह मार्फत पनि गर्न सकिने अवस्था रहेकाले महान् रुसी अक्टोबर क्रान्तिको शिक्षा लिन जरुरी छ नै।

हुन त नेपालमा रसियन मोडेल र चिनीयाँ मोडेल बाहेक अर्को नेपाली विशेषतामा आधारित मोडेल अवलम्बन गरेर महान नेपाली जनवादी क्रान्ति सम्पन्न गर्न सकिन्छ, तैपनि महान रुसी अक्टोबर समाजवादी क्रान्तिको महान शिक्षा ग्रहण गर्ने सवालमा पूर्णरुपमा उदासीन बन्न मिल्दैन। त्यसबाट शिक्षा लिन जरुरी छ।

## उपसंहार

विश्वमानव समाजमा महान् रुसी अक्टोबर समाजवादी क्रान्ति एउटा ऐतिहासिक परिघटना हो। यस क्रान्तिले उत्पीडित राष्ट्र र जनताको मुक्तिको महान् अभियान एउटा उत्प्रेरणाको स्रोत बन्न पुगेको छ।

क्रान्तिका लागि क्रान्तिकारी सिद्धान्त, क्रान्तिकारी पार्टी र क्रान्तिकारी नेतृत्वको कति महत्वपूर्ण भूमिका हुँदोरहेछ भन्ने शिक्षा प्रदान गरेको छ। १०० वर्ष पुगिसक्दा पनि यस महान् अक्टोबर समाजवादी क्रान्तिको महत्व झनै बढेको छ भन्ने कुरालाई पनि दिशानिर्देश गरेको छ। हामी नेपाली क्रान्तिकारी कम्युनिस्टहरुका निम्ति क्रान्तिका हरपाइलामा महान् अक्टोबर समाजवादी क्रान्ति स्मरणयोग्य छ भने जाहेर गरेको छ।

राजनीतिक

# नक्सलवाडी आन्दोलनको पचास वर्ष



— भरत पोखरेल

## १. प्रारम्भ

१९७० को दशकमा विराटनगर महेन्द्र मोरङ कलेजको विद्यार्थी छँदा कलेजका भित्ताहरुमा नारा पढिएको थियो । मेरो नाम तिम्रो नाम, भियतनाम ! भियतनाम !! १९७५ मा केही साथीहरुसँग दार्जिलिङ जाँदा मेची नदी काटेर भारतीय भूमि पानीट्याङ्की पछि आउने नक्सलबाडी क्षेत्रमा प्रवेश गर्नासाथ भित्ताहरुमा वर्गेल्ती नाराहरु देखिन्थे । १९८६ मा साथी कृष्ण सेन इच्छुकसँग एउटा सम्मेलनमा भाग लिन हामी कलकत्ता (हाल कोलकाता) गएका थियौं । कलकत्ता विश्वविद्यालयका पर्खालहरुमा त्यही नारा देख्यौं । आमार बारी, तोमार बारी, नक्सलबारी ! नक्सलबारी !! २०१७ मा नक्सलबारी आन्दोलनको पचास वर्ष पुगेको छ । सामान्यतया संसारमा र विशेष गरि भारतमा नक्सलवादी आन्दोलन सम्बन्धि वृहत समीक्षाहरु भइरहेका छन् । कश्मीरदेखि कन्याकुमारी, अरुणाचलदेखि अहमदावादसम्म अर्थात् भारतभरि अहिले एउटा नारा गुञ्जिरहेको छ । नक्सलबारी जाऔं ! नक्सलबारी जाऔं !! तर हाम्रो देश नेपालमा वृहत कम्युनिस्ट एकताको प्रहसन गरिए पनि नक्सलवादी आन्दोलनको गर्भबाट गति लिएको एमाले र माओवादको नाममा जनयुद्ध लडेको माओवादी पार्टीहरु किन आज नक्सलवादी आन्दोलन बारे बोलिरहेका छैनन ? किनभने उनीहरुलाई वर्तमानले यसरी विचलित बनाएको छ कि विगत बिझाइरहेको छ ।

भारतका कम्युनिस्ट क्रान्तिकारीहरू जसले १९६७ देखि नक्सलवादी आन्दोलनको शुरुवात गरे, एउटा लामो यात्रा पूरा गरिसकेका छन् । यसमा वीरताका सौर्य गाथा छन्, विभाजनका पीडा पोखिएका छन्, क्रान्तिको इतिहास सहिदका रगतले लेखिएका छन् । नक्सलवादी आन्दोलनको एउटा चर्चित गीतले यो कुरालाई प्रष्ट्याउँछ - "साथीहरूको रगतले रंगीएको बाटोमा हामीले हिंडनु पर्ने हुन्छ" । यो आन्दोलनमा हजारौं बहादुरहरूले वीरगति प्राप्त गरिसकेका छन् । पचास वर्षको इतिहासमा पश्चिम बंगालको नक्सलबारी, जलपाईगुडी, डेब्रा गोपीबल्लभपुर, बीरभूम, पुरुलिया अँन्ध्रप्रदेशको श्रीकाकुलम, बीरपुर ऊडिसाको कोरापुट, मलकानगिरि, गन्जाम, बिहारको भोजपुर यस्ता ठाउँहरू हुन् जसको नाम सुन्दा क्रान्तिकारीहरूको हौसला बुलन्द हुन्छन् र प्रतिक्रियावादीहरू डरले लुगलुग काम्न थाल्छन् । अक्टोबर १, १९७० मा चारु मजुमदारले श्रीकाकुलमबाट नक्सलवादी आन्दोलनको सफलताको घोषणा गर्दै भनेका थिए- आज भारतको प्रत्येक कुना बारुदी भएको छ, सशस्त्र विद्रोह श्रीकाकुलममा मात्र सीमित छैन तयार हुनुहोस्, अगाडि बढ्नुहोस्, र एउटा महान क्रान्ति फत्ते गर्नुहोस् । चारु मजुमदारले त्यसबेला भारतका पचास करोड जनताको (जुन अहिले त्यसको दुईगुणाभन्दा बढी छ) मुक्तिका लागि ठुलो संघर्ष गरेपछि क्रान्तिद्वारा स्वतन्त्रता प्राप्त गर्न सकिन्छ । त्यसका लागि जित केही होइन बरु इच्छाशक्ति ठुलो कुरा हो भनेका थिए ।

१९७२ मा चारुको गिरफ्तारी र मृत्युपछि नक्सलवादी आन्दोलनको अन्त्य भनिएको थियो (बनर्जी, १९८०) तर १९८० को दशकमा पिपुल्स वार ग्रुप निर्माण र कोडापल्ली सीतारमैयाको नेतृत्वमा नक्सलवादी आन्दोलन फेरि फस्टायो । सीतारमैयाको गिरफ्तारी पछि फेरि नक्सलवादी आन्दोलन अन्त्यतिर लागेको भनियो तर तेस्रो अवतारका रुपमा पिपुल्स वार ग्रुप र माओइस्ट कम्युनिस्ट सेन्टरको अभ्युदय भयो (विजय र राव, २०१७; डीमेलो, २०१७: ९) । भारतीय कम्युनिस्ट पार्टी (पिपुल्स वार) अथवा सीपीआई (पिपुसल्स वार),

जुन आन्ध्र प्रदेशमा पिपुल्स वार ग्रुप (पीडब्ल्यूजी) को रुपमा राम्ररी परिचित छ र जसको सिद्धान्त नक्सलवादका प्रादुर्भावी नेता चारु मजुमदारको लाइनसँग मिल्छ, यो पार्टी र बिहारको माओइस्ट कम्युनिस्ट सेन्टर (एमसीसी) दुबै पार्टी सेप्टेम्बर २१, २००४ मा एकीकृत भई भारतीय कम्युनिस्ट पार्टी (माओवादी) अथवा सीपीआई (माओइस्ट) भए। सीपीआई (माओइस्ट) का महासचिव क. गणपतिले एउटा अन्तवार्तामा भनेका छन्- "भारतमा मार्क्सवाद-लेनिनवाद–माओवाद सिद्धान्त अंगाल्ने पार्टी र व्यक्तिहरूलाई सीपीआई (माओइस्ट) मा समाहित गर्ने प्रक्रिया निरन्तर जारी रहने छ" (गणपति, २००६: ४१)। यसरी भारतको क्रान्तिकारी कम्युनिस्ट आन्दोलन नक्सलवादको रुपमा व्यष्टिगत र माओवादको रुपमा समष्टिगत आधारमा विश्लेषण गर्ने चलन चलेको छ। कतिपयले यी दुबै पदावलीलाई पर्यायवाचीको रुपमा पनि प्रयोग गरेको पाइन्छ। केहीले नियो नक्सलवादी नै माओवादी बनेका हुन् पनि भन्छन् (मोहन्ती, २०१५)। यसै क्रममा रातो बाटो निर्माण गर्न दक्षिण एशियाका माओवादी पार्टीहरू लागिपरेको उनीहरूको नीतिले पनि देखाएको छ जसलाई उनीहरू रेड करिडोर भन्ने गर्छन्।

## २. नक्सल दिवस

मे २३, १९६७ मा नक्सलबारीका विगुल किसानले सामन्तहरुबाट कब्जा गरेको जमीनमा फसल लाउनका लागि गाउँका किसानहरुलाई भेला गरेर खेत जोतिरहेको वेला जमीन्दारहरुका लठैतहरुसँगको भिडन्तमा एकजना किसानको मृत्यु भयो र किसान विद्रोहको शुरुवात पनि भयो। भोलिपल्ट मे २४, १९६७ मा जंगल संथालको नेतृत्वमा आदिवासी किसानहरु भेला भएर जग्गा नछाडने भनि एउटा ठुलो बरको रुखमुनी छलफल गरिरहेका थिए त्यही वेला पुलिसको एक जत्था जमीन्दारहरुको जमीन फिर्ता गराउन किसानहरुलाई दवाउन नक्सलबारी आएका थिए। उनीहरुले किसानहरुमाथि ज्यादती गर्न थाले पछि जंगल संथालसंगै किसानहरु पुलिसमाथि जाइलागे र एकजना पुलिस इन्सपेक्टर (कतै सबइन्सपेक्टर पनि भनिएको छ) सोनाम वाङदीको घटना स्थलमै मृत्यु भयो र तीनजना पुलिसहरु घाइते भएपछि उनीहरुको भागाभाग भयो। सोनाम संथालको मुक्का र शान्ति मुण्डाको तीर लागेर घाइते भइसकेको थियो अनि भीडको आक्रमण पछि उसको मृत्यु भयो। यो आन्दोलन दवाउन त्यसको भोलिपल्ट मे २५, १९६७ का दिन पुलिसको एउटा ठुलो जमात गाउँ पस्यो। गाउँका पुरुषहरु यो थाहा पाएर भूमिगत भइसकेका थिए। महिलाहरु त्यही बरको रुखमुनि शान्ति मुण्डाको नेतृत्वमा जम्मा भएर बसेका थिए। एउटा पुलिसकर्मीले एकजना गर्भवती महिलाको पेटमा लात्तले हानेर लडायो। ती महिलाको बच्चा भोलिपल्ट खेर गयो र महिलाको पनि केही दिन पछि मृत्यु भयो। महिलाहरु पुलिसमाथि जाइलागे। प्रतिकारमा पुलिसले गोली चलायो ११ जनाको मृत्यु भयो जसमा ९ जना महिला र २ जना बच्चा थिए। शान्ति मुण्डाको पिठ्युँमा पनि १५ महिनाकी छोरी थिई। यो घटना पछि धेरै समयसम्म नक्सल दिवस कुन दिनलाई मान्ने भनेर बहस चल्यो। केहीले पुलिस इन्पेक्टरलाई मारेको वीरताको दिन मे २४ लाई नक्सल दिवस मान्ने भने केहीले ११ जनाको सहादत भएको मे २५ लाई नक्सल दिवस मान्ने भने। हाल यो बहस टुगिंएको छ सबैले मे २५ लाई जुन दिन ११ जनाको सहादत भएको थियो त्यसैलाई मान्ने भनी स्वीकार गरेका छन् र नक्सलवादी आन्दोलनको पचास वर्ष मे २५, २०१७ मनाइयो।

## ३. भारतमा कम्युनिस्ट पार्टीहरूको निर्माण

भारतमा विचारको विवाद ब्रिटिशहरू त्यहाँ रहँदादेखि नै रहिआएको थियो र त्यही समयदेखि कम्युनिस्टहरूको अभ्युदय देखिन्छ, जुन छिमेकी देशहरूमा पनि विस्तार भयो। भारत स्वतन्त्र भएदेखि नै भारतीय कम्युनिस्टहरूमा विचारको विवादमा झन तीब्रता आयो। स्वतन्त्र भारतको शासकहरूलाई हेर्ने दृष्टिकोणमा भारतीय कम्युनिस्टहरूमा आधारभूत भिन्नता देखियो, परिणामस्वरुप १९५० को शुरुतिर महान तेलंगाना सशस्त्र विद्रोह स्थगित भयो।

भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी –

लेनिनवादी) अथवा सीपीआई (एमएल) ले भारतीय शासकवर्गलाई दलाल पुँजीपति (कम्प्राडोर) वर्ग ठान्दछ । दलाल पुँजीपतिवर्ग कम्युनिस्ट अन्तर्राष्ट्रिय (कमीन्टर्नको छैठौं महाधिवेशन) अनुसार त्यस्तो वर्ग हो जसले साम्राज्यवादलाई कच्चा पदार्थ निर्यात र तयारी वस्तु आयात गरेर सहयोग गर्छ । यो यस्तो पुँजीवाद हो जसले आफ्नै देशमा स्वतन्त्र पुँजीको विकासमा अवरोध हाल्दछ र देशमा आफ्नो पकड गुमाउँदै जान्छ । यस्तो देश झण्डै साम्राज्यवादको कठपुतलीको रुपमा परिचित हुन्छ ।

भारतको कम्युनिस्ट आन्दोलनमा एउटा चर्को बहस पनि चल्ने गर्थ्यो । त्यो के थियो भने भारतीय कम्युनिस्ट आन्दोलनको बाटो रसियन मोडेल हुने कि चिनियाँ मोडेल हुने । रसियन मोडेलअनुसार मजदुरहरूलाई संगठित र आन्दोलित गरेर आन्दोलन उठाउनु थियो । यो कार्यक्रम विशेष गरेर सहर केन्द्रीत मानिन्थ्यो किनभने ठुला उद्योगहरू सहरमा केन्द्रीत थिए । चिनियाँ मोडेल अनुसार किसानहरूलाई विद्रोहमा उतार्नु थियो । भारतमा भूमिको वितरण ज्यादै असमान रहेकाले किसान विद्रोह भारतीय कम्युनिस्ट आन्दोलनको मुख्य रणनीति मानियो (घोष, २००९; जोशी, २०१३, २०१४) ।

नक्सलवादको पहिलो चरण जस्तो माओवादी आन्दोलन छैन । सेप्टेम्बर १८, १९६८ मा सिलिगुडी सवडिभिजनका क्रान्तिकारीहरू प्रतिकूल परि स्थितिमा पनि जम्मा भएर भारतमा एउटा नयाँ क्रान्तिकारी पार्टी गठन गर्ने निर्णय गरे (सान्याल, १९८७: ८) ।

कानु सान्यालले कलकत्ताको सहिद मिनार आमसभामा लेनिन शतवार्षिकीको अवसरमा अप्रिल २२, १९६९ मा सीपीआई (एमएल) गठन गर्ने औपचारिक घोषणा गरेका थिए र मे १, १९६७ मा सो पार्टीको औपचारिक रुपमा गठन भयो, जसले भारतीय ग्रामीण इलाकाको चप्पा–चप्पामा जरो गाडिसकेको छ । जाति जनजातिमा यो फैलिइसकेको छ । कतिपय ठाउँ माओवादी सत्ता कायम भएको छ, जहाँ सरकारको कुनै पहुँच नै छैन (सागर, २००६: ३१७८; चक्रवर्ती, २००७) ।

## ४. भारतीय सरकारको कम्युनिस्टहरूप्रतिको दृष्टिकोण

अप्रिल १३, २००६ भारतका प्रधानमंत्री मनमोहन सिंहले त्यहाँका मुख्यमन्त्रीहरूलाई सम्बोधन गर्ने क्रममा भनेका थिए देशमा शोषण, कम ज्यालादर, सामाजिक असमानता, रोजगारीको कमी, साधनहरूका सर्वधारणमा पहुँचको अभाव, अविकसित कृषि प्रणाली, भौगोलिक अलगाव, भूमिसुधारको कमी आदि कारणले गर्दा देशमा नक्सलवादीहरूको विस्तार भइरहेको छ (सिंह, २००६) । फेरि २००८ मा तत्कालीन प्रधानमन्त्री मनमोहन सिंहले माओवादी आन्दोलन (हिंसा) भारतको आन्तरिक सुरक्षामा सबैभन्दा ठुलो खतरा बताएका थिए । नवउदारवादी पंडितहरू जस्तो मनमोहन सिंह वाहिरियाहरूलाई मजदुरहरूको ज्याला बढाउनु हुँदैन, यसले मुद्रास्फिति बढाउँछ भन्छन् । यता भारतीय जनतालाई ज्याला कम भयो भनेर दोहरो कुरा पनि गर्छन् ।

भारतीय गृहमन्त्री शिवराज पाटिलले मार्च १३, २००६ मा संसदमा १४ बुँदे कार्यक्रम ल्याए जसको उद्देश्य माओवादी आन्दोलन नियन्त्रण गर्ने थियो । यो कार्यक्रममा हतियार र हिंसा नत्यागेसम्म माओवादीसँग वार्ता नहुने बताइएको थियो तर वास्तविक कुरा चाहिँ के थियो भने माओवादीले नै २००४ मा आन्ध्रप्रदेशको वार्ता विफल भएपछि हुतिहारा सरकारसँग वार्ता नगर्ने वक्तव्य दिइसकेका थिए । अर्कोतर्फ सरकारले छत्तीसगढमा माओवादी दबाउन सरकार र सेनाको सहयोगमा कुख्यात प्रतिकार समिति सलवा जुडुम गठन गऱ्यो । प्रतिकार समितिमा १०,५०० मानिसहरूलाई जागीर दिइयो र उनीहरूलाई ७,३०० हतियार पनि उपलब्ध गराइयो । यति गर्दा पनि माओवादीको आन्दोलनमा कुनै कमी आएन । उनीहरूले त्यहाँ २० वर्षको अवधिमा १३७ वटा जनस्वास्थ्य चौकी, ६ वटा प्राथमिक विद्यालय, १० वटा रात्रि विद्यालय, २५ वटा शिक्षक आवास कुटी, १० वटा गाउँमा पुस्तकालय स्थापना गरे, ८१ वटा पानीट्याँकी, ४ लाख माछाका भुराहरू किसानहरूलाई वितरण गरे, गाउँ यातायातका लागि बयल गाडाहरूमा जोड

दिए, १० वटा गाउँमा डीजेल पम्प स्थापना गरे, २६८ वटा बस्तुहरू राख्ने ठाउँको निर्माण गरे, ५ वटा चामल मील स्थापना भयो, जंगल संरक्षणका लागि मानिसहरूलाई तालिम दिइयो, सहकारी धान बैंकको स्थापना साथै २२० गाउँमा सहकारी संस्थाको स्थापना गरियो (सुन्दर, २००६: ३१८९–९०; २०१६) । वर्तमान गृहमन्त्री राजनाथ सिंहले १७ मार्च २०१७ मा लोकसभामा जानकारी दिने क्रममा २००९ मा देशको २२३ वटा जिल्लामा प्रभावित कम्युनिस्ट आन्दोलन अहिले घटेको छ मात्र भने ।

तेलांगाना, जहाँ १९७० को अन्त्य र १९८० को शुरुदेखि कम्युनिस्ट आन्दोलनले अग्रगति लियो, त्यहाँका किसान, विद्यार्थी र युवाहरूले आन्दोलनको अगुवाई गरे । यहाँ कम्युनिस्ट विचारको राम्रो अध्ययन र अभ्यास शुरु भयो । माओवाद यहाँ व्यवहारमा उतार्न थालियो । यस्तो समय बितेपछि परिस्थितिले मानिसहरूलाई हतियार बोक्न बाध्य बनायो । करीमनगरको धरमपुरमा पहिलोपल्ट माओवादीहरूले १९८५ मा पुलिस पोस्टमा आक्रमण गरे । त्यसपछि त माओवादी आक्रमणको सिलसिला नै शुरु भयो । १९९० सम्म आइपुग्दा सरकार हाबुकाबु भएर केन्द्रीय तहमा नै माओवादी नियन्त्रण र विशेष गरी आन्ध्रप्रदेशमा ग्रे हउण्ड टास्कफोर्स पठायो जसले थुप्रै निरापराध निर्दोष व्यक्तिहरूको माओवादीका नाममा हत्या गऱ्यो (बालगोपाल, २००६: ३१८३–८५; भट्टाचार्य, २०१६) ।

## ५. विचार र राजनीति

भारतमा रहेका थुप्रै कम्युनिस्ट पार्टीहरूको आ-आफ्नै किसिमका रणनीति र कार्यनीति रहेका छन् । भारतीय कम्युनिस्ट पार्टी (माओवादी) ले मार्क्सवाद–लेनिनवाद–माओवादलाई आफ्नो निर्देशित सिद्धान्त बनाएको छ र भारतमा समाजवाद ल्याउनुभन्दा पहिला नयाँ जनवादी क्रान्ति गर्न प्रतिबद्ध छ । भारतमा माओवादी क्रान्तिको स्वरुप सशस्त्र नै हुन्छ र यसको गुरुत्वाकषर्णको केन्द्र ग्रामीण इलाका हुनेछन् भने सहरिया विद्रोह पुरक हुनेछ । सशस्त्र जनयुद्धबाट सत्ता कब्जा गर्ने पार्टीको केन्द्रीय प्रमुख कार्य हुनेछ । क्रान्ति साम्राज्यवाद, सामन्तवाद, र दलाल पुँजीवादको विरुद्ध लक्षित रहने छ । पार्टीले राष्ट्रहरूलाई उनीहरूको स्वायत्तता र आत्म-अधिकारका लागि हुने संघर्षको समर्थन गर्ने छ, जातपात, छुवाछुतको अन्त्य हुनुपर्छ र क्रान्तिमा महिलाहरूको अहम भूमिकाका लागि पहलकदमी गरिने छ (गुप्ता, २००६: ३१७३; शाह र जैन, २०१७) ।

अहिले भारतमा माओवादी आन्दोलन देशको १६५ जिल्ला र १३ वटा राज्यमा सरकारी तथ्यांकअनुसार विस्तार भइसकेको छ । तर भारतीय माओवादीहरू यो तथ्यांक १९ राज्यका २२३ जिल्लाहरुमा रहेको दावी गर्छन् । माओवादी आन्दोलनको विस्तार पूर्वमा असम-त्रिपुरादेखि पश्चिममा गुजरातसम्म, उत्तरमा पंजाबदेखि दक्षिणमा केरलसम्म माओवादी आन्दोलनको विस्तार भएको बताइएको छ । माओवादी आन्दोलनको सघन विस्तार बिहार, झारखण्ड, पश्चिम बंगाल, उत्तरप्रदेश, ऊडिसा, छत्तीसगढ, आन्द्रप्रदेश, महाराष्ट्र आदिमा रहेको देखिन्छ (नवलखा, २०१४; बोरुह, २००८) । त्यसैले भारतका शासक नेताहरुले माओवादी समस्या भारतको वर्तमानको एकमात्र सबैभन्दा ठुलो आन्तरिक सुरक्षाको समस्या हो भन्ने गरेका छन् । त्यसो हो भने माओवादी आन्दोलनबारे भारतमा के अवधारणा रहेको छ त ?

१. माओवादी (पहिला नक्सलवादी) आन्दोलन पूर्व संगठित आन्दोलन हो ।

२. यो विचारधाराबाट प्रतिबद्ध छ, जुन पहिला चिनियाँ अवधारणामा आयो र भारतीय स्वरुप ग्रहण गऱ्यो ।

३. भारतीय माओवादी आन्दोलनमा सैद्धान्तिक विवादहरू पनि धेरै चलेका छन् र यसमा थुप्रै विभाजनहरू पनि देखिएका छन् ।

अहिले भारतमा कतिवटा नक्सलवादी (माओवादी) पार्टीहरू अस्तित्वमा रहेका छन्

यकिनसाथ भन्न गाह्रो छ जुन भारतमा क्रान्तिको नीति र कार्यनीतिबारे व्यापक छलफल र विवादमा जुटिरहेका छन् तर तिनीहरूका रणनीति र कार्यनीतिमा निकै भिन्नता छन् (भाटिया, २००६: ३१७९; गोमेज, २०१५)। त्यसैले माओवादी पार्टीमा संगठनात्मक शक्तिभन्दा पनि सैद्धान्तिक छलफलमा व्यापक विवादहरू हुने गरेका छन्। सीपीआई (एमएल) मई १, १९६९ मा गठन भएदेखि यसलाई तीन चरणमा विश्लेषण गरेर हेर्न सकिन्छ। पहिलो चरण भारतमा आपतकालको समयलाई लिन सकिन्छ सो अवधि १९६७ देखि १९७७ सम्म मानिएको छ। त्यसबेला भारतका २७ वटा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरू प्रतिबन्धित गरिए र कम्युनिस्ट कार्यकर्ताका नाममा ४०,००० मानिसहरू जेलमा थुनिए। दोश्रो चरण आपदकालपछि र भूमण्डलीकरणको समयलाई विशेष रुपमा लिन सकिन्छ। आपतकालपछि जनता सरकारका पालामा जेलबाट निस्केपछि फेरि नक्सलवादी संगठनमा सक्रियता बढ्यो। त्यही बेला सीपीआई (एमएल)-लिवरेशन, जसको नेतृत्व एस.एन. सिन्हाले गरेका थिए र जसको पकड मध्य बिहारमा राम्रो थियो, यो समुहले चारु मजुमदारको लाइन छाडेर जनसंगठन परिचालनमा लाग्यो र पछि यसको नेतृत्व विनोद मिश्राले गरेर र चुनावमा भाग लिन थाले (मोहन्ती, २००६: ३१६३–६४)। यो चरण १९७८ देखि २००३ सम्म मानिन्छ जुन समय जनसंगठन र जनसंघर्ष बनिरहे चलिरहे र तेस्रो चरण २००४ देखि चलिरहेको छ। यो समयमा भारतमा २००४ देखि २०१७ सम्म ७००० भन्दा बढी मानिसहरुको ज्यान गएको छ। भारतमा नक्सलवादी आन्दोलनको एउटा सिद्धान्त वर्गशत्रुको सफाया अभियान, भारतभरिमा एकैपल्ट क्रान्ति गर्ने जुन नीति थियो, त्यसबारे भारतका वर्तमान माओवादी पार्टीहरूले छापामार युद्धबाट शत्रुहरूको किल्लाहरूमा आक्रमण गर्ने, भारतका ग्रामीण आन्दोलनले सहरलाई घेराबन्दी गर्ने नीति लिएका छन्। जसरी औलो उन्मुलन गर्न भारतमा लाखौं टन डीडीटी छरियो तर अहिलेसम्म लामखुट्टे निर्मुल हुन सकेको छैन, त्यसैगरी जति बढी दमन भए पनि माओवादीहरू दमन हुनेवाला छैनन् भनेर भारतीय माओवादीहरू भन्ने गर्छन्।

## ६. नक्सलवादी आन्दोलनका प्रारम्भिक पात्रहरू

### ६.१ चारू मजुमदार

चारु मजुमदार सिलिगुडीको एउटा धनी परिवारमा १९१८ मा जन्मेका थिए। उनी स्वतन्त्र सेनानीका छोरा थिए। उनी अल बंगाल स्टुडेण्ड एसोसिएसनमा संलग्न थिए जुन अनुशीलन समुहसँग आवद्ध थियो। १९३७–३८ मा चारुले कलेजको पढाइ छाडेर भारतीय कांग्रेसमा काम गर्न थाले जहाँ उनको जिम्मेवारी बीडी मजदुरहरुमा संगठन निर्माण गर्नु थियो। केही समय पछि कांग्रेस छाडेर उनी सीपीआईमा गए र जलपाइगुडी किसानमा काम गर्न थाले। १९४२ मा उनले जलपाइगुडी सीपीआई जिल्ला कमिटीको सदस्यता पाए। १९४६ मा उनले तेभागा आन्दोलनमा सक्रियता पूर्वक भाग लिएका थिए। यतिवेला सम्म उनको काममा निख्खरता आइसकेको थियो। त्यसपछि उनी दार्जिलिङ चियावगानका मजदुरहरुमा काम गर्न थाले। दोस्रो विश्व युद्धपछि १९४८ मा सीपीआईमा प्रतिबन्ध लाग्यो र उनी ३ वर्ष जेल परे। जेलबँट रिहा भएपछि फेरि उनी पार्टीको काममा सक्रिय भए। यसै क्रममा १९५४ मा उनी सहयात्री लिला सेनगुप्तासँग वैवाहिक बन्धनमा बाँधिए अनि कर्मक्षेत्र सिलिगुडी छाने। चारु र लिलाका तीन सन्तान छन् जेठी छोरी अनिता जो पेशाले डाक्टर हुन वैवाहिक पारपाचुके पछि एकल महिलाका रुपमा सिलिगुडीमा बसेकी छन्, माहिली छोरी मधुमिता सिलिगुडीको स्कुल शिक्षिका हुन विधवा छिन र छोरा अभिजित सिलिगुडी कलेजमा अंग्रेजी प्राध्यापान गर्छन्, एकल छन् र राजनीतिमा तीनै जना छोरीछोरा बाबुको विरासन धानीरहेका छन्।

चारुले सीपीआईको १९५६ को पालघाट महाधिवेशनमा महान बहसको थालनी गरे । १९६२ मा भारत चीन युद्धको वेला उनी फेरि जेल परे । सीपीआई १९६४ मा विचारमा विवादका कारण विभाजित भयो र चारुले सीपीआईएम रोजे तर पछि सीपीआईएम सशस्त्र विद्रोह छाडेर चुनावमा जाने भएकाले क्रान्तिलाई धोखा भयो भनेर उनले सीपीआइएम पनि छाडे । १९६४–६५ मा चारुको स्वास्थ्य प्रतिकुल चलिरहेको थियो । उनलाई दुई पटक हृदयघात भइसकेको थियो । १९६५ मा उनले कलकत्ताको चित्तरंजन मेडिकल कलेजमा लामो समय मुटुको उपचारमा बस्नु परेको थियो । जेल, अस्पताल, र ग्रामीण इलाकामा काम र अध्ययनले उनको राजनीतिमा निखारता आयो । सीपीआईएमले १९६७ मा पश्चिम बंगालमा कांग्रेससँग मिलेर संयुक्त सरकार बनायो । चारुले ४९ वर्षको उमेरमा भारतीय जनतासँग धोखा भयो भनेर विद्रोह गरे अनि त्यसै वर्षको मे २५ मा उनले नक्सलबाडी आन्दोलनको नेतृत्व गरे जुन नक्सलवादी आन्दोलनका नामले विश्वमा पचास वर्षदेखि चर्चा भइरहेको छ। यो आन्दोलन पछि तमिलनाडु, केरला, उत्तरप्रदेश, विहार, कर्नाटक, उडिसा, र पश्चिम बंगालका कम्युनिस्टहरुले सीपीआईएमबँट विभाजित भएर अल इंडिया कोअरडिनेसन कमिटी अफ रिभोल्युसनरिज (एआइसीसीआर) नोभेम्बर १२–१३, १९६७ मा गठन गरे । पछि यसको नाम संशोधन गरेर अल इंडिया कोअरडिनेसन कमिटी अफ कम्युनिस्ट रिभोल्युसनरिज राखियो जुन सीपीआई (एमएल) को रुपमा अप्रिल २, १९६९ मा पारित भयो जसको संस्थापक महासचिव चारु मजुमदार निर्वाचित भएका थिए । १९७१ मा भारत पाकिस्तानको युद्ध भयो । बंगलादेश कारण रहेकाले चारु भूमिगत भए। १९७२ मा चारु भारतका सर्वाधिक खोजिका व्यक्ति रहे। चारु कलकत्तामा जुलाई १६, १९७२ मा गिरफ्तार भए । कलकत्ताको लालबजार पुलिस थानाको हाकिम सामन्ता थियो जसले यो काममा जिम्मा गुप्तचर देवी बसुलाई दिएको थियो । गिरफ्तार भएको १२ दिन उनलाई अत्यधिक यातना दिइयो। कसैलाई भेटन समेत दिइएन । जुलाई २८, १९७२ का दिन उनको पुलिस हिरासतमा अत्यधिक यातनाकासाथ हत्या भयो । चारु मजुमदार नक्सलवादी आन्दोलनका प्रमुख विचारक थिए जसले माओको विचारलाई भारतको सन्दर्भमा रुपान्तरित गरेर ऐतिहासिक आठ दस्तावेज तयार गरे जुन नक्सलवादी आन्दोलनको मुख्य कार्यदिशा र दर्शन बन्यो ।

## ६.२ कानु सान्याल

पत्रकार बाप्पादित्य पौलले २००७ देखि २०१० सम्म कानु सान्यालसँग १२१ पटक अन्तर्वार्ता लिएका थिए । यही अन्तर्वार्ताको आधारमा उनले एउटा पुस्तक पनि लेखे द फस्ट नक्सलः एन अथोराइज्ड बाओग्राफी अफ कानु सान्याल । कानु (कृष्णकुमार) सान्यालको जन्म १९२९ मा भएको थियो । उनी नक्सलवादी आन्दोलनका सबैभन्दा शक्तिशाली संगठन कर्ता थिए । १९४३ मा भारतको बंगाल क्षेत्रमा ठुलो अनिकाल परेको थियो जसले दार्जिलिङ क्षेत्रलाई पनि गाँज्यो । सान्याल यो अनिकालबाट ज्यादै सोचनीय अवस्थामा पुगे । पढाइको बेला चलिरहेको थियो तर उनको मन जनताहरु अनिकालबाट आहात भएको सहन गरिरहेको थिएन। सान्यालको मन पढाइबाट बरालिन थाल्यो परिणाम स्वरुप १९४८ मा आईएस्सी परीक्षामा सामेल भएका उनी केमेस्ट्री विषयमा फेल पनि भए ।

सान्याल पहिला कांग्रेसतिर आकर्षित थिए । १९४८ मा भारतमा कम्युनिस्ट पार्टी प्रतिबन्ध भएपछि स्वतन्त्र भारतको यस्तो हविगत देख्दा उनको कांग्रेस प्रतिको आकर्षण रहेन र उनको वामपन्थ यात्रा सीपीआई, सीपीएम देखि सीपीआई (एमएल) सम्म भयो । पछिका दिन त उनले १९८५ मा ६ वटा नक्सलवादी संगठन मिलेर सीओआई (एमएल) सम्म गठन गरे र त्यसको महासचिव पनि भए । २००९ मा सीपीआई (एमएल–कानु सान्याल) गठन गरे । सान्यालले जीवनभर नक्सलबारी क्षेत्र छाडेनन ।

खुन्दन मल्लिक, कानु सान्याल, दीपक विश्वास, र सौरेन बसु चीन गएर माओसँग भेटेका

थिए। यो गुरिल्ला टोली नेपाल तिब्बत भएर २० दिनमा पेकिङ (हाल बेजिङ) सेप्टेम्बर ३०, १९६७ मा पुगेको थियो। उनीहरुले माओलाई अक्टोबर २ मा माओकै कार्यालयमा भेटेका थिए। माओले मल्लिकलाई देखेर वहाँ त चाइनिज जस्तो देखिनु हुँदो रहेछ, चिनियाँ जनमुक्ति सेनाको मान्छे जस्तो पो लाग्यो भनेर हाँसो पनि गरेछन। चारुलाई दिने पत्र चाहिं माओले दीपक विश्वासलाई सुम्पेका थिए। त्यसवेला चारु र कानुमा एउटा राजनीतिक भिन्नता थियो। चारु सशस्त्र क्रान्तिको पक्षमा थिए भने कानु व्यक्ति हत्याको विरोधमा तर पछि कानुले पनि चारुको लाइन समाते। चीन गएको टोलीलाई त्यहाँ तीन महिना सशस्त्र तालिम पनि दिइएको थियो। चीनबाट फर्कने बेलामा त्यो टोलीलाई सोनाम वाङदीको हत्या अभियोगमा गिरफ्तार गरियो। सान्याल पटकपटक गरि धेरै पटक लामो समय जेल परेका थिए। पहिला १९६४ देखि १९६६ सम्म पछि भारत पाकिस्तान युद्धको, भारतमा आपतकाल लागेको वेला कानुलाई १९६८ शुरुदेखि १९७७ सम्म जेल राखियो। उनको मृत्युबारे पनि विवाद छ। हातीगिसा उनको कार्यालय थियो सेफतुलाजोते उनको घर। हातीगिसा दुई कोठाको कच्ची घर थियो जहाँ सामान्य ओछ्यान र ओढने पनि थिए भने भित्तामा मार्क्स, एगेल्स, लेनिन, स्तालिन र माओका फोटो लहरै झुण्याइएका थिए। मार्च २३, २०१० मा कानु सान्यालले आफ्नै निवास वा कार्यालय सेफतुलाजोते वा हातीगिसा सिलिगुडी नजिक झुण्डिएर आत्महत्या गरे। यो मृत्युलाई सान्यालका सहयोगी अजिजुल हकले भारतमा नक्सलवादीका नाममा मारिनेहरुको विरुद्धको प्रतीक नै कानु सान्यालको आत्महत्या हो भनेका थिए।

## ६.३ जंगल संथाल

जंगल संथालको जन्म बारे उल्लेख पाइन्न। जंगल सन्थालका बाबु कान्ना किस्कु कमलपुर चिया वगानका मजदुर थिए। कान्ना किस्कुको मृत्यु पछि सन्थालकी आमा तीन छोरा र एक छोरी लिएर नक्सलबारी बसाइ सरिन। जंगल सन्थाल दुर्लाभ मोहम्मद कहाँ हलीको रुपमा काम गर्न थाले। त्यही समय चुन्नीलाल ग्वालाको सम्पर्कले उनी कम्युनिस्ट आन्दोलनमा सरिक भए। चुन्नीलाल ग्वाला नै जंगल सन्थालका राजनीतिक गुरु थिए। पहिला उनले किसानसभाको सदस्यता लिए। तेभागा आन्दोलनमा कानु सान्यालसँगै पिटाइ खाए पछि उनमा जुझारुपनि बढेर आयो। १९५३ मा उनी कम्युनिस्ट पार्टीको सदस्य भए। अदम्य साहस, समर्पण, लौह अनुशासन, अति मिहिनती र गरिबहरु प्रतिको सहानुभूति उनका चारित्रिक गुण थिए। सामन्तहरु उनलाई निर्दयी, दानवी र हत्यारा ठान्थे। उनी तराईको किसान आन्दोलनमा सक्रिय रहे। चिया वगान मजदुरमा पनि उनको ठुलो योगदान थियो। दार्जिलिङको १९५५ को चिया वगान हडतालको उनले नेतृत्व गरेका थिए। १९५९ मा संथाल वेनामी जग्गा कब्जा आन्दोलनमा लागे। उनले हस्ताक्षर गरेको पर्चा रातो पर्चाको नामले किसान आन्दोलनमा चर्चित रह्यो।

६ फीट ५ इन्च अग्ला संथाल नक्सलवादी आन्दोलनमा खांटी नेता र संगठन कर्ताका रुपमा प्रख्यात थिए। मे १८, १९६७ मा जंगल संथालको नेतृत्वमा किसान परिषद गठन भएको थियो। संथाल पहिला १९७७ सम्म जेल परे फेरि जेल परेर १९७९ मा जेलबँट छुटे। उनलाई दार्जिलिङ र अलिपुर जेलमा पालैपालो राखिएको थियो। जेलबाट रिहा भएपछि उनी फेरि पार्टी काममा सक्रिय भए। तर पछि उनी निराशा र कुण्ठाले रक्सीको आदतमा लागे। उनको मृत्यु डिसेम्बर ४, १९८१ मा भयो।

जंगल सन्थालको योगदान नेपालमा राणा शासन विरोधमा पनि निकै चर्चित रहेको छ। राणा शासनको विरोधमा धेरै राणा विरोधीहरु झापाको चन्द्रगढी जेलमा बन्दी थिए। तीनलाई जेलमुक्त

गराउन जंगल संथालले राणा विरोधीहरुलाई संगठित गरे र उनकै नेतृत्वमा चन्द्रगढी जेल तोडेर सबै राजबन्दीहरुलाई मुक्त गराएका थिए ।

### ६.४ शान्ति मुण्डा

शान्ति मुण्डा नक्सलवादी आन्दोलनमा अग्रणी भूमिका खेलेकी महिला हुन् । मे २५, १९६७ को विरोध जुलुसको नेतृत्व नै शान्ति मुण्डाले गरेकी थिइन । उनको पिठ्युँमा १५ महिने छोरी थिई तर उनी तीर धनुष लिएर क्रान्तिको मोर्चामा डटेकी थिइन । त्यसवेला शान्तिको उमेर मात्र २३ वर्ष थियो । उनकै तीर लागेर पुलिस इन्सपेक्टर सोनाम वाङदीको मृत्यु भएको भन्ने भनाइ पनि छ । पुरुषहरु भूमिगत भएका थिए । महिलाहरुले नै प्रतिरोध जुलुसको नेतृत्व गरेका थिए । उनीहरुले पुलिसहरुलाई परास्त गरेर भगाए अनि हतियार लुटेका पनि थिए । उनी अहिले पुर्ख्यौली गाउँ हात्तीगिसा जुन नक्सलबँरीबाट १० किलोमिटरको दुरीमा छ ७४ वर्षको उमेरमा त्यहीं बसिरहेकी छिन् । शान्ति मुण्डाको विवाह केशव सरकारसँग भएको थियो । कानु सान्यालको आत्महत्याभन्दा पहिला उनी र सान्याल एउटै घरमा बस्थे । शान्ति मुण्डालाई नक्सलवादी आन्दोलनमा उतार्ने व्यक्ति चाहिं जंगल संथाल थिए । शान्ति मुण्डा भूमिगत भएर नेपाल, बंगलादेश र भूटानमा पनि बसिन । शान्ति पहिलो नक्सल महिला कमाण्डर थिइन ।

### ६.५ दीपक विश्वास

दीपक विश्वास चारुको विश्वासिला कमरेड मानिन्थे । उनी चारुको सिफारिसमा माओसँग भेट्न चीन पनि गएका थिए । माओले भारतीय टोलीलाई भेटेपछि चारुलाई पठाउने पत्र दीपक विश्वासको हातमा नै थमाएका थिए । दीपकको गिरफ्तारीले उनलाई दिइएको यातना सहन नसकी चारुको सुराकी दिएको शंकाको भरमा चारु समातिए भन्ने सोचाइ पनि रहेको छ । चारुको मृत्यु पछि दीपक सिलिगुडी आएका थिए जसलाई हिलकोर्ट रोड मा गोली हानी मारियो जुन ठाउँ चारुको घरदेखि ५०० मिटरको दुरिमा रहेको छ । यी वाहेक केही नाम चलेका नेताहरु छन जस्तो खोकोन मजुमदार, निमु सिंह, मुजीबुर रहमान, सन्तष राना, तिलक दास गुप्ता, सुशीतल राय चौधरी, सरोज दत्त आदि । महिलाहरुमा पनि नक्सलवादी आन्दोलनमा लागेका चर्चि नामहरु छन जस्तो गलेश्वरी देवी, सावित्री दास कृष्णमाया सर्जन, सेप्तुगेनारियन मुण्डा आदि ।

## ७. नक्सलवादी आन्दोलनका प्रारम्भिक प्रभावित क्षेत्रहरू

### ७.१ श्रीकाकुलम

यो भारतको आन्ध्रप्रदेशमा पर्ने उत्तर पूर्वी आदिवासी क्षेत्र हो । दुईजना स्कुलका शिक्षकहरुले १९५० को दशकमा नै यस क्षेत्रमा आन्दोलनको आधार तयार पारेका थिए । भेमपातापु साथीनारायण (साध्यम) र अदिभातला कैलासम ती दुई शिक्षकहरु जो आज पनि उनीहरुको सौर्यगाथा आन्ध्रप्रदेशमा चर्चित छ । पछि यी दुई शिक्षकहरुको कामलाई युवानेता पाञ्चादी कृष्णमूर्तिको ठुलो सहयोग रह् यो । पछि सुब्बाराव पाणीग्राहीका गीतहरुले यसलाई झन प्रचार पुऱ्यायो । त्यसै कारण चारुले श्रीकाकुलमलाई भारतको येनान भनेका थिए । नक्सलवादी आन्दोलनको झिल्को नक्सलबारीबाट श्रीकाकुलम यति चाँडो सल्कियो कि अक्टोबर ३१, १९६७ मा त्यहाँ भएको आन्दोलनमा दुईजना कमरेडहरु कोरन्ना र मानगन्ना सहिद भए । आन्दोलन किसान र जमीन्दारहरु बीच नै थियो प्रमुख सवाल थियो भूमिको सवाल । जनवरी १९७० मा वर्गसंघर्षमा १२० जना पुलिसहरु त मारिए तर राज्यले श्वेत आंतक चलाएर धेरै क्रान्तिकारीहरुको हत्या गऱ्यो । सहिद हुनेहरुमा साध्यम, अदिभातला, पाञ्चादी कृष्णमूर्ती, पाञ्चादी निर्मला, भास्कर राव र सुब्बाराव पाणीग्रही प्रमुख थिए । श्रीकाकुलममा

१९७४ मा १५० गाउँ मुक्तक्षेत्र घोषणा गरिएको थियो ।

## ७.२ वीरभूम

देशब्रती पत्रिकाले बंगाली युवकहरुमा एउटा लहर ल्यायो। उनीहरु कलेजको पढाइ छाडेर क्रान्तिका लागि गाउँ पस्न थाले। सिलिगुडी र कलकत्ताबाट सुरी, रामपुराहाट, र बोलपुर ग्रामीण क्षेत्र युवा क्रान्तिकारीहरुको सघन क्रान्ति क्षेत्र बन्यो। किसानहरुलाई कृषि ज्याला र मोहियानी हक सम्बन्धि अधिकारको माग उठाइयो। यहाँ व्यक्ति हत्याका प्रयोग पनि भए। १९६८ देखि १९७० सम्म वीरभूम नक्सलवादीहरुको प्रयोगशाला नै भयो। युवकहरुले स्क्वाडदेखि आर्मि ग्रुपसम्म निर्माण गरे । कैयौं चौकी र थानाहरु कब्जा गरिए । धेरै हतियारहरु लुटिए ।

## ७.३ देब्रागोपीवल्भपुर

धेरै क्रान्तिकारी बुद्धिजीबीहरु पनि १९६८ ताका कलकत्ता छाडेर क्रान्तिका लागि गाउँ पस्न थाले । यसमध्ये एउटा गन्तव्य मिदनापुर जिल्लाको गोपीवल्भपुर थियो । क्रान्तिकारीहरु कार्यवाही शुरु भएपछि गाउँका जमीन्दारहरु भागेर सहर तिर शरणार्थी बन्न थाले । देब्राभन्ने ठाउँमा नक्सलवादी आन्दोलनले घनीभूत गति लियो। त्यसैले यो क्षेत्रलाई देब्रागोपीवल्भपुर भनियो । लडाकु दस्तालाई किसानहरुले सहयोग दिन थाले र जमीन्दारहरुको भागाभाग भयो ।

## ७.४ भोजपुर

विहारको भोजपुर नक्सलवादी आन्दोलनको एउटा उदाहरण हो। भोजपुरका एकजना शिक्षक जगदीश महतो जसले भोजपुरमा नक्सलवादी आन्दोलनको बीजारोपण गरेका थिए उनले त्यहाँ जनताहरु विशेषगरी दलितहरुलाई जमीनदार र धनी सवर्णहरुको विरुद्ध आन्दोलन तीव्र वनाइ दिए । विहारमा भोजपुरको नक्सलवादी आन्दोलनको एउटा विशिष्ठ स्थान छ ।

## ७.५ मुसहरी

मुजफरपुर जिल्लाको मुसहरीमा नक्सलवादीहरुले सीपीआइ(एम) का कार्यकर्तालाई पनि संशोधनवादी र प्रतिक्रियावादी भन्दै निशाना बनाउन थालेपछि मुसहरीमा आन्दोलनले विस्तृत रुप लियो । वाली कब्जा गर्ने क्रममा किसानलाई आन्दोलनकारीहरुले सहयोग गर्न थाले र त्याहाँ वर्गसंघर्षको वास्तविक रुप देखिन थालियो । १९६८ देखि १९६९ सम्म यो क्षेत्रमा धेरै कार्यवाहीहरु चले ।

## ७.६ लखिमपुर खेरी

नेपालको सीमानामा जोडिएको उत्तर प्रदेशका ११ वटा गाउँहरु १९६८ तिर आन्दोलित भए । ५०० एकड भन्दा माथि जग्गा राख्ने जमीन्दारहरुको विरुद्ध कार्यवाही शुरु भयो । जमीन्दारहरुलाई सुरक्षा दिन सुरक्षाकर्मीहरु गाउँ त गए तर जमीन्दारहरु ज्यानको डरले गाउँ छाडेर भाग्न थाले ।

## ८. भारतीय माओवादी पार्टीहरूको सम्बन्ध

भारतमा माओवादी आन्दोलन देशको ४० प्रतिशत भागमा विस्तार भइसकेको छ र यसले भारतको कुल जनसंख्याको ३५ प्रतिशतमा आफ्नो पहुँच पुर्‍याएको छ (द हिन्दु, २००६) । अहिले भारतीय माओवादी पार्टीहरूको माओको देश चीनसँग कुनै पनि सम्बन्ध छैन । दक्षिण एशिया क्रान्तिको केन्द्र हुनसक्छ किनभने यो क्षेत्रका प्राय सबै देशहरू अर्धसामन्ती र अर्धऔपनिवेशिक चरित्रका रहेका छन् र यहाँको क्रान्तिको स्वरुप कतिपय कुरामा मिल्दाजुल्दा छन् । जसरी प्रतिक्रियावादीहरू आफ्नो स्वार्थका लागि मिल्दैछन्, त्यसैगरी क्रान्तिकारीहरूमा पनि प्रतिरोधका लागि एकताको शुरुवात भएको छ र यो कार्यले दक्षिण एशियाको राजनीतिमा तंरग उत्पन्न भएको पाइन्छ । अन्ततः भारतीय माओवादी पार्टीहरूको सम्बन्ध चाहिं उनीहरूकै 'जनतासँग माछा र पानीको जस्तो रहेको' उनीहरूको भनाइ छ ।

## ९. निष्कर्ष

नक्सलवादी आन्दोलनभन्दा पहिलाका भारतीय कम्युनिस्ट पार्टीहरू संशोधनवादको दलदलमा भासिए। भारतीय कम्युनिस्ट पार्टी (सीपीआई) ले वर्गसंघर्षको लाइननै परित्याग गऱ्यो र १९६० को दशकमा माओले त्यसको आलोचना गरेका थिए। सीपीआईको एउटा ठुलो समुह फुटेर भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) निर्माण भयो तर त्यो पनि समयको अन्तरालमा मध्यमार्गीबाटो समातेर संशोधनवादको भासमा जाकिन पुग्यो र भारतको पश्चिम बंगाल राज्यमा खुम्चेर बसेको छ। नक्सलवादी आन्दोलनको शुरुवातसँगै भारतमा वसन्त ऋतुमा गर्जिएको चट्याँग अहिले सामन्यतया संसारभरि विशेषगरी भारतभरि गुन्जायमान भएको छ। अहिलेको विश्वमा जसरी माओवादी पार्टीहरूले समस्याको सामना गर्नुपरेको छ, भारतीय नक्सलवादी (माओवादी) पार्टीहरू पनि त्यसबाट अलग छैनन्। नक्सलवादी आन्दोलनको प्रभावबारे समर सेनको भनाइ राख्नु राम्रै होला। नक्सलवादी आन्दोलन थोरै मिथक धेरै साहस, विश्वास र वलिदानको आन्दोलन हो। यसको जरो भारतका किसान, मजदुर, विद्यार्थी, बुद्धिजीवीदेखि आम जनतामा देखिएको थियो र परम्परा जारी छ (सेन, १९७८)। भारतमा विशेषगरी आदिवासी क्षेत्रमा नक्सलवादी प्रभाव देखिएको छ। उनीहरुलाई पुलिसले यातना दिन्छन्, राजनीतिक दलहरु सलवा जुडुमसँग छन्, अदालतमा उनीहरुको सुनवाही हुँदैन, मिडियाले उनीहरुलाई ध्यान दिदैन तसर्थ आदिवासीहरुको भर नक्सलवादीहरुमा नै रहन गयो। भारतको आर्थिक विकासको मोडेल कस्तो हुने (मेहरोत्रा, २०१४) र सुशासनको राजनीतिक मोडेल कस्तो हुने यस विषयमा गम्भिर बहस र छलफल चलिरहेका छन्। यो बहसको टुङ्गो अहिले नै लाग्न सक्तैन जसरी भारतमा नक्सलवादी आन्दोलनको ठहराव र विकास वारे बहस जारी छ त्यसैगरी भारतको आर्थिक राजनीतिक बहसहरु पनि जारी नै रहने छन् तर पचास वर्षमा नक्सलवादी आन्दोलनले भारतमा एउटा विशिष्ट अवस्था चाहिं सिर्जना गरिसकेको छ यसको चर्चा भारतको राजनीतिमा सधैं चलि नै रहने छ।

## सन्दर्भ सामग्री


१. चक्रवर्ती, सुदीप (२००७). रेड सनः ट्राभल्स इन नक्सलाइट कन्ट्री. न्यु देल्लीः पेनगुइन।

२. जोशी, पी. सी. (२०१३). नक्सलिज्म एट ए ग्लान्स. देल्लीः कल्पाज पब्लिकेशन।

३. जोशी, पी. सी. (२०१४). नक्सलिज्म हाउ टु कोप विथ. देल्लीः कल्पाज पब्लिकेशन।

४. गणपति (२००६). साउथ एशिया इज इनडीड बीकमीङ ए स्टोर्म सेन्टर अफ वर्ल्ड रिभोल्युसन. द वर्कर (दशौं विशेष अंक), ४१-५०.

५. गुप्ता, तिलक डी. (२००६, जुलाई २२). माओइज्म इन इंडिया. इकोनोमिक एण्ड पलिटीकल वीकली ३१७२–३१७६.

६. गोमेज, जोसेफ फ्लाभियन (२०१५). द पलिटिकल इकोनोमी अफ द माओइस्ट कनफिलिक्ट इन इंडियाः एन इम्पिरिकल एनालिसिस. वर्ल्ड डेभलपमेन्ट ६८, ९६–१२३।

७. घोष, सुनिती कुमार (२००९). नक्सलबारी विफोर एण्ड आफ्टर. कोलकाताः न्यु एज पब्लिशर्स।

८. डीमेलो, बर्नार्ड (२०१७, मे २१). नक्सलबारी एण्ड आफ्टर–अनफिनिस्ड हिस्ट्री. इकोनोमिक एण्ड पलिटीकल वीकली ५२(२१), ९.

९. द हिन्दु (२००६, अप्रिल १५). नक्सल मिनान्स. न्यु दिल्ली पब्लिकेशन।

१०. नभलखा, गौतम (२०१४). वार एण्ड पोलिटिक्स. कोलकाताः सेतु प्रकाशनी।

११. पोखरेल, भरत (२०१२). भारतीय कम्युनिस्ट आन्दोलनः नक्सलवाददेखि माओवादसम्म। बुद्धिजीवीहरुको दायित्व, काठमाडौंः सुजला प्रकाशन।

१२. पौल, बाप्पादित्य (२०१४). द फस्ट नक्सलः एन अथोराइज्ड बाओग्राफी अफ कानु सान्याल। देल्लीः सेज।

१३. बनर्जी, सुमान्ता (१९८०). इन द वेक अफ नक्सलबारीः ए हिस्ट्री अफ द नक्सलाइट मुभमेन्ट इन इंडिया. कलकत्ताः सुवर्णरेखा।

१४. बालगोपाल, के. (२००६, जुलाई २२). माओइस्ट मुभमेन्ट इन आन्ध्र प्रदेश. इकोनोमिक एण्ड पलिटीकल वीकली ३१८३–३१८७.

१५. बोरुह, भी. के. (२००८). डिप्राइभेसन, भायोलेन्स एण्ड कनफिलिक्टः एन एनालिसिस अफ

नक्सलाइट एक्टिभिटी इन द डिस्ट्रिक्ट अफ इंडिया. इन्टरन्यासनल जर्नल अफ कनफिलिक्ट एण्ड भायोलेन्स २(२), ३१७–३३.

१६. भट्टाचार्य, अमित (२०१६). स्टोरमिङ द गेट्स अफ हेभेनः द माओइस्ट मुभमेन्ट इन इंडिया–ए क्रिटिकल स्टडी. कोलकाताः सेतु प्रकाशनी ।

१७. भाटिया, बेला (२००६, जुलाई २२). अन आर्मड रेसिसटेन्स. इकोनोमिक एण्ड पलिटीकल वीकली ३१७९–३१८३.

१८. मेहरोत्रा, सन्तोष (सम्पादन) (२०१४). काउन्टरिङ नक्सलिज्म वीथ डेभलपमेन्टः च्यालेन्जेज अफ सोसल जस्टिस एण्ड स्टेट सेकुरिटी. न्यु देल्लीः सेज ।

१९. मोहन्ती, मनोरन्जन (२००६, जुलाई २२). च्यालेन्जेज अफ रिभोल्युसनरी भायोलेन्स. इकोनोमिक एण्ड पलिटीकल वीकली ३१६३–३१६८.

२०. मोहन्ती, मनोरन्जन (२०१५). रेड एण्ड ग्रीनः फाइभ डिकेड अफ माओइस्ट मुभमेन्ट. कोलकाताः सेतु प्रकाशनी ।

२१. विजय, मूर्ति र राव श्रीनिवासन अप्पारासु (२०१७, मे २५). फ्याक्सनल फ्युड्स एण्ड ब्लडसेड, वट ह्वाट ह्याज माओइस्ट रिभोल्ट एचिभ्ड? द हिन्दुस्तान टाइम्स ।

२२. शाह, अल्पा र जैन, ध्रुब (२०१७). नक्सलबारी एट इट्स गोल्डेन जुब्ली. मोडर्न एसिया स्टडिज जर्नल.

२३. सागर (२००६, जुलाई २२). द स्प्रीगं एण्ड इट्स थण्डर. इकोनोमिक एण्ड पलिटीकल वीकली. ३१७६–३१७८.

२४. सान्याल, कानु (१९८७). रिपोर्ट अन द पीजेन्ट मुभमेन्ट इन द तराई रिजन. ए वर्ल्ड टु वीन. अंक ९, ८-१५.

२५. सिंह, मनमोहनु (२००६, अप्रिल १४). द हिन्दु. न्यु देल्ली पब्लिकेशन ।

२६. सुन्दर, नन्दिनी (२००६, जुलाई २२). बस्तर, माओइजम एण्ड सलवा जुडुम. इकोनोमिक एण्ड पलिटीकल वीकली ३१८७–३१९२.

२७. सुन्दर, नन्दिनी (२०१६). द बर्निङ फरेस्ट, इंडियाज वार इन बस्तर. न्यु देल्लीः जुगरनाउट ।

२८. सेन, समर (१९७८) नक्सलबारी एण्ड आप् ःटर भाग १. कलकत्ताः कथासिल्प ।

अन्तर्राष्ट्रिय

# टर्कीको माओवादी आन्दोलन, क. क्यापक्काय र वर्तमान स्थिति

## विषयप्रवेश

माओवादी आन्दोलनप्रति रुचि राख्नेहरूलाई विश्वमा माओवादी आन्दोलनको वर्तमान स्थितिका बारेमा जान्ने चाहना हुनु स्वाभाविक हो । प्रतिक्रियावादी माध्यमहरूले माओवादी आन्दोलनबारे जानकारी नै दिँदैनन्, दिए पनि नकारात्मक किसिमले दिन्छन् । टर्कीको कम्युनिस्ट आन्दोलन र इब्राहिम क्यापक्कायका बारेमा माओवादी आन्दोलनसित गाँसिएका मान्छेहरूमा पनि त्यति सारो जानकारी भएको पाइँदैन । कमरेड क्यापक्काय र विश्व कम्युनिस्ट आन्दोलनका बारेमा पाठकहरूलाई केही जानकारी होस् भन्ने हेतुले टर्कीमा माओवादी आन्दोलनको उठानका लागि कमरेड क्यापक्कायले गरेको सङ्घर्षलाई सङ्क्षिप्तमा रूपमा प्रस्तुत गरिएको छ ।

## टर्कीमा कम्युनिस्ट आन्दोलनको सङ्क्षिप्त इतिहास

टर्कीमा सन् १९२० मा मुस्तफा सुफीको नेतृत्वमा टर्की कम्युनिस्ट पार्टी गठन भएको थियो । केही समयपछि सत्ताले यसमाथि प्रतिबन्धित लागाएको थियो र यसले भूमिगत किसिमले काम गर्दै आएको थियो । पार्टीगत अस्तित्व देखिए पनि यसले त्यति गतिका साथ काम गर्न नसकेपछि यसको कामकारबाहीप्रति असन्तुष्टहरूले १९६० मा 'वर्कर्स पार्टी अफ टर्की' गठन गरे । यसबीच विश्वविद्यालयका पियच्डीका विद्यार्थी मिहिर चायनले आफुलाई 'वर्कर्स पार्टी अफ टर्की' बाट सम्बन्ध विच्छेद गरे र 'पिपुल्स लिबरेसन पार्टी-फ्रन्ट अफ टर्की' नामको समुह खोले । चे ग्वेवाराबाट प्रभावित जस्तो देखिने उनले घुमन्तु किसिमको छापामार सङ्घर्षमा जोड दिए । वास्तवमा यो टुपाकअमारु शैलीको समुह थियो । टर्कीको आर्थिक-राजनीतिक स्थितिको वैज्ञानिक विश्लेषण र क्रान्तिको चरित्रबारे वैचारिक अस्पष्टताका कारण चायनको गतिविधि सीमित व्यक्तिको सीमित गतिविधिमा रुमलिइरहेको समयमा दुस्मनसितको भिडन्तमा उनको मृत्यु भएपछि यो समुह विसर्जनको स्थितिमा पुग्यो ।



**डा. ऋृषिराज बराल**

'वर्कर्स पार्टी अफ टर्की' सङ्गठनात्मक रूपमा कम्युनिस्ट नामका अरू पार्टीभन्दा बलियो भए पनि क्रान्तिसम्बन्धी यसको धारणा प्रस्ट थिएन । वैचारिक तथा सैद्धान्तिक प्रस्टता नभएका कारण यो पार्टी सुधारवादकै सेरोफेरोमा चक्कर मार्न थाल्यो । त्यसपछि सन् १९७० मा **टिआइआइकेपी** (वर्कस रिभोलुस्नरी पार्टी एन्ड पिजेन्ट पार्टी अफ टर्की पार्टी गठन भयो । **टिआइआइकेपी**ले आफुलाई मार्क्सवादी-लेनिनवादी र माओ-त्सेतुङ विचारधारको पक्षधर भने पनि यो दक्षिणपन्थी विचलनबाट ग्रस्त थियो । अहिले टर्कीमा दीर्घकालीन जनयुद्ध चलाइरहेको पार्टी **टिकेपी/एमएल** (कम्युनिस्ट पार्टी अफ टर्की/मार्क्सवादी-लेनिनवादी), **टिआइआइकेपी** (वर्कस रिभोलुस्नरी पार्टी एन्ड पिजेन्ट पार्टी अफ टर्की) बाट कमरेड कापाक्क्यायको नेतृत्वमा विद्रोह गरेर निर्माण भएको पार्टी हो ।

## इब्राहिम क्यापक्काय : जनताको सेवामा सर्मर्पित जीवन

इब्राहिम क्यापक्यायको जन्म सन् १९४९ मा टर्कीको काराक्या गाउँमा किसान परिवारमा भएको थियो । सन् ६० को दशकमा विद्यार्थी हुँदाको समयदेखि नै वहाँ प्रगतिशील विचारप्रति आकर्षित हुनुभएको थियो । स्कुले शिक्षा पूरा गरेपछि सन् १९६५ मा उहाँ इस्तामबुलको विश्वविद्यालयमा

उच्च शिक्षाका लागि प्रवेश गर्नुभयो । त्यही वर्ष टर्कीमा विद्यार्थीहरूको प्रतिरोध आन्दोलनले उच्च रूप लिएको थियो ।

क्यापक्याय सन् १९६५ मा स्थापित **एफकेफ** (फेडेरेसन अफ क्लब्स अफ आइडिया) को सदस्य बन्नुभयो । **एफकेफ** विभिन्न किसिमका प्रवृत्तिका मान्छेहरूको जमघट भएको साम्राज्यवाद विरोधी प्रगतिशील संस्था थियो । १९६७ मा केही साथीहरूसित मिलेर वहाँले **एफकेफ**को शाखा खोल्नुभयो । **एफकेफ**मा रहँदा वहाँले राष्ट्रिय जनवादी क्रान्तिलाई समर्थन गर्दै नेतृत्व तहमा रहेका व्यक्तिमा निहित गलत प्रवृत्तिहरूको आलोचनाको प्रक्रियाको थालनी गर्नुभयो ।

सन् १९६९ मा मार्क्सवादी-लेनिनवादी विचारहरूलाई आम जनतामाझ पुऱ्याउन वहाँ विश्वविद्यालय छाडेर मजदुर र किसानको सङ्घर्षमा सामेल हुनुभयो । यस्ता सङ्घर्षहरूमा सबैभन्दा प्रमुख १९७० को जुन १५ र १६ मा भएको आन्दोलन थियो । यो सत्ताधारीहरूलाई हायलकायल पार्ने निकै उच्च स्तरको जनआन्दोलन थियो र यसलाई प्रतिक्रियावादी सत्ताले गोलाबारुदद्वारा निर्मम दमन गरेको गियो । यो आन्दोलनले टर्कीमा क्रान्तिका लागि वस्तुगत स्थिति अनुकूल छ भन्ने उदाहरण क्यापक्कायका सामु प्रस्तुत गऱ्यो । यो आन्दोलनको चरित्रको विश्लेषण गर्दै उहाँले "टर्कीमा क्रान्तिका लागि वस्तुगत स्थिति परिपक्व बन्दैछ भन्ने कुराको प्रमाण" भन्ने धारणा व्यक्त गर्नुभयो ।

सन् १९७० मा उहाँ **टिआइआइकेपी** (वर्कस रिभोलुस्नरी पार्टी एन्ड पिजेन्ट पार्टी अफ टर्की) को केन्द्रीय सदस्य बन्नुभयो । **टिआइआइकेपी**ले आफुलाई मार्क्सवादी-लेनिनवादी र माओ-त्सेतुङ विचारधारको पक्षधर भने पनि यो दक्षिणपन्थी विचलनबाट ग्रस्त थियो ।

मार्च १९७१ मा टर्कीमा सेनाले सत्ता हातमा लिएपछि टर्कीमा मार्सल ल लागू भयो । मार्सल ल टर्कीमा बढ्दो जनसङ्घर्षको परिणाम थियो । क्यापक्कायले यस किसिमको अवस्थामा टर्कीमा दीर्घकालीन जनयुद्ध नै सङ्घर्षका लागि उपयुक्त माध्यम हुन्छ र यसको तयारी आरम्भ गर्नु आवश्यक छ भन्ने कुरामा जोड दिनुभयो । त्यतिबेला **चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्ति** चलिरहेको थियो, भियतनाममा राष्ट्रिय मुक्ति आन्दोलन तीव्र बनिरहेको थियो र फ्रान्स, जर्मनी, अमेरिका जापान लगायतका प्रमुख साम्राज्यवादी मुलुकहरूमा जनआन्दोलन (१९६८-१९७१) चर्किरहेको थियो ।

त्यतिबेला कमरेड क्यापक्कायले लेख्नुभयो :

"हाम्रो साहशी मजदुर वर्ग, निस्वार्थी किसानहरू र हाम्रा जुझारु युवाहरूको सङ्घर्ष, मार्क्सवादी-लेनिनवादी पुस्तकहरूको व्यापक प्रचारप्रसार, माओको नेतृत्वमा चीनमा सुरु गरिएको **चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्ति**ले तयार पारेको वातावरणले शैशव अवस्थाको हाम्रो मुलुकको आम जनसमुदायको सङ्घर्षलाई नयाँ किसिमले अघि बढाउन ऊर्जाको काम गऱ्यो ।"

**टिआइआइकेपी**ले आफुलाई मार्क्सवाद-लेनिनवाद र माओ विचारको पक्षधर भने पनि व्यवहारमा चाहिँ यस्तो थिएन । पार्टीका गतिविधिहरूले शान्तिपूर्ण परिवर्तनको बाटोतिर जोड दिइरहेका थिए । क्यापक्कायले क्रान्तिकारी विचारका आधारमा संशोधनवाद, सुधारवाद र एकमनावादका विरुद्ध सङ्घठनभित्र वैचारिक सङ्घर्ष चलाउनुभयो । त्यही पार्टीमा बसेर क्रान्तिकारी नीति तथा कार्यक्रमहरू अगाडि बढाउन सम्भव छैन भन्ने निष्कर्षमा पुगेपछि अप्रिल २४, १९७२ मा कापक्कायाको नेतृत्वमा टिकेपी/एमएल (कम्युनिस्ट पार्टी अफ टर्की/मार्क्सवादी-लेनिनवादी) गठन भयो । **टिआइआइकेपी**को संशोधनवादी धारसित सम्बन्ध विच्छेद गर्नु आवश्यक भइसकेको थियो । सम्बन्ध विच्छेदपछि ठुला सहरका सङ्घर्षका गतिविधिको तुलनामा किसान क्षेत्रका प्रमुख गतिविधिहरूलाई अगाडि बढाउने योजना बनाउन सम्भव भयो र सङ्घर्षको प्रधान स्वरूप सशस्त्र सङ्घर्षलाई ठोस गर्नका लागि वातावरण पनि बन्यो । यसले वैधानिक र अवैधानिक सङ्घर्षको तालमेलका लागि पनि नीतिगत तथा व्यावहारिक वातावरण निर्माण भयो ।

क्यापक्कायले माओको क्रान्तिका तीन जादुगरी हतियार– क्रान्तिकारी पार्टी, जन सेना र

संयुक्त मोर्चाको धारणालाई आत्मसात गरेर टर्कीको विशिष्टतामा नीति तथा योजना निर्माण गर्नुभयो । फलस्वरूप टिकेपी/एमएल गठन भएको केही महिनापछि नै टर्कीमा दीर्घकालीन जनयुद्ध अघि बढाउन **टिक्को** (टर्किस, वर्कर्स एन्ड पिजेन्टस लिबरेसन आर्मी) को निर्माण भयो ।

सन् १९७३ मा इब्राहिम क्यापक्काय र अन्य कमरेडहरू देर्सिममा काममा व्यस्त भइरहेको बेला प्रतिक्रियावादी फौजले घेराबन्दी गरेर आत्मसमर्पण गर्न दबाब दियो । यसो गर्न नमानेपछि, २४ जनवरी, १९७३ का दिन वहाँहरूको कार्यक्रम स्थलमा ग्रिनेड र गोलीद्वारा भीषण आक्रमण गरियो । केही कमरेडहरू सहिद हुनुभयो भने क्यापक्काय घाइते हुनु भए पनि भाग्न सफल हुनुभयो । घाइते अवस्थामै वहाँले एउटा गुफामा ५ रात बिताउनुभयो । त्यसपछि वहाँ लुक्तै नजिकैको एउटा गाउँमा पुग्नुभयो । स्थानीय स्कूलको शिक्षकले गद्दारी गरेपछि उहाँ पक्राउ पर्नुभयो र जेलमा ३ महिनासम्म निर्मम यातना दिएर वैचारिक आत्मसमर्पण गर्न भनियो । नमानेपछि टुक्राटुक्रा गरेर काटेर वहाँको हत्या गरियो । २४ वर्षको उमेरमै माओवादी क्रान्तिकारी पार्टीको नेतृत्व गरेर टर्कीमा नयाँ जनवादी क्रान्तिका लागि दीर्घकालीन जनयुद्धको आरम्भ गर्ने कमरेड क्यापक्काय १८ मे १९७३ मा महान् इतिहास छाडेर टर्कीका जनताबाट बिदा हुनुभयो ।

टर्कीको इन्टेलिजेन्स निकाय **मिट** (नस्नल इन्टेलिजेन्स अर्गनाइजेसन) ले क्यापक्यायलाई ठुलो चुनौतीका रूपमा लिएको थियो, त्यसको सन् १९७३ को एउटा अनुसन्धान रिपोर्टमा यस्तो उल्लेख गरिएको थियो :

"टर्कीको कम्युनिस्ट आन्दोलनमा इब्राहिम कापाक्याका विचारहरू सबैभन्दा खतरनाक छन् । उनले आफ्ना दस्ताबेजमा प्रस्तुत गरेका विचार र सङ्घर्षका लागि तर्जुमा गरेको बाटो टर्कीको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको खतरनाक बाटो हो भनेर सहजै बुझ्न सकिन्छ ।"

## सशस्त्र सङ्घर्ष र क्यापक्काय

जतिबेर क्यापक्काय टर्कीमा क्रान्तिकारी पार्टी निर्माणमा गरिरहनुभएको थियो, त्यतिबेर युरोपमा संशोधनवादी प्रवाह, युरो-कम्युनिज्मको होहल्ला, शान्तिपूर्ण क्रान्तिको नारा व्यापक हुनुका साथै स्टालिनविरोधी फोबिया र ट्रट्स्कीवादी प्रदूषण व्यापक मात्रामा प्रवाहित हुनथालेको थियो । तर वहाँले **अक्टोबर क्रान्ति, चिनियाँ नयाँ जनवादी क्रान्ति**, भियतनामका जनताको क्रान्तिकारी उत्साह र **चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्ति**को मूल्यलाई आत्मसात गरेर टर्कीको आर्थिक-राजनीतिक र सामाजिक स्थितिमा कसरी क्रान्ति सम्पन्न गर्न सकिन्छ भनेर सैद्धान्तिक तथा व्यावहारिक नीति तथा कार्यक्रममा आफुलाई केन्द्रित गर्नुभयो । मूलतः अर्धसामन्ती तथा अर्धऔपनिवेशिक मुलुकमा माओले कोरेको क्रान्तिको बाटो दीर्घकालीन जनयुद्ध नै टर्कीको क्रान्तिको आधारभूत बाटो हुन्छ भन्ने निष्कर्षमा वहाँ पुग्नुभयो ।

क्यापक्काय दुवै मोर्चामा लड्नुभयो । पार्टीलाई क्रान्तिकारी धारमा लैजान पहिलो लडाइँ पार्टीभित्रै लड्नु आवश्यक थियो । यसै यथार्थलाई ध्यानमा राखेर पार्टी नेतृत्वमा निहित दक्षिणपन्थी चिन्तनका विरुद्ध वैचारिक सङ्घर्ष चलाउनुभयो । वहाँको रचना 'दि रुट्स अफ दि डेभ्लप्मेन्ट अफ आवर डिफ्रेन्सेज विथ दि रिभिजियोन्जिम अफ सफाक : ए जेनरल क्रिटिसिज्म अफ दि सफाक', जुन १९७२' ले टिआइआइकेपी र सफाकको सशस्त्र सङ्घर्षसम्बन्धी संशोधनवादी धारणालाई बडो सटिक ढङ्गले आलोचना गर्‍यो । सफाक पक्षधर हरूसितको दुई लाइन सङ्घर्षमा फौजी कार्यदिशा सम्बन्धमा क्यापक्कायले क्रान्तिकारीहरूको नेतृत्व गर्दै यसरी ११ बुँदामा आफ्नो धारणा राख्नुभएको थियो :

१. ग्रामिण क्षेत्र (किसान बाहुल्य क्षेत्र) को गतिविधि प्रधान हो र सहरको गतिविधि गौण,
२. सशस्त्र सङ्घर्ष प्रधान हो र सङ्घर्षका अन्य रूपहरू गौण,
३. अवैधानिक गतिविधि प्रधान हो र वैधानिक गतिविधि गौण,

४. देशैभरि  हामीभन्दा दुस्मन शक्तिशाली भएको बेला रणनीतिक रक्षा प्रधान हो,
५. रणनीतिक रक्षाअन्तर्गतको चरणमा कार्यनीतिगत आक्रमण प्रधान हो र कार्यनीतिगत रक्षा गौण,
६. यो चरणमा सशस्त्र सङ्घर्षका सन्दर्भमा छापामार सङ्घर्ष प्रधान हुन्छ र सङ्घर्षका अन्य रूपहरू गौण,
७. रणनीतिक रक्षाको चरणअन्तर्गत सहरहरूमा (ठुला सहरहरू) शक्ति सञ्चय गर्दै प्रहारका उपयुक्त अवसरहरू पर्खिनु प्रधान हुन्छ  र सहरी जनआन्दोलन गौण,
८. सङ्गठनका सम्बन्धमा पार्टी सङ्गठन प्रधान हो र सङ्गठनका अन्य रूपहरू गौण,
९. सङ्गठनका अन्य रूपहरूमा सशस्त्र सङ्घर्षसित सम्बद्ध सङ्गठनहरू प्रधान हुन्छन् ।
१०.हाम्रो आफ्नै शक्तिमा भर पर्ने कुरा प्रधान हो र अन्य सहयोगी शक्तिमा भर पर्ने कुरा गौण र
११.वर्तमान अवस्थामा हाम्रो मुलुकमा सशस्त्र सङ्घर्षको स्थिति विद्यमान छ ।

सिद्धान्तमा माओ विचार तथा माओवाद मान्ने तर दीर्घकालीन जनयुद्धको रणनीतिको विरोध गर्ने आजका संशोधनवादीहरूले भन्ने गरेका कुराहरू सफाकले भन्ने गरेका कुराकै निरन्तरता हुन् भन्न सकिन्छ । त्यतिबेर इब्राहिम क्यापक्कायले गरेको व्याख्या आजपर्यन्त सान्दर्भिक र वैज्ञानिक छ । त्यसैले,  **इब्राहिम क्यापक्कायले गर्नुभएको संशोधनवादी चिन्तनको  खारेजीलाई विश्वभरिका प्रत्येक कम्युनिस्टले गम्भीरताका साथ अध्ययन गर्नु जरुरी छ ।** संशोधनवादी सफाकको धारणाले क्रान्तिकारी आन्दोलनलाई निषेध गर्थ्यो र शान्तिपूर्ण, वैधानिक बाटोका साथै “हतार गर्नु हुँदैन”, “आत्मगत स्थिति तयार हुनुपर्छ”, “समय भएको छैन” भन्ने चिन्तनको प्रतिनिधित्व गर्थ्यो । त्यसैले क्यापक्कायले **टिआइआइकेपी**सितको सम्बन्ध विच्छेद गरेर सही मार्क्सवादी-लेनिनवादी पार्टी, एउटा यस्तो पार्टीको निर्माण गर्नुभयो, जसले मार्क्सवाद-लेनिनवादमा माओले गरेको विकासलाई जोड्नु आवश्यक ठान्थ्यो, यस्तो पार्टी जसले क्रान्तिको नेतृत्व गर्न सक्थ्यो ।

नेतृत्वबाट अघि सारिएको सशस्त्र सङ्घर्षसम्बन्धी संशोधनवादी धारणाको क्यापक्काले यसरी खारेज गर्नुभएको थियो :

“पहिलो, सफाक संशोधनवादीहरूले किसान र मजदुरहरूलाई अध्ययन समुहमा सङ्गठित गर्ने सङ्गठनात्मक नीति अँगाले । समाजमा दमन तीव्र अवस्थामा रहेको र जुझारु सङ्गठन निर्माणको आवश्यकता रहेको बेला उनीहरूले जनताको ध्यान सशस्त्र सङ्घर्षबाट पत्रपत्रिका अध्ययनको वरिपरि केन्द्रित गरे । संशोधनवादीहरूले वर्गदुस्मनप्रतिको किसान-मजदुरको घृणा र सशस्त्र सङ्घर्षमा सहभागी हुने उनीहरूको चाहनालाई रोक्तै मार्क्सवादी-लेनिनवादी अध्ययन समुहमा रहेर अध्ययन गरेपछि मात्रै त्यतातर्फ सोच्नुपर्ने भनेर अध्ययन समुहमा समाविष्ट हुने कुरालाई पहिलो सर्तका रूपमा अघि सारे । त्यसैगरी जो मार्क्सवाद-लेनिनवादको अध्ययनमा अब्बल छ, उही नै सशस्त्र सङ्घर्षमा पनि अब्बल हुन्छ भन्ने विसङ्गतिपूर्ण विचार अघिसारे । यस किसिमका विचारहरू अरू केही नभएर सुधारवादी निम्नबुर्जुवा संशोधनवादी लाइनका उपज थिए ।”

“क्रान्तिकारी जनकार्य” का नाममा आएका यस किसिमका विभिन्न गलत चिन्तनका विरुद्ध क्यापक्कायले जनसमुदायसित सम्बद्ध क्रान्तिकारी सही मार्क्सवादी-लेनिनवादी चिन्तनलाई अघि सार्नुभयो ।  किसानहरूमाझ सङ्गठनलाई कसरी पुऱ्याउने र उनीहरूलाई कसरी सङ्गठित गर्ने भन्ने कुरामा चिन्ता र चिन्तन केन्द्रित गर्दै वहाँले यसरी मार्क्सवादी-लेनिनवादीहरूको नीति प्रस्ट पार्नुभयो :

“हरेक गाउँमा उत्पादन कार्यमा निरन्तर लागिरहेका क्रान्तिकारी गरिब किसानहरूबाट सशस्त्र दस्ता, खास गरेर किसान दस्ता बनाउनु आवश्यक छ  । पार्टीको कामको जिम्मा लिएका एकाइ र सेल कमिटीहरूबाट गाउँ कमिटी बनाउनु आवश्यक छ । यसका साथै कम्तीमा पनि गाउँस्तरीय संरचनामा आधारित भएर पेशेवर छापामार सङ्गठनको निर्माण गर्नु आवश्यक छ ।  यस किसिमको सङ्गठनात्मक कामको उद्देश्य कृषि मजदुर तथा गरिब किसानका बीचबाट पार्टी र सशस्त्र जनसेना निर्माण गर्नु हो । शस्त्र सङ्घर्षकै बीचबाट पार्टीको निर्माण र विस्तार

पनि हुँदैजानेछ । पार्टी निर्माणको कडी, किसानलाई कसरी सङ्गठित गर्ने भन्ने कुरा, छापामार एकाइ र ग्रामिण मिलिसियालाई सङ्गठित गर्ने कुरासित गाँसिएको छ ।"

('दि रुट्स अफ दि डेभ्लप्मेन्ट अफ आवर डिफ्रेन्सेज विथ दि रिभिजियोज्मि अफ सफाक : ए जेनरल क्रिटिसिज्म अफ दि सफाक', जुन १९७२ ) ।

त्यसैगरी सफाक संशोधनवादीहरूले पार्टी राष्ट्रिय स्तरमा विकसित भएर आम जनतालाई नेतृत्व गर्न सक्षम भएपछि मात्रै सशस्त्र सङ्घर्षमा जान सकिन्छ भन्ने धारणालाई पूर्वसर्तका रूपमा अघि सारेका थिए । सफाक संशोधनवादीहरूले सहरी आन्दोलन र समर्थनबाट आरम्भ गरेर विस्तारै सिङ्गो भूगोलमा आन्दोलन फैलिएपछि मात्रै सशस्त्र सङ्घर्षको थालनी गर्न सकिन्छ भन्ने धारणा राखे । पार्टीको सहयोगमा देशव्यापी रूपमा व्यापक रूपमा किसान आन्दोलन विस्तार भएपछि मात्रै लाल सत्ता (मुक्त इलाका) निर्माण हुनसक्छ भन्ने दलिल संशोधनवादीहरूको थियो ।

सशस्त्र सङ्घर्षसम्बन्धी यो धारणा पार्टी र जनयुद्धको द्वन्द्वात्मक विकासलाई बुझ्न असमर्थ दक्षिणपन्थी संशोधनवादी चिन्तनको उपज हो भन्दै कमरेड क्यापक्कायले सफाकको संशोधनवादी चिन्तनलाई यसरी उत्तर दिनुभयो :

"लाल आधारइलाका निर्माणका लागि संशोधनवादीहरू तलदेखि विस्तारै माथि, सामान्यबाट उच्चतातिर, , कमजोरबाट बलियोतिर, सरलबाट जटिलतातर्फको दीर्घकालीन छापामार गतिविधिको आवश्यकता बोध गर्दैनन् । साथै उनीहरू विस्तारै जनसेना निर्माण, छापामार युद्धको विकास अनि स्थायी सैनिक दस्ताहरू, छापामार युद्धलाई चलायमान युद्धमा फेर्ने कुराप्रति पनि चासो दिँदैनन् । वास्तवमा उनीहरू यसतर्फ सोच्ता पनि सोच्तैनन् । उनीहरू खास क्षेत्रमा लाल आधारक्षेत्र निर्माणका लागि पूर्वसर्तका रूपमा आमकिसान विद्रोहको आवश्यकताको माग गर्छन् ।...शान्तिपूर्ण सङ्घर्षका आधारमा सङ्गठन निर्माण गर्नु भनेको नाम मात्रको सङ्गठन बनाउनु हो । यस्तो सङ्गठन खोक्रो हुन्छ । यस किसिमको सङ्गठन देशैभरि भए पनि यसले जनताको जुझारु सङ्घर्षको नेतृत्व प्रदान गर्न सक्तैन, सशस्त्र सङ्घर्षलाई अगाडि बढाउन सक्तैन र स्वेत आतङ्क चर्केको बेला तासको घरझैं यो धराशायी बन्छ ।"

त्यसैगरी संशोधनवादीहरूले जोड दिएको अर्को कुरा समग्र जनता सशस्त्र सङ्घर्षका लागि तयार नहोउन्ज यसको थालनी गर्नु हुँदैन भन्ने हो । क्रान्तिको असमान विकासको स्थितिलाई बुझ्न असमर्थ संशोधनवादीहरूले आफुलाई आदर्शवादी सिद्धान्तको चौघेरामा बन्द गराएपछि क्यापक्कायले त्यसको खण्डन गर्दै भन्नुभयो :

"समग्र जनता सशस्त्र सङ्घर्षका लागि तयार नहोउन्ज यसलाई अगाडि बढाउनु हुन्न भनेर संशोधनवादीहरू किसानको जुझारु शक्तिलाई न्यूनीकरण गर्दै उनीहरूलाई नेतृत्व प्रदान गरेर अघि बढ्नुपर्ने जिम्मेवारीबाट पछि हटेका छन् ।"

त्यस्तैगरी संशोधनवादीहरूले राजनीतिक सङ्घर्ष र सशस्त्र सङ्घर्षको पनि अचम्मै किसिमले विरोध गरेका थिए । क्यापक्कायले राजनीतिक सङ्घर्षको केन्द्रमा छापामार दस्तालाई अघि सारेर आन्दोलनतलाई सैन्य दृष्टिकोणले मात्र हेरेका छन् भनेर सफाक संशोधनवादीहरूले आरोप लगाएका थिए । राजनीतिक सङ्घर्षको सशस्त्र रूप भनेको सशस्त्र सङ्घर्ष नै हो र यो नै सङ्घर्षको प्रधान रूप हो भन्ने कुरा बुझ्न अक्षम संशोधनवादीहरूले वास्तवमा सशस्त्र सङ्घर्षसम्बन्धी महत्वपूर्ण विचारलाई नै खारेज गरेका थिए । अहिलेको संशोधनवादीहरू पनि यसै भन्ने गर्छन् । वास्तवमा सशस्त्र सङ्घर्षलाई राजनीतिक उद्देश्य पूरा गर्न अघि बढाउने कुरा र सैन्य दृष्टिकोण मात्र राखेर लड्नका लागि केवल लड्ने कुरा फरक हुन् । सशस्त्र सङ्घर्ष भनेको लड्नका लागि लड्ने नभएर क्रान्तिकारी राजनीतिक उद्देश्य प्राप्तिका लागि अँगालिने बाटो हो र यो पनि आफैँमा राजनीतिक गतिविधि हो भनेर क्यापक्कायले प्रस्ट पार्नुभयो ।

सशस्त्र सङ्घर्षको अर्थ आम जनआन्दोलन र प्रचारात्मक कार्यहरूको विरोध गर्नु होइन भन्ने कुरामा क्यापक्काय प्रस्ट हुनुहुन्थो र यसलाई वहाँले यसरी प्रस्ट पार्नुभयो :

"हाम्रो देशमा पनि जनताको सेनाका रूपमा गठित छापामार सेना केवल लडाइँ लड्नमा मात्र आफुलाई सीमित गर्दैन । सो कार्यसँगै जनआन्दोलनहरूमा सहभागी हुनु र राजनीतिक प्रचार र जनताका दैनिक काममा सरिक हुनु पनि उसको भूमिका हुन्छ । जनतासित छापामार सेना घनिष्ठ रूपमा गाँसिएको हुन्छ । यी भलादमीहरू राजनीतिक सङ्घर्षलाई सशस्त्र सङ्घर्षभन्दा फरक ठान्दछन् र राजनीतिक सङ्घर्ष भनेको प्रचारात्मक गतिविधि र शान्तिपूर्ण गतिविधि मात्र हो भन्ने ठान्दछन्, उनीहरू हामीले राजनीतिक गतिविधि, जनप्रदर्शन र प्रचारप्रसार र आम जनसमुदायसित सम्बद्ध कामलाई बेवास्ता गरेको भनेर आरोप लगाउँछन् । वास्तवमा उनीहरू राजनीतिक आन्दोलन भनेको शान्तिपूर्ण सभा, जुलुस र गतिविधिहरू मात्र हुन् भन्ने मान्दछन् र जुझारु कामलाई परित्याग गर्छन् ।"

('दि रुट्स अफ दि डेभ्लप्मेन्ट अफ आवर डिफ्रेन्सेज विथ दि रिभिजियोज्मि अफ सफाक : ए जेनरल क्रिटिसिज्म अफ दि सफाक', जुन १९७२ ) ।

## केमावाद विरूद्धको सङ्घर्ष : केमावाद भनेको फासिवाद हो

कमरेड क्यापक्कायले लडेको अर्को मोर्चा, मूल मोर्चा प्रतिक्रियावादी मोर्चा थियो । त्यतिबेर त्यो मोर्चा केमालिन नामले चिनिन्थ्यो । सामन्तवादसित सङ्घर्ष गरेर सत्तामा आएको यो मोर्चालाई कतिपयले सङ्घर्षबाट आएको प्रगतिशील र राष्ट्रवादी शक्ति भनेर पनि व्याख्या गर्थे र यसको विरोधमा सोझै जानु हुँदैन भन्थे । कमरेड क्यापक्कायले यस किसिमको भनाइमा वैचारिक भन्दा पनि भावनात्मक पक्ष प्रधान रहेको भन्दै केमालिनको सही वर्गचरित्रको व्याख्या विश्लेषण गरिनुपर्ने कुरामा जोड दिनुभयो ।

इब्राहिम क्यापक्कायले नै केमावादी विचारको वर्ग चरित्रलाई ठिक ढङ्गले पहिलोपल्ट वैज्ञानिक किसिमले परिभाषित गर्नुभयो । केमावादलाई राष्ट्रिय निम्न-पुँजीपति वर्ग अथवा राष्ट्रिय पुँजीपति वर्गसित सम्बद्ध प्रगतिशील विचार र आन्दोलनकारी पार्टीका रूपमा हेर्ने सबै अवसरवादी व्याख्यालाई वहाँको व्याख्याले खारेज गरिदियो । केमावाद दलाल पुँजीवादी विचारधारा हो र यसले प्रत्यक्ष औपनिवेशिक शासनको विरोध गरे पनि मुलुकको अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक संरचनालाई बाचाइराख्न चाहन्छ भनेर क्यापक्कायले प्रस्ट पार्नुभयो । यसरी वहाँले मुस्तफा केमाल (आतातुर्क) लाई टर्कीका सन यात सेन बनाउन खोज्नेहरूका विपरीत केमाल सन यात सेन होइन, बरु च्याङ काइ-सेक हुनसक्छन् भनेर प्रस्ट पार्नुभयो ।

## क्यापक्कायले केमावादका विरूद्ध यसरी आफ्नो धारणा प्रस्ट पार्नुभयो :

"टर्कीको यथार्थले हामीलाई भन्छ : केमावाद भनेको साम्यवाद-विरोधी पाखण्डपूर्ण चिन्तन हो । केमावादीहरूले मुस्तफा सुफी (टर्की कम्युनिस्ट पार्टीका पहिलो अध्यक्ष) र अन्य १४ जना कमरेडहरूको निर्ममतापूर्वक हत्या गरेका छन् । सुफीको हत्यापछि पार्टीले त्यो नाम हटाए पनि उनीहरूले टर्की कम्युनिस्ट पार्टीलाई तहसनहस पारे । अमेरिकी फासिवादी मार्सल लले आजभोलि जे गर्छ, केमावादीहरूले टर्कीमा धेरैपल्ट त्यसो गरेका छन् । हरेक दुई वर्षमा, प्राय गरेर कम्तीमा पनि वर्षमा एकपटक जेल खाली गर्ने नाममा यातना र हत्याको शृङ्खला चलाइको छ ।

केमालिनको अर्थ मजदुर-किसान तथा आमजनताको वर्गसङ्घर्षमाथि नृशंस दमन हो, सहरी निम्नपुँजीपति वर्ग र तल्लो तहका कर्मचारीहरूमाथि निगरानी र त्रास हो । केमावाद भनेको मजदुरमाथि बन्दुकको कुन्दाले प्रहार गर्नु, गोली ठोक्नु, हत्या गर्नु, जेल पठाउनु र न्यायपूर्ण मागसित सम्बद्ध ट्रेड युनियनहरूको सङ्घर्ष र हडताललाई निषेधित गर्नु हो । किसानको सन्दर्भमा केमालिन भनेको जमिनदारहरूको अत्याचार, प्रहरी दमन, कुटपिट, अदालत, जेल सजाय गर्दै सङ्गठनमाथि प्रतिबन्ध लगाउनु हो । सबै कमरेडहरूले कसरी अदाना-नुसायबिनका मजदुरहरूलाई गोली ठोकेर मारिएको थियो भन्ने कुरा कमरेड सुच्नुरोवले दिनुभएको उदाहरणको सम्झना गर्नु आवश्यक छ ।

केमावाद भनेको सबै किसिमका प्रगतिशील

तथा प्रजातन्त्रवादी चिन्तनमाथिको लगाम हो। केमावादको प्रशंसा नगर्ने कुनै पनि प्रकाशन कार्यलाई प्रतिबन्धित गरिन्छ। केमालिन सरकारका विरुद्ध कुनै एउटा रचना बाहिर आयो मात्रै पनि त्यो प्रकाशन संस्था सधैँका लागि बन्द हुन्छ। बितेका चार वर्षदेखि मुलुकमा कहिल्यै समाप्त नहुने ' मार्सल ल' को आतङ्क चलेको छ। संसद् पनि सदाबहार राष्ट्रपति केमालिनद्वारा परिचालित एउटा गुटको खेलौना मात्र प्रमाणित भएको छ। संविधान र कानुनको स्थिति पनि त्यस्तै छ, वास्तवमा मुलुकलाई सेनाले चलाइरहेको छ।

केमालिनको अर्थ सबै क्षेत्रमा तुर्क प्रभुत्ववादको हालिमुहाली हो र उत्पीडित राष्ट्रहरू तथा अल्पसङ्ख्यकहरूमाथि दमन र आम हत्या हो। केमावादको "पूर्ण स्वतन्त्रता' को सिद्धान्तको अर्थ अर्ध-औपनिवेशिक स्थितिको सर्वस्वीकार्य हो।

केमालवादीहरूको टर्की अर्ध-औपनिवेशिक टर्की हो। केमालवादी सरकार भनेको त्यस्तो संयुक्त सरकार हो, जुनचाहिँ पहिले ब्रिटिस र फ्रान्सेली साम्राज्यावादको नोकर थियो र त्यसपछि जर्मन साम्राज्यवादको। कामरेड सोच्नुरोभले भन्नुभएझैँ केमालिदनवादीहरूको वर्गवन्धुत्व मुलुकको हितप्रति भन्दा साम्राज्यवादीहरूप्रति बढी छ। यी सबै तथ्यहरूले केमालवादको वर्ग चरित्रलाई प्रदर्शित गर्छन्, केमालवादले कुन वर्गको विचारधारालाई प्रतिनिधित्व गर्छ त : केमालवाद टर्कीका दक्षिणपन्थी ठुला र मध्यम वर्गीय दलाल पुँजीपति वर्गको विचारधारा हो। केमालवादी तानाशाही सैन्य फासिवादी तानासाही हो।"

("सफाक्स रिभिजियोनिस्ट थेसिस अन दि केमालिस्ट मोभमेन्ट, केमालिस्ट गभमेन्ट पिरियड, वर्ल्डवार २, पोस्ट-वार पिरियड एन्ड मे २७", जनवरी १९७२)

कमरेड क्यापक्कायको माथिको भनाइले नेपाली समाज र यहाँका कतिपय पार्टीले आन्दोलनबाट आएको वर्तमान प्रतिक्रियावादी व्यवस्थाका बारेमा गर्ने गरेका व्याख्याको सम्झना दिलाउँछ। केमालिनवादीहरूलाई आन्दोलनबाट आएको प्रगतिशील शक्ति ठानेर नरम हुने टर्कीका वामपन्थीहरूझैँ वर्तमान सत्ता आन्दोलनबाट आएको र यसका प्राप्तिहरूको उपयोग गर्नुपर्छ भन्दै यसप्रति नरम हुने र यसलाई बलियो बनाउने काम नेपालका कतिपय 'क्रान्तिकारीहरू' ले पनि गरिरहेका छन्। केमालिनवाद र केमालिन सरकारप्रति क्यापक्कायको व्याख्याबाट हामीले पनि सिक्नु जरूरी छ।

## कुर्दिस राष्ट्रिय मुक्ति आन्दोलनप्रति समर्थन

टर्कीको वर्गीय संरचनाका झैँ भौगोलिक तथा जातिगत संरचना पनि विशिष्ट किसिमको छ। वर्षौँदेखि त्यहाँ कुर्दिस्तानका लागि कुर्दहरूको सङ्घर्ष जारी छ। यो आन्दोलनलाई निरपेक्ष रूपमा जातीय आन्दोलनमा सीमित गर्ने वर्गीय आन्दोलनसित जोडिन नचाहने, कम्युनिस्ट आन्दोलनप्रति नकारात्मक भाव राख्ने कुर्दवादी जातिवादीहरू थिए। कमरेड क्यापक्कायले तिनको आलोचना गर्नुका साथै जातीय उत्पीडन, राष्ट्रिय मुक्ति आन्दोलनप्रति उदासीनता प्रकट गर्ने साम्यवादी आन्दोलनभित्रको प्रवृत्तिको पनि विरोध गर्नुभयो र वैज्ञानिक दृष्टिकोण अघि सार्नुभयो।

'दि नेस्नल कोइस्चन इन टर्की (डिसेम्बर १९७२) नामक दस्ताबेजमा इब्राहिम क्यापक्कायले कुर्द राष्ट्रिय आन्दोलनको जनवादी सारतत्वमाथि प्रकाश पार्नुभएको छ। वहाँले टर्कीको विशिष्टामा कुर्दहरूको स्वनिर्णयको अधिकारलाई बिनाहिचकिचाहट समर्थन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो। तुर्क सर्वहारा वर्गको समेत सत्रु टर्कीको सत्ताधारी वर्गले चलाएको प्रभुत्ववादका विरुद्ध लड्नुपर्ने कुरामा समेत जोड दिँदै क्यापक्कायले कुर्द राष्ट्रिय मुक्ति आन्दोलनलाई वर्गीय आन्दोलनसित जोडेर लानुपर्ने कुरामा जोड दिनुभयो। दुवै थरी एउटै शक्तिको दमनमा परेकाले मूल सत्रुका विरुद्ध मिलेर जानुपर्ने कुरामा कमरेड क्यापक्कायले जोड दिँदै यसलाई यसरी प्रस्ट पार्नुभएको छ :

"आमरूपमा मार्क्सवाद-लेनिनवादले उत्पीडित राष्ट्रहरूको सङ्घर्षलाई समर्थन गर्छ र विशिष्ट रूपमा मार्क्सवादी-लेनिनवादीहरूले कुर्दिस राष्ट्रमाथि भएको राष्ट्रिय उत्पीडन, अपहेलना र दमनको विरोध गर्नुका साथै उत्पीडित राष्ट्रहरूको

राष्ट्रिय मुक्ति आन्दोलनमा निहित जनवादी सारतत्वलाई पूर्णरूपमा समर्थन गर्छन् ।

मार्क्सवादी-लेनिनवादी आन्दोलन भनेको जमिनदारहरू, मुल्ला र सेखहरूले राज्यसत्तासित मिलेर जनतामाथि गरेका दमनका विरुद्ध लडिरहेको आन्दोलन हो, र यो जातीय उत्पीडन विरूद्धको पनि आन्दोलन हो ।" 'दि नेस्नल क्वेइस्चन इन टर्की, डिसेम्बर, १९७१) ।

## दीर्घकालीन जनयुद्धको माध्यमबाट नयाँ जनवादी क्रान्ति पूरा गर्ने प्रतिबद्धता

इब्राहिम क्यापक्कायले टर्किस सर्वहारालाई शक्तिशाली हतियारले सशस्त्र तुल्याउनुभयो : उहाँले टर्कीको विशिष्ट परिस्थितिमा दीर्घकालीन जनयुद्धको रणनीति अँगालेर नयाँ जनवादी क्रान्तिको नेतृत्व गर्न लायक मार्क्सवाद-लेनिनवाद-माओवादमा आधारित कम्युनिस्ट पार्टी टिकेपी/एमएल गठन गर्नुभयो । वहाँले टर्कीको समाजको वैज्ञानिक विश्लेषण गर्दै प्रधान दुस्मन र सहयोगी शक्तिको व्याख्या गर्नुभयो । वहाँले मिहिर चायनको सशस्त्र संशोधनवाद र सफाकको सुधारवादी दक्षिणपन्थी संशोधनवादको चिरफार गर्दै मालेमामा आधारित दीर्घकालीन जनयुद्धको बाटोबाट मात्रै नयाँ जनवादी क्रान्तिको उद्देश्य प्राप्त गर्न सकिन्छ भनेर विचार र नीति, योजना र कार्यक्रमलाई व्यवहारमा अघि बढाउन जोड दिनुभयो ।

आज पनि टर्कीको संरचनात्मक चरित्र यथावत छ, यो अझै पनि अर्धसामन्ती तथा अर्धऔपनिवेशिक छ । क्यापक्कायको विचारले टर्कीमा वर्गसंचेतनाको सबैभन्दा विकसित रूपलाई प्रतिनिधित्व गर्छ । इब्राहिम क्यापक्कायका विचारहरू टर्कीका जनताको मुक्तिका लागि बहुमूल्य सम्पति हुन् । यी विचारहरू टर्कीको नयाँ जनवादी क्रान्तिका सन्दर्भमा मात्र नभएर क्रान्तिप्रति प्रतिबद्ध हरेक कम्युनिस्टले गम्भीरताका साथ ग्रहण गर्नुपर्ने विचार हुन् ।

## अहिलेको स्थिति :

कमरेड क्यापक्कायको सहादतपछि पार्टी टिकेपी/एमएल तिनचार टुक्रामा विभाजित भयो । केही दिन यसका गतिविधिमा सुस्तता आए पनि मूल पार्टीले कमरेड क्यापक्कायले कोरेको बाटो र स्थापना गरेका नीति र योजनालाई निरन्तरता दियो र अहिले यो फेरि टर्कीको क्रान्तिकारी आन्दोलनको मूल शक्तिका रूपमा गतिशील र क्रियाशील छ ।

आज, पार्टी टिकेपी/एमएल र उसको सैन्य दस्ता **टिक्को** जीवन्त छ र वर्गदुस्मन विरुद्ध लडिरहेको छ । टर्कीको आर्थिक-सामाजिक विशिष्टतामा यो जनयुद्धको दिशामा निरन्तर अघि बढिरहेको छ । यसले नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न टर्कीको सिरिया र इराक, इरानको सिमानामा कुर्द राष्ट्रिय मुक्ति आन्दोलनका लागि लडिरहेकाहरूसित संयुक्त मोर्चा बनाएको छ । टिकेपी/एमएलले साम्राज्यवाद, नोकरसाही पुँजीवाद र सामन्तवादलाई परास्त गर्न विश्वका उत्पीडित जनताका सामु दीर्घकालीन जनयुद्धको सबल उदाहरण प्रस्तुत गरेको छ ।

टिकेपी/एमएलले कमरेड क्यापक्कायको ४० औँ स्मृति सन्दर्भमा आफ्नो अभिमत यसरी जाहेर गरेको थियो : "हामीहरू कमरेड क्यापक्कायको महान् विराशत हाम्रो पार्टी टिकेपी/एमएलको नेतृत्वमा कमरेड क्यापक्कायले अघि सार्नुभएको सिद्धान्तहरू र वहाँको दृढता र प्रतिबद्धतामा आधारित भएर क्रान्तिको लक्ष हासिल गर्नेछौँ । हाम्रो कम्युनिस्ट आस्था र विश्वास र ४१ वर्षको कम्युनिस्ट पहिचानले हामी यो लक्ष पूरा गर्न सक्षम छौँ भनेर साबित गरिसकेको छ ।"

हामी टिकेपी/एमएल र उसको सैन्य दस्ता टिक्कोप्रति क्रान्तिकारी सलाम प्रकट गर्छौँ । हामी साम्राज्यवाद र टर्कीको फासिवादका विरुद्ध नयाँ जनवादी क्रान्ति चलाइरहेका क्रान्तिकारीहरूलाई सलाम गर्छौं र हामी साम्राज्यवाद र टर्कीको फासिवादका विरुद्धको लडाइँमा सहादत प्राप्त गर्ने कमरेडहरू तथा जनसमुदायप्रति क्रान्तिकारी सलाम भन्छौँ । कमरेड क्यापक्काय र टर्कीको क्रान्तिकारी इतिहास हाम्रा लागि पनि शिक्षाको इतिहास हो । यसबाट शिक्षा ग्रहण गरेर हामीले आफुलाई ऊर्जावान बनाउन सक्छौँ ।

# उदारतावादको विरोध गर

७ सेप्टेम्बर १९३७



— माओ त्से-तुङ

हामी सक्रिय विचारधारात्मक संघर्षको पक्षमा छौं किनभने यो हाम्रो संघर्षको स्वार्थको निम्ति पार्टीभित्र र क्रान्तिकारी संगठनहरुमा एकतालाई सुनिश्चित पार्ने एउटा हतियार हो । प्रत्येक कम्युनिस्ट र क्रान्तिकारीले यो हतियार प्रयोग गर्नैपर्छ ।

तर उदारवादले भने विचारधारात्मक संघर्षलाई इन्कार गर्छ र सिद्धान्तहीन शान्तिको पक्ष लिन्छ, यस प्रकार यसले एउटा पतनशील, सभ्य प्रवृत्ति जन्माउँछ र पार्टी र क्रान्तिकारी संगठनहरुका कुनै कुनै एकाईहरु र व्यक्तिहरुलाई राजनैतिक पतनतर्फ लैजान्छ ।

उदारवाद अनेकौं रुपमा प्रकट हुन्छ ।

कुनै व्यक्तिले गलत बाटो लिएको कुरा स्पष्ट हुँदा हुँदै पनि शान्ति र मितेरीको निम्ति स्थिति लथालिङ्ग हुन दिइरहनु र त्यो व्यक्ति पुरानो चिनारु, एउटै शहरको बासिन्दा, विद्यालयको साथी, घनिष्ट मित्र, प्यारो व्यक्ति, पुरानो सहकर्मी वा पुरानो सहायक हुनाले उसित सिद्धान्तको आधारमा तर्क-वितर्क नगर्नु । अथवा समस्यालाई पूरापूर फर्स्योट गर्नुको सट्टा सो व्यक्तिसित आफ्नो सुसम्बन्ध कायमै राख्ने मनसायले समस्यालाई खाली बोक्रे पाराले छुनु । यसको परिणामस्वरुप संगठन र व्यक्ति दुबैलाई हानी नोक्सानी हुनजान्छ । यो पहिलो किसिमको उदारवाद हो ।

सक्रियतासाथ संगठनको अगाडि आफ्नो सुझाबहरु राख्नुको सट्टा एकान्तमा गैरजिम्मेवारीपूर्ण आलोचना गर्नु । मानिसहरुको सामुन्ने केही नभन्नु तर उनीहरुका कन्नापछाडि कुरा काट्नु अथवा बैठकमा चुइक्क नबोल्नु तर पछि गएर कुरा काट्नु । सामुहिक जीवनका सिद्धान्तहरुप्रति एकरत्ती आदरभाव नदेखाउनु तर आफ्नै लहड अनुसार चल्नु यो दोस्रो किसिमको उदारवाद हो ।

कुनै कुराले अफूलाई सोझो असर पार्दैन भने त्यसलाई अलपत्र हुन दिइरहनु, गलत कुरा राम्ररी बुझ्दा बुझ्दै पनि भरिसक्के थोरै बोल्नु, आफ्नै दुनो सोझ्याउन र ताक जोगाउन छट्टु हुनु र खालि दोष पन्छाउन खोज्नु । यो तेस्रो किसिमको उदारवाद हो ।

आदेशहरुको पालना नगर्नु तर आफ्नै रायहरुलाई सर्वोच्च स्थानमा राख्नु । संगठनसित विशेष व्यवहारको माग गर्नु तर त्यसको अनुशासन मान्न इन्कार गर्नु । यो चौथो किसिमको उदारवाद हो ।

एकता गर्ने वा प्रगति गर्ने वा उचित तरिकाले कार्य सञ्चालन गर्ने हेतुले गलत विचारहरुको विरुद्ध संघर्ष वा वादविवाद चलाउनुको सट्टा व्यक्तिगत आक्षेप लगाउनु, झैझगडा सुरु गर्नु, व्यक्तिगत ईर्ष्या प्रकट गर्नु वा साटो फेर्न खोज्नु । यो पाँचौ किसिमको उदारवाद हो ।

गलत विचारहरु सुनेर पनि तिनको खण्डन नगर्नु र अझ प्रतिक्रान्तिकारी कुराहरु सुनेर पनि त्यस बारे रिपोर्ट नदिनु, तर त्यसको सट्टा केही भएकै छैन जस्तो गरी शान्त ढङ्गले ती कुरा सुन्नु । यो छैटौं किसिमको उदारवाद हो ।

जनसमुहको माझमा रहेर पनि प्रचार कार्य र आन्दोलन नचलाउनु वा बैठकहरुमा नबोल्नु वा जाँचबुझ र सोधपुछ नगर्नु, तर त्यसको सट्टा जनसमुहलाई बेवास्ताको दृष्टिले हेर्नु र तिनको सुख-सुबिधाप्रति ध्यान नदिनु, आफु कम्युनिस्ट हुँ भन्ने कुरा बिर्सेर साधारण अकम्युनिस्टले झैं व्यवहार गर्नु । यो सातौं किसिमको उदारवाद हो ।

कसैले जनसमुहको स्वार्थमा हानी नोक्सानी गरिरहेको कुरा देखेर पनि क्रोधको अनुभव नगर्नु, वा त्यस्तो व्यक्तिलाई हतोत्साहीत गर्नु वा त्यसो गर्नबाट रोक्नु वा ऊसित तर्कबितर्क गर्नुको सट्टा उसलाई त्यसो गर्न दिइरहनु । यो आठौं किसिमको

उदारवाद हो ।

निश्चित योजना वा दिशा बेगर मन नलगाई नलगाई काम गर्नु, लापरबाही साथ जेनतेन आफ्नो काम गर्दै र "म बौद्ध भिक्षु छउन्जेल घण्टी बजाई रहन्छु" भन्ने हिसाबले दिन काट्दै जानु । यो नवौं किसिमको उदारवाद हो ।

आफुले क्रान्तिप्रति ज्यादै ठुलो योगदान गरेको छु भन्ठान्नु, आफुलाई धुरन्धर ठान्दै फूईँ गर्नु, सानातिना कामहरुलाई हेलाको दृष्टिले हेर्ने तर ठूल्ठुला काम गर्ने खुबी भने एकरत्ती नहुनु, काममा लापर्वाही र अध्ययनमा अल्छी हुनु यो दशौं किसिमको उदारतावाद हो ।

आफ्ना गल्तीहरु बारे सजग हुँदा हुँदै पनि तिनलाई सच्चाउने प्रयत्न नगरिकन आफुप्रति उदार दृष्टिकोण लिनु । यो एघारौं किसिमको उदारवाद हो ।

हामी उदारवादका अरु अरु रुप पनि प्रस्तुत गर्न सक्थ्यौं । तर यी एघारवटा मुख्य हुन् । यी सबै उदारवादकै प्रकट रुप हुन् ।

उदारवाद क्रान्तिकारी संगठनको निम्ति अचाक्लि हानिकारक हुन्छ । यो एउटा घुन जस्तै हो, जसले एकतालाई खान्छ, बन्धुभावलाई कमजोर पार्छ, काममा निष्क्रियता पैदा गर्दछ र कलहको सिर्जना गर्छ । यसले क्रान्तिकारी पङ्क्तिहरुलाई ठोस संगठन र कठोर अनुशासनबाट बञ्चित गर्छ, तिनीहरुलाई पूर्णरुपले लागू हुनबाट रोक्छ र पार्टीले नेतृत्व गर्ने जन समुहबाट पार्टीलाई अलग्याउँछ । यो ज्यादै खराब प्रवृत्ति हो ।

उदारवाद निम्न-पुँजीवादी स्वार्थबाट जन्मन्छ; यसले व्यक्तिगत स्वार्थलाई पहिलो दर्जामा र क्रान्तिको स्वार्थलाई दोस्रो दर्जामा राख्दछ र यसैबाट विचारधारात्मक राजनैतिक र संगठनात्मक उदारवादको उदय हुन्छ ।

उदारवादीहरुले मार्क्सवादलाई खोक्रो जडसूत्रको रुपमा हेर्ने गर्छन् । तिनले मार्क्सवादलाई स्वीकार त गर्छन् तर यसलाई लागू गर्न वा पूर्णरुपले लागू गर्न भने तिनीहरु तयार हुँदैनन्, तिनीहरु उदारवादको स्थानमा मार्क्सवादलाई राख्न तयार हुँदैनन् । यी मानिसहरुसित आफ्नै मार्क्सवाद हुन्छ तर तिनीहरुसित आफ्नै उदारवाद पनि हुन्छ - तिनले मार्क्सवादका कुरा गर्छन् तर उदारवाद लागू गर्छन्; तिनले अरु मानिसहरुमाथि मार्क्सवाद लागू गर्छन् तर आफैमाथि भने उदारवाद लागू गर्छन् । तिनले आफ्नो भण्डारमा यी दुवै खालका सामान राख्छन् र दुवैको उपयोग गर्छन् । केही मानिसहरुका दिमागले यस ढङ्गले काम गर्छन् ।

उदारवाद अवसरवादकै एउटा प्रकट रुप हो र मार्क्सवादसित यसको आधारभूत फाटो छ । यसको रुप नकारात्मक हुन्छ र वस्तुगत रुपमा यसले शत्रुलाई सहायता गर्ने गर्छ, त्यसैले हाम्रो माझमा हुने उदारवादको बचाउ कार्यलाई शत्रुले स्वगत गर्छ । उदारवादको प्रकृति यस खालको हुनाले हामी क्रान्तिकारी पङ्क्तिहरुमा यसलाई खुट्टा टेक्ने ठाउँ दिनु हुँदैन ।

नकारात्मक प्रकृति भएका उदारवादलाई पछार्न हामीले सकारात्मक प्रकृति भएको मार्क्सवादलाई प्रयोग गर्नैपर्छ । कम्युनिस्टको हृदय विशाल हुनुपर्छ र उसले निष्ठावान् र सक्रिय हुनुपर्छ, उसले क्रान्तिका स्वार्थहरुलाई आफ्नो प्राणभन्दा बढी मूल्यवान ठान्नुपर्छ र आफ्ना व्यक्तिगत स्वार्थहरुलाई क्रान्तिको स्वार्थमुनि राख्नुपर्छ; उसले हरेक ठाउँमा र सँधै नै सही सिद्धान्तमा डट्नै पर्छ र सबै गलत विचारहरु र कार्यहरुको विरुद्ध अथक संघर्ष चलाउनुपर्छ, जसबाट पार्टीको सामूहिक जीवनलाई सुदृढ पार्न र पार्टी र जनसमुह माझको सम्बन्धलाई दरिलो पार्न सकियोस्; उसले कुनै व्यक्ति विशेष बारे भन्दा पार्टी र जनसमुह बारे बढी चिन्ता लिनुपर्छ र आफ्नै बारेमा भन्दा अरु मानिसहरुको बारेमा बढी चिन्ता लिनुपर्छ । यसो गरेमा मात्र उसलाई कम्युनिस्ट मान्न सकिनेछ ।

सबै बफादार, इमान्दार, सक्रिय र सच्चा कम्युनिस्टहरुले हाम्रो माझमा केही मानिसहरुले प्रदर्शन गरेका उदारवादी प्रवृत्तिहरुको विरोध गर्न एकतावद्ध हुनैपर्छ र यी मानिसहरुलाई सही बाटोतिर लगाउनैपर्छ । यो हाम्रो विचारधारात्मक मोर्चाका कामहरुमध्येको एउटा काम हो ।

**अनुवाद : खगेन्द्र संग्रौला**

## अनुवाद

# बुद्धिजीवीहरूको पुनर्शिक्षा सम्बन्धमा

*(पुँजीवादी शिक्षाद्वारा शिक्षित बुद्धिजीवीहरूलाई पुनर्शिक्षित पार्नु पर्ने विषयमा महान् सांस्कृतिक क्रान्तिकालमा पिपुल्स डेली र रेड फ्ल्यागमा प्रकाशित लेख सान्दर्भिक मानिएकोले यहाँ नेपालीमा अनुवाद गरी प्रकाशित गरिएको छ – सम्पादक)*

ताइवान बाहेकको समग्र देशमा अर्थात २९ प्रान्तहरु, नगरपालिकाहरु र स्वायत्त क्षेत्रहरुमा क्रान्तिकारी समितिको स्थापना हुनुले महान् सांस्कृतिक क्रान्तिको समग्र आन्दोलन राष्ट्रव्यापी रुपमा संघर्ष-आलोचना-रुपान्तरणको चरणमा प्रवेश गरेको संकेत गर्दछ। अध्यक्ष माओको पछिल्लो मार्गनिर्देशन र नेतृत्वमा औद्योगिक मजदुरहरुको विशाल दल पाइला पाइला गरी स्कुल, कलेज, र उपरीसंरचनाका विविध क्षेत्रहरु लगायतका ती तमाम् इकाइहरुमा प्रवेश गरिसकेका छन् वा प्रवेश गर्ने क्रममा छन् जहाँ संघर्ष-आलोचना-रुपान्तरणलाई राम्रोसँग संचालन गरिएका छैनन् ताकि ती क्षेत्रहरुमा संघर्ष-आलोचना-रुपान्तरणलाई प्रचार-प्रसार गर्न सकियोस्। यसले शिक्षामा सर्वहारा क्रान्तिको पूर्णतः नयाँ परिस्थितिमा शुरुआत मात्रै होइन, बरु अनिवार्य रुपले चीनको श्रमिक वर्गको विश्वदृष्टिकोण अनुरुप बुद्धिजीवी वर्गलाई **पुनर्संरचित** गराउँछ।

जब श्रमिक वर्ग सांस्कृतिक तथा भौतिक सस्थाहरुमा प्रवेश गर्दछ, तिनीहरुको आधारभूत कामहरु बुद्धिजीवीहरुप्रति लक्षित हुन्छ। तसर्थ बुद्धिजीवीहरु प्रतिको पार्टीको नीतिलाई सही रुपले पकड्नुले संघर्षमा सफलता प्राप्त हुने कुरालाई सुनिश्चित गर्दछ।

सेप्टेम्बर ५ मा रातो झन्डामा प्रकाशित ज्यादै महत्वपूर्ण प्रकाशकको टिप्पणीले हाम्रा महान् नेता अध्यक्ष माओको आवाज सम्प्रेषण गरेको छ। यस सम्पादकको टिप्पणीले ज्यादै महत्वपूर्ण कुरालाई उठाएको छ। विशेषतः बुद्धिजीवीहरुको ठुलो संख्यालाई पुनर्शिक्षित गर्ने कुरालाई ध्यान दिने, कलेज र विद्यालयबाट शिक्षा पुरा गरेकाहरु जसले केही पहिले काम गर्न थालेका थिए वा हालसालै काम गर्न थालेका छन्। सो सम्पादकको टिप्पणीले बुद्धिजीवीहरुका बारेमा सर्वहारावादी विभिन्न नीतिहरु अघि सारेको छ र तिनीहरुलाई मजदुर तथा किसानहरुसँग एकाकार गर्ने एकमात्र सही दिशालाई सुस्पष्ट गरेको छ।

महान् नेता अध्यक्ष माओले हामीलाई सिकाउनु भएको छ कि **समाजवादी क्रान्ति र समाजवाद निर्माणको क्रममा बुद्धिजीवीहरूलाई पुनर्संरचित गर्नु एउटा प्रमुख अभिप्रायको प्रश्न हो।** राजनैतिक शक्ति कब्जा गरेपछि सर्वहाराले उनीहरुको आफ्नो विश्वदृष्टिकोण अनुरुप बुद्धिजीवीहरुलाई पुनर्संरचित गर्नु पर्दछ र त्यसको सेवा गर्ने सर्वहारा बुद्धिजीवीहरुको एउटा सेना तयार पार्नु पर्दछ। सर्वहारा वर्गको अधिनायकत्वलाई घनिभूत पार्न र पुँजीवादको पुनर्स्थापनालाई रोक्न यो अति अपरिहार्य छ। विचारधारा र संस्कृतिको सबै क्षेत्रहरुमा सर्वहारा वर्गलाई पूर्णतः निर्णायक स्थानमा स्थापित गर्न यो अपरिहार्य छ। सर्वहारा वर्गको यस्तो वौद्धिक सेना निर्माण गर्न शिक्षाको क्षेत्रमा समग्र सर्वहारा क्रान्तिको आवश्यकता पर्दछ। प्राविधिक तथा अन्य बुद्धिजीवीहरुलाई मजदुर, किसानद्वारा प्रशिक्षित गर्ने क्रान्तिकारी बाटो समात्न, मजदुर तथा किसानहरु र जनमुक्ति सेनाबाट उत्पादन बारे प्रयोगात्मक ज्ञान भएका विद्यार्थीहरु छनोट गर्न पनि यो आवश्यक छ। साथसाथै, पुराना विद्यालय तथा कलेजबाट स्नातक भएका वहुसंख्यक बुद्धिजीवीहरुलाई पुनर्शिक्षित गर्नु पनि आवश्यक पर्दछ ताकि वहुसंख्यक बुद्धिजीवीहरुलाई गोलबन्द

गर्न र विजय प्राप्त गर्न सकियोस् । महान् सर्वहारा सांस्कृतिक क्रान्ति गहन बन्दै गई संघर्ष-आलोचना-रुपान्तरणको चरणमा पुग्दा जनताले यस प्रश्नको समाधानको महत्वलाई अझ प्रष्टसँग बुझ्न पुग्छन् ।

सो सम्पादकको टिप्पणीले औंल्याएको छ :

**कलेज र विद्यालयबाट स्नातक भएर केही समय पहिले वा हालसालै काम गर्न थालेकाहरूको ठुलो संख्यालाई पुनर्शिक्षित गर्न ध्यान दिनु पर्दछ ।**

यसमा विद्यालय र कलेजहरु मात्र समावेश छैनन् बरु सांस्कृतिक तथा शैक्षिक क्षेत्रका बुद्धिजीवीहरुको ठुलो संख्या र हाम्रा कार्यकर्ताहरु पनि समावेश छन् । यसलाई किन पुनर्शिक्षा भनिएको हो ? किनकि तिनीहरुले विगतमा जुन शिक्षा पाएका थिए, त्यो बुर्जुवा शिक्षा थियो र हाल तिनीहरुले प्राप्त गरेको शिक्षा सर्वहारावादी शिक्षा हो । यो एउटा अर्थ हो । अर्को अर्थ यो हो कि विगतमा चिनियाँ ख्रुस्चेभको सुधारवादी लाइनको घातक प्रभावमा तिनीहरुले बुर्जुवा बुद्धिजीवीहरुबाट शिक्षा प्राप्त गर्दथे जब कि अहिले अध्यक्ष माओको सर्वहारा क्रान्तिकारी लाइन अनुसार **उनीहरू मजदुर, किसान र सेनाद्वारा पुनर्शिक्षित भइरहेका छन् ।** विश्व दृष्टिकोणलाई पुनर्संरचित गर्नु भनेको आधार भूत कुरा हो । सर्वहारा विश्व दृष्टिकोण अनुसार बुद्धिजीवीलाई पुनर्शिक्षित गर्नु ता कि उनीहरुले पुरानो बुजुर्वा शिक्षाद्वारा पहिले प्राप्त गरेको बुर्जुवा विचारलाई परिवर्तन गर्न सकुन् भन्ने कुरा नै यस पुनर्शिक्षाको विषयवस्तु हो । तिनीहरुलाई (बुद्धिजीवीहरुलाई) मजदुर, किसान र सेनासँग एकाकार गराउनु र तिनको सेवामा लगाउनु नै यस पुनर्शिक्षाको प्रमुख तरिका हो ।

पुनर्शिक्षालाई सञ्चालन गर्दा सकारात्मक कुराहरुलाई पूर्णरुपमा सक्रिय पार्नु आवश्यक हुन्छ । लाइनको प्रश्न आधारभूत विषयवस्तु हो । अनुसरण गरिएको लाइनले कस्तो मानिसलाई प्रशिक्षित गरिंदैछ भन्ने कुराको निर्क्यौल गर्दछ । हामीले आफ्नो घृणा पार्टीभित्र उच्च ओहोदामा रहेका पुँजीवादीहरु र तिनका अनुयायीहरुमा केन्द्रित गर्नु पर्दछ किनकि शिक्षामा तिनका प्रतिक्रान्तिकारी सुधारवादी लाइनले युवाहरुलाई दुषित पारिरहेको छ । यो प्रतिक्रियावादी लाइनको पूर्णत परित्यागद्वारा अध्यक्ष माओको सर्वहारावादी शिक्षा नीतिलाई लागू गर्न जनतालाई हौसला प्रदान गर्नेछ । समाजवादी नयाँ चीनमा पुरानो विचारधारा अनुसार प्रशिक्षित गरिएका विद्यार्थीहरुको वहुमत वा अत्याधिक बहुमतलाई जब माओत्सेतुङको सोच अनुसार शिक्षित पारिन्छ, तब उनीहरुले क्रमशः आफुलाई मजदुर, किसान र सेनासँग एकाकार गराउन सक्षम हुनेछन् । यस क्रममा, अनिवार्य रुपमा ढुलमुल र उथलपुथलहरु हुनेछन् । तर प्रशिक्षित जनताले अध्यक्ष माओको सर्वहारावादी क्रान्तिकारी लाइनलाई अनुसरण गर्दै अघि बढ्नेछन् र मजदुर, किसान र सेनाद्वारा पुनर्शिक्षित हुन स्वीकार गर्नेछन् र तिनीहरुले घर र विद्यालयबाट ल्याएका पुराना बुजुर्वा विचारहरुलाई पूर्णत एवम् निरन्तर परित्याग गर्नेछन् र तिनीहरु मजदुर, किसान र सेनाको सेवा गर्न सक्षम हुनेछन् । मजदुर, किसान र सेनाले त्यस्ता बुद्धिजीवीहरुलाई स्वागत गर्दछन् । तब त्यहाँ ज्यादै कम संख्यामा प्रतिक्रान्तिकारी र कट्टरपंथीहरु बाँकी रहन्छन् । श्रमिक वर्गको नेतृत्वमा आफुलाई पुनर्संरचित गर्न चाहने र मजदुर किसान र सेनासँग आफुलाई एकाकार गर्न चाहने बहुसंख्यक बुद्धिजीवीहरुका लागि समाजवादी प्रणालीमा उज्वल सम्भावना छ । उक्त सम्पादकको टिप्पणीले लेख्दछ :

**आफुलाई एकाकार गर्ने काममा केहीले ज्यादै राम्रो गरेका छन् । तिनीहरूले आविष्कार वा नयाँ खोज गरेका छन् । तिनीहरूलाई प्रचारप्रसार गर्नु पर्दछ ता कि तिनीहरू लगायत अरूहरूलाई पनि प्रोत्साहन मिलोस् ।**

यसको अर्थ वहुसंख्यक बुद्धिजीवीहरुले आफुलाई मजदुर, किसान र सेनासँग एकाकार गर्ने बाटोलाई दह्रोसँग समात्न प्रोत्साहित गर्नु र सकारात्मक रुपले अनुरोध गर्नु हो । यस एकाकारमा सफलता पाएका र आविष्कार वा नयाँ खोज गरेका मानिसहरु सर्वत्र भेटिन्छन् । कार्यक्षेत्रमा गइसकेका वा जान लागेका बुद्धिजीवीहरुलाई शिक्षित गर्न तिनीहरुको उदाहरण दिनु पर्दछ ।

बुद्धिजीवीहरुले आफुलाई मजदुर, किसान र सेनासँग एकाकार गर्न, उनीहरुको विश्व

दृष्टिकोणलाई पुनर्संरचित गर्न र जनतालाई अझ राम्रोसँग सेवा गर्न महान् सर्वहारा सांस्कृतिक क्रान्तिले विस्तृत बाटो खुल्ला गरेको छ। महान् सर्वहारा साँस्कृति क्रान्तिमा बुद्धिजीवीहरु उल्लेखनीय रुपमा खारिएका छन् र तिनीहरुको परीक्षण पनि भएको छ। तिनीहरुले आफ्नो कमिकमजोरीहरुलाई कठोरतापूर्वक अनुभव गर्दछन् र क्रान्तिमा उनीहरुले ढुलमुलपन र सुक्ष्मताको पनि अनुभव गर्नुका साथै तत्काल आफुलाई मजदुर, किसान र सेनासँग एकाकार गराउन चाहन्छन्। यो ज्यादै सह्रानीय कुरा हो। बुद्धिजीवीहरुको यस्ता दृष्टान्तहरु पत्ता लगाउन देशको सबै भागका क्रान्तिकारी समितिहरु र विभिन्न एकाइहरुमा रहेका मजदुरहरुको माओत्सेतुङ विचारधारा प्रचार दल सही हुनु पर्दछ। मजदुर, किसान र सेनासँग एकाकार हुन तिनीहरुलाई सहयोग गर्नु पर्दछ र उनीहरुले आ-आफ्नो एकाइमा संघर्ष-आलोचना-रुपान्तरणमा सक्रिय रुपले भाग लिन सहयोग गर्नु पर्दछ। यसपछि, बुद्धिजीवीहरु रहेको एकिकृत समुहहरुमा श्रमिक वर्गको नेतृत्वमा संघर्ष-आलोचना-रुपान्तरणलाई सफल पार्न र माओत्सेतुङ विचारधाराको अध्ययनका लागि कक्षाहरु सञ्चालन गर्नु पर्दछ। बुद्धिजीवीहरुको समुहले मजदुर, किसान र सेनाहरुलाई पुनर्शिक्षित पार्न बुद्धिजीवीहरुलाई पनि संगठित गर्नु पर्दछ।

जनतालाई निकास दिनु पर्दछ। **"जनतालाई निकास दिन अस्विकार गर्नु सर्वहाराको नीति होइन।"** सम्पूर्ण मानव जातिलाई मुक्त गरेर मात्र सर्वहाराले आफ्नो अन्तिम मुक्ति प्राप्त गर्न सक्दछ। सर्वहाराको नीतिले उनीहरुले नेतृत्व गरेको विभिन्न वर्ग र स्तरका जनतालाई अग्रगामी बाटो देखाउनु पर्दछ र यथासम्भव नकारात्मक कारकहरुलाई सकारात्मक कारकहरुमा बदल्नु पर्दछ। यस्तो नीति अवलम्बन गर्नाले गम्भीर गल्ती गरेकाहरुलाई तिनीहरुको गल्ती सुधार्न प्रेरित गर्दछ। ज्यादै कम कट्टरपंथी पुँजीपन्थीहरु र बुर्जुवा प्राविधिक अधिकारीहरुलाई, जसले जनताको तीब्र क्रोधको सामना गर्नु परेको थियो र तिनीहरुलाई उखेलेर फाल्नु परेको थियो, तिनीहरुलाई पूर्णतः अस्वीकार गरिएको भए पनि एक पटक तिनलाई समेत सुध्रने अवसर दिनु पर्दछ। यो महान् सर्वहारा सांस्कृतिक क्रान्तिको आन्दोलनको अन्तिम चरणमा ध्यान दिनु पर्ने प्रश्न हो।

बुद्धिजीवीहरुका बारेमा हाम्रा महान् नेता अध्यक्ष माओद्वारा निर्धारित हरेक सर्वहारा नीतिलाई सशक्त रुपमा पुरा गर्नु पर्दछ। दुई फरक प्रकारको अन्तरविरोधहरु बीच भिन्नता गर्नु आवश्यक छ। जनता बीचको अन्तरविरोधलाई एकता-आलोचन र आत्मआलोचना-एकताको पद्धतिद्वारा सुल्झाउनु पर्दछ। यो वैचारिक प्रकृतिको प्रश्नहरुलाई सुल्झाउने तरिका हो र यसले सावधानीपूर्वक वैचारिक-राजनैतिक कार्यलाई स्थापित गर्दछ।

महान् सर्वहारा सांस्कृतिक क्रान्ति सर्वव्यापक विजयको नजिक पुग्दै गर्दा क्रान्तिकारी जनताका लागि शानदार स्थिति देखापरेको छ। हामी यस कुरामा विश्वस्त भएका छौं कि माओत्सेतुङको महान् विचारहरुको सानदार प्रकाशद्वारा निर्देशित र श्रमिक वर्गको अगुवाइमा, चीनका विशाल क्रान्तिकारी बुद्धिजीवीहरु र पुनर्संरचित गर्न सकिने बुद्धिजीवीहरु तीव्र गतिमा आफुलाई क्रान्तिकारीकरण गर्ने बाटोमा अघि बढ्नेछन् र तिनीहरुले आफुलाई श्रमिक जनतासँग एकाकार गर्नेछन्। **हामी आशा गर्दछौं कि तिनीहरू (चीनका बुद्धिजीवीहरू)ले प्रगति जारी राख्नेछन् र काम एवम् अध्ययनको क्रममा तिनीहरूले विस्तारै कम्युनिस्ट विश्व दृष्टिकोण प्राप्त गर्नेछन्, मार्क्सवाद-लेनिनवादलाई दह्रोसँग पकड्ने छन् र श्रमिक तथा किसानहरूसँग एकाकार हुनेछन्। हामी आशा गर्दछौं कि तिनीहरू बीच बाटोमा रोकिने छैनन्, अथवा, खराब अवस्थामा पनि तिनीहरू पछाडि फर्कने छैनन, किनकि पछाडि फर्कनुमा उनीहरूको कुनै भविष्य छैन।** *(जनता बीचको अन्तरविरोधको सही समाधानका बारेमा)*

**अनुवादः देवेन्द्र तिम्ला**

# क्रान्तिकारी वचनले वा वचन र कर्मले !



- प्रेम सुवेदी

"जसले साम्राज्यवाद सामन्तवाद र नोकरशाही पुँजीवादको पक्ष लिन्छ उ प्रतिक्रान्तिकारी हो। जसले कर्मले नभई खाली वचनले मात्र क्रान्तिकारी जनताको पक्ष लिन्छ उ वचनको क्रान्तिकारी हो। जसले वचनको साथ साथै कर्मले पनि क्रान्तिकारी जनताको पक्ष लिन्छ उ सच्चा क्रान्तिकारी हो।"- माओ संकलित रचना भाग-५, पृष्ट १९

माओले व्यक्त गरेका उपरोक्त कुराले समग्र क्रान्तिकारी कम्युनिस्ट आन्दोलन तथा प्रतिक्रान्तिकारी कित्ताको स्पष्ट रेखाङ्कन गर्दछ। को क्रान्तिकारी हो वा होइन त्यसका लागि मापन गर्ने मूल आधार विचार र व्यवहारमा देख्न सकिने विश्लेषण माओले गरेका छन्। तसर्थ, कम्युनिस्ट आन्दोलनलाई सही दिशा प्रधान गर्न र गैर कम्युनिस्टलाई छुट्टयाउन उपरोक्त भनाईलाई राम्ररी आत्मसात गर्नु पर्दछ। ती विचारले हाम्रो लागि मार्ग प्रसस्त गरेका छन्। आज कम्युनिस्ट आन्दोलनमा देखिएका वेग्ला वेग्लै प्रवृतिलाई उजागार गर्न तथा सही क्रान्तिकारी दिशा समात्नका लागि ती भनाईहरु ज्यादै महत्वपूर्ण र समय सान्दर्भिक छन्।

जस्तो जसले साम्राज्यवाद सामान्तवाद र नोकरशाही पूंजीवादको पक्ष लिन्छ त्यो सिधा प्रतिक्रान्तिकारी हो भन्ने जुन कुरा अभिव्यक्त भएको छ त्यो अहिले नेपालको कम्युनिस्ट आन्दोलनको लागि राम्ररी उदघाटित भएको छ। यद्यपि माओले त्यो कुरा परम्परागत वुर्जुवा वर्गका सन्दर्भमा भनेको देखिन्छ। तर नेपालको सन्दर्भमा परम्परागत वुर्जुवा वर्ग मात्र होईन, स्वयं कम्युनिस्ट आन्दोलनको विरासतबाट आएको संसोधनवादी तथा नवसंसोधनवादीहरुका लागि समेत लागु भएको देखिन्छ। प्रतिक्रान्तिकारीहरु नै अहिलेको कम्युनिस्ट आन्दोलनको लागि मुख्य चुनौती बनिरहेको पृष्ठभूमिमा त्यसका विरुद्ध वैचारिक राजनैतिक, संगठनात्मक तथा संघर्षका हिसावले प्रतिरोध गर्नु अहिलेको आवश्यकता हो। पहिले जस्तो साम्राज्यवाद सामन्तवाद र नोकरशाही पुँजीवादको पक्षमा खुला र प्रकट रुपमा परम्परागत वुर्जुवा वर्गले पक्ष लिने गर्दथ्यो त्यो पंक्तिमा आज अरु बढोत्तरी भएको छ। संसोधनवादीहरु तथा विभिन्न खाले अवसरवादीहरु त्यो पंक्तिमा उभिन पुगेका छन्। तसर्थ, यतिवेला साम्राज्यावाद मुख्यत भारतीय विस्तारवाद तथा दलाल नोकरशाही पूंजीवाद र सामन्तवर्गका विरुद्ध सम्पूर्ण न्यायप्रेमी जनसमुदायलाई गोलबन्द गर्दै संघर्षलाई अगाडि बढाउनु नै नेपाली नयाँ जनवादी क्रान्तिका पक्षधर हरुको साझा दायित्व र कर्तव्य हो।

समाजको धेरै ठुलो हिस्सा क्रान्तिकारी र प्रतिक्रान्तिकारी बीचमा ढुलमलाई रहन्छ र त्यो वर्गले क्रान्तिकारी आन्दोलन कमजोर हुँदा मूलत प्रतिकान्तिकारी शक्तिप्रति बढी झुकाव देखाए पनि त्यो स्वयं तिनै शक्तिद्वरा उत्पीडि हुने हुनाले क्रान्तिप्रति पनि आफ्नो बचनले समर्थन गर्न पुग्दछ। तसर्थ, यो वर्गलाई एकातिर क्रान्तिको पक्षमा उभ्याउन क्रान्तिकारीले ध्यान दिनु पर्दछ भने अर्को तर्फ उनीहरुका गैरक्रान्तिकारी चिन्तन दृष्टिकोण प्रति आलोचना गर्नु पर्दछ। पुँजीवादी क्रान्तिको कालमा सबै भन्दा ठुलो पंक्ति मुख्यतः दलाल नोकरशाही पुँजीवाद र सामन्तवर्गको उत्पीडनमा रहेता पनि त्यसका विरुद्धको संघर्षमा त्यो वर्गले नेतृत्वदायी भूमिका खेल्न सक्दैनन। त्यसलाई सर्वहारावर्गको पार्टीले आफ्नो पंक्तिमा ल्याउन अधिकतम कोसिस गर्नु पर्दछ। जति क्रान्तिकारी आन्दोलनले उभार लिन्छ त्यतिवेला त्यो पंक्ति (मध्यम तथा निम्नपुँजीपति वर्ग) आन्दोलनमा सक्रियता पूर्वक लाग्दछ पनि। तर यो वर्ग निकै अवसरवादी तथा ढुलमुल नै हो। आज क्रान्तिकारी आन्दोलन राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा कमजोर

भएकोले त्यो तप्का मात्र रमिते जस्तो देखिन्छ। र, पार्टीमा पनि त्यो तप्का ठुलै रहेकोले त्यसले पार्टीमा क्रान्तिप्रति आफ्नो ओठे भक्ति देखाए पनि कर्मले क्रान्तिकारी भूमिका निर्वाह गर्नुको सट्टा निरास र उदास देखिन्छ। त्यस प्रकारका बचनका क्रान्तिकारीहरुलाई मूलतः वर्ग संघर्षको दौरानमा नै बढी आन्दोलनको पक्षमा उर्तान सकिन्छ। तर त्यो वर्ग विश्वासनीय हुँदैन। यस विषयमा माओको माथि उल्लेखित भनाई ज्यादै महत्वपूर्ण छ।

कम्युनिस्ट क्रान्किारीहरुले प्रकट रुपमा प्रतिक्रान्तिकारी तप्कासँग जसरी सिधा र प्रष्ट रुपमा संघर्ष गर्न सजिलो छ, तर छद्मरुपमा लुकेको अवसरवाद विरुद्ध जुध्न निकै कठिन र जटिल हुन्छ भन्ने कुरा अहिले सम्मको कम्युनिस्ट आन्दोलनको इतिहासले देखाउँदै आएको छ। त्यो अनुभवलाई समेत समीक्षा गर्दै आफ्ना नीति तथा कार्यक्रम निश्चित गर्नु पर्दछ। सर्वहारा वर्गले प्राप्त गरेको सफलता तथा समाजवादी सत्ताहरु एक पछि अर्को हुँदै पूंजीवादको पुनर्स्थापना हुनुमा मूलत छद्धम पूंजीवादीहरुको भूमिका नै मूख्य बनेको देखिन्छ। तसर्थ, वैचारिक राजनीतिक तथा सांस्कृतिक रुपले जब सम्म कम्युनिस्ट आन्दोलन सबल र प्रभावशाली हुँदैन त्यतिवेला सम्म प्रतिक्रान्तिकारी तथा अवसरवादीहरुले आफ्नो भूमिकालाई पुर्नस्थापित गरिरहन्छन भन्ने कुरा रुस चीन लगायतका ठाउँमा भएको प्रतिक्रान्तिले स्पष्ट गर्दछ। वचनका क्रान्तिकारीहरु प्रति उनीहरुका समग्र कृयाकलाप तथा चिन्तन पद्धति प्रति एकदम ध्यान दिनु पर्दछ। यो तप्कालाई सिधैं दुस्मन करार गर्दै तथा यसैको भरोसामा आफ्नो नीति निश्चित गर्ने दुवै सोचाई गलत हुन्छन। यसप्रति सचेत रहनु पर्दछ।

क्रान्तिप्रति सदैव सतिसाल जस्तै खडा हुने सर्वहारा वर्ग जसको क्रान्ति वाहेक अर्को कुनै उद्देश्य र स्वार्थ लुकेको हुँदैन। त्यो वर्गको अगाध निष्टा र संघर्षले नै क्रान्तिकारी आन्दोलनको भविष्य उज्ज्वल रहेको छ। समाजमा जबसम्म वर्ग र विभेद रहने छ त्यतिबेलासम्म कम्युनिस्ट आन्दोलन आफैमा नविन विचारको रुपमा विकास हुँदै जाने कुरा निश्चित छ। कम्युनिस्ट क्रान्तिकारीहरु त्यो सुन्दर भविष्यप्रति आशावान हुँदै आफ्नो गन्तव्यमा हिँड्छन भने अवसरवादीहरु तात्कालिक लाभ र हितका लागि सबै मूल्य मान्यता र आदर्शलाई तिलाञ्जली दिएर पुँजीवादको पंक्तिमा उभिन पुग्दछन। समाज परिवर्तनको ऐतिहासिक महत्वलाई भन्दा आफ्ना निहित स्वार्थलाई केन्द्रमा राख्नेहरु साँचो अर्थमा क्रान्तिकारी हुन सक्दैनन्। निरन्तर क्रान्तिकारी हुने र क्रान्तिकारी आन्दोलनमा जोडिने कुरा एउटै होइन। तसर्थ एउटा क्रान्तिकारीले कुनै पनि असफलता बाट हतोत्साही भएर सोच्न भन्दा पनि आफुलाई निरन्तर क्रान्तिकारी बनाउने तर्फ सोच्दछन र सोच्नु पर्दछ। आज हाम्रो आन्दोलनमा मूख्यत माओवादी आन्दोलनमा एउटा गंभीर प्रश्न उठेको छ। त्यो हो जनयुद्धको असफलता पछि ठुलो पंक्ति त्यो आन्दोलनबाट एक वा आर्को रुपमा पलायन र निरास भएको छ। त्यो पलायन र निरासका पछाडि अवसरवादी सोचाइले मात्र काम गरेको छैन, वैचारिक राजनैतिक अस्पष्टता पनि एउटा मूख्य कारण देखिन्छ। त्यो वैचारिक अस्पष्टताले कति ठुलो भयानक परिणाम ल्याउछ भन्ने कुरामा विश्व कम्युनिस्ट आन्दोलनको बेला चलेका वहस र छलफललाई पनि हामीले हेर्नु पर्दछ। भियतनामको जस्तै पार्टीले जसले अमेरिकी साम्राज्यवादलाई परास्त गरेर देशको राष्ट्रिय मुक्ति आन्दोलन सफल पार्दै क्रान्तिकारी परिवर्तनको नेतृत्व गरेको थियो। त्यो पार्टी समेत वैचारिक वहसमा तटस्थ रहँदा अन्तत संसोधनवादीहरुले कम्युनिस्ट आन्दोलनलाई आफ्नो कब्जामा लैजान मद्दत गर्‍यो। तसर्थ, कम्युनिस्ट क्रान्तिकारीहरुले आफुलाई एक पटक क्रान्तिकारी सावित गर्नु मात्र पयाप्त हुँदैन। र, निरन्तर क्रान्तिकारी विचारको पक्षमा उभिएर मात्रै आफुलाई साँचो क्रान्तिकारी बनाउन सकिन्छ र सक्नु पर्दछ। माओले सच्चा क्रान्तिकारी त्यही पंक्तिलाई भनेका थिए। हामी मात्र वचनका क्रान्तिकारी हुने वा वचन र कर्म दुवैले निरन्तर क्रान्तिकारी हुने भन्ने कुरा निर्णायक विषय हो।

**लघुकथा**

# तीन लघु कथाहरू



— भवानी पाण्डे

## १. प्रवचन

बुद्धका चेलाहरूमध्ये एउटाको नाम गुणाकर थियो। उनी प्रवचन कलामा प्रखर एवम् निपूण मानिन्थे। उनको वाणी स्पष्ट र अभिव्यक्ति प्रभावकारी थियो। घनत्व शैलीब्दारा विषयको तत्ववोध गराउने क्षमता राख्थे। अतः बुद्धले प्रवचकको जिम्मा उनलाई दिएका थिए। विहारमा आउने मानिसहरूलाई प्रवचन दिन्थे।

प्रसङ्ग एकदिन अपरान्हको हो। बुद्ध र गुणाकर विहारमा बसिरहेका समयमा एकजना मानिस आए। उनी ज्यादै गलित र थकितजस्ता देखिन्थे।

उनलाई दुःखी अवस्थामा देखेपछि गुणाकरले बुद्धसँग भने "यिनी ज्यादै दुःखित देखिन्छन्। यसको निवारणका लागि म प्रवचन दिन्छु।"

बुद्धले उनलाई रोक्दै आगन्तुकसँग सोधे "तिमीले भोजन गऱ्यौ ?"

आगन्तुकले भने "छैन"

बुद्धले चेलालाई भने "यिनलाई भोजनको व्यवस्था गर"

आगन्तुकले खाना खाएपछि चेलाले बुद्धसँग सोधे "अव मैले यिनलाई प्रवचन दिन सुरु गरौँ ?"

बुद्धले आगन्तुकतिर हेरेर भने "यिनी असाध्यै थाकेजस्ता छन् केही समय सुत्ने व्यवस्था मिलाई देऊ।" आगन्तुक केही समय मज्जासँग सुते।

उनी उठेपछि पुनः चेलाले बुद्धसँग सोधे "अवत यिन्लाई प्रवचन दिँदा हुन्छ ?"

बुद्धले चेलातिर हेरेर नरम शैलीमा भने "हेर बाबु आजका लागि यिनलाई दिनुपर्ने जति प्रवचनको मात्रा पुगिसक्यो। यो भन्दा बढी भए अपाच्य हुन्छ।"

गुणाकरले दङ्ग पर्दै बुद्धसँग भने "मैले प्रवचनै दिएको छैन कसरी पुग्यो भन्नु हुन्छ ?" बुद्धले भने "हेर तिमीले प्रवचनका दुई अध्याय पूरा गरिसकेका छौ।" बुद्धका भनाइले गुणाकर वाल्ल परे।

बुद्धले सम्झाउने शैलीमा भने "हेर बाबु प्रवचनको अर्थ र उद्देश्य हो, दुःख निवारण गर्नु। भोकाएकाहरूका लागि खान पाउँदा दुःख निवारण हुन्छ भने थाकेकालाई आराम सबैभन्दा गुणकारी प्रवचन हो। अतः प्रवचनका यी दुई भाग तिमीले पूरा गरिसक्यौ।" बुद्धका कथन सुनेपछि उनलाई बल्ल प्रवचनको तत्वार्थ बोध भयो।

## २. शिक्षक

एकजना विज्ञान पढाउने शिक्षक थिए। उनले पाठ्यक्रममा रहेका विज्ञानका सिद्धान्तहरूलाई व्यवहारमा प्रयोग गरेर बुझाउने गर्थे। एकदिनको कक्षामा उनले सूर्य र चन्द्र ग्रहणका बारेमा पढाउदै थिए। विद्यार्थीले स्पष्ट बुझेनन्। उनले एटलस नक्सा र ग्लोव अघि राखेर राम्रोसँग बुझाउँदै भने "हेर सूर्यको गति यस्तो हुन्छ। पृथ्वी र चन्द्रमालगायतका ग्रहहरूले एकअर्काको परिक्रमा यसरी गर्दछन्। यसरी घुम्ने क्रममा सूर्य र चन्द्रमाका बीचमा पृथ्वी आउँदा चन्द्र ग्रहण र सूर्य एवम् पृथ्वीका बिचमा चन्द्रमामा पर्दा सूर्यग्रहण लाग्छ। पृथ्वी चन्द्रमा भन्दा ठुलो भएकोले खग्रास हुन्छ तर चन्द्रमा सूर्यभन्दा सानो भएको हुँदा त्यसो हुँदैन।"

एकसाता पछिको कुरा हो। त्यसदिन सूर्यग्रहण लागेको थियो। खोलाका किनारमा केही मानिसहरू जम्मा भएका थिए। स्कुल बिदा भएको हुँदा विद्यार्थी पनि त्यहाँ गए। मान्छेहरू खोलामा नुहाएर "छाड् चमारे" भन्दै नारासहित गरिबलाई दान दिइरहेका थिए। तिनीहरूमा विज्ञान पढाउने शिक्षकका लोग्ने स्वास्नीको विशेष अगुवाइ थियो।

शिक्षकको यस्तो हर्कत देखेपछि विद्यार्थीले

सोधे “गुरुले त ग्रहण यसरी लाग्छ भन्नु भएको थियो । यहाँ त राहु केतुलाई गाली गर्दै दान गरिरहनु भएको छ त किन ?” विद्यार्थीको प्रश्न सुनेपछि शिक्षकले भने “हेर बाबु त्यो भनेको जागिरका लागि भनेको हो । अहिले आफ्नो संस्कार एवम् संस्कृतिअनुसार गरिरहेको छु । शिक्षक भनेको जहाँ जसले जस्तो पाठ्यक्रम राखी दिन्छन् त्यसै अनुसार गर्ने न हो ।”

### ३. कपाल

पहिलो संविधान सभाको निर्वाचनमा एउटा पर्टी ठुलो र चर्चित भएपछि अन्य पार्टीका धेरै कार्यकर्ताहरू त्यसमा प्रवेश गरे । नेताप्रतिको बफादारिता राम्रैसँग निभाए । पाइएसम्मका सुबिधाहरू पनि भोगे ।

टुटफुटको रोग लागेर पार्टी अधोगतितिर लागेपछि ती पर्यटक आगन्तुक शैलीका अतिथि कार्यकर्ताहरू मौसमी चराजस्तै अर्को पार्टीतिर लागे ।

यस्तो स्थिति देखेपछि पत्रकारहरूले शीर्ष नेतालाई सोधे “तिम्रा कार्यकर्ता त हिँडे नि किन थाम्न सकेनौ ?”

नेताले भने “यसमा कुनै आश्चर्यको कुरा छैन । यी कार्यकर्ता भनेका त खैरो लागेपछि टाउकाबाट झरेका कपालका रौँजस्ता हुन् । जसको टाउकामा उम्रेका थिए त्यहाँ त अढिन सकेनन् भने अर्काका टाउकामा टाँसेर कसरी अडाउन सकिन्छ ।”

*कथा*

# सहिदको छोरा

“आज पनि ढिँडो ! नाइँ म त खान्न ।”

“त्यसो नभन् न बाबु, आज यही भए पनि खा ।”

नाइँ के आमा मलाई त भात खान मन ला’को छ ।”

“खालास् त नि । भोलि पर्सि बाले युद्ध जितेर आएपछि त सधैं दाल भात खान पाइन्छ । अनि त सधैं सुखै सुख हुन्छ ।”

“ओइ साने ! अघिदेखि बोलाइ’राको छु सुन्दै सन्दैनस् ।” हातमा बन्चरो लिएर आफ्नी आमाको यो अन्तिम वाक्य सम्झँदै उभिएको जितबहादुर हजुर आमाको आवाजले अचानक झस्कियो ।

“खाना चिसो हुन लागिसक्यो, हिँड भनेको ।” नाति नजिकै आएर उनले भनिन् ।

हातको बन्चरो बिसाएर कमिजको बाउलाले पसिना पुछ्दै जितबहादुरले हजुरआमातिर हेर्‍यो । सत्तरी काटिसकेकी उसको हजुरआमा उसको लागि खाना पकाउन जसोतसो मेसो पाउँथिन् । छोरा बुहारीको स्याहाससुसार पाएर बस्नुपर्ने उमेरमा उनी आफ्नो टुहुरो नातिको हेरचाह गरेर बसिरहेकी थिइन् । फेरि दाउरा काट्ने काममा लाग्दै उसले भन्यो, “होइन हजुरआमा अब अलिकति चिरेपछि एक भारी हुन्छ, अनि खाम्ला ।”

“ल त छिटो गर् ।” यति भनेर बुढिया आँगन बढार्न लागिन् ।

उसले एकैछिनमा एक भारी भन्दा केही बढि दाउरा चिर्‍यो । अनि मुस्कुराउँदै दाउराको भारी तयार पार्‍यो । थोरै भए पनि पैसा कमाइने भो भनेर ऊ दङ्ग पर्‍यो । अनि हातमुख धोएर हजुरआमालाई खाना पस्किन भन्यो ।

हजुरआमाले गुन्द्रुकको झोल र भात भएको थाल उसको अगाडि राखिदिइन् । ऊ हतारहतार थालको भातमाथि झम्टेर कपाकप खान थाल्यो । हजुरआमा उसले खाएको हेरिरहिन् । आफ्नो नातिलाई हेर्दा उनलाई आफ्नो छोरोको याद आउँथ्यो । पढ्ने-खेल्ने उमेरको यो सोह्र वर्षीय ठिटो आफ्नी बुढी हजुरआमालाई स्याहार्दै बसेको थियो । उनलाई आफ्नो नाति पनि हातमा किताब बोकेर निलो पाइन्ट र सर्ट लगाएर विद्यालय गएको देख्ने रहर



– रोजा श्रेष्ठ

थियो । तर विद्यालय जानु त धेरै टाढाको कुरा, एक दिन काम नगरे यत्तिको छाक टार्ने हैसियत पनि थिएन । यस्तै सोचेर बसेकी बुढियाले कति खेर नाति हात चुठ्न हिँड्यो पनि थाहा पाइनन् । उनी दौडदै आँगनतिर गइन् ।

“ओइ बाबु, कति चाँडो चुठ्न हिंडेको ? खाना पुग्यो त ?”

“अँ पुग्यो हजुरआमा । तपाईं पनि खानुस् । छिटो छिटो बजारमा दाउरा बेच्न जानु पर्‍यो नि । ढिला भएमा होटलवालाहरुले अरुको दाउरा किनिसक्छन् ।”

उसले दाउराको भारी बोक्यो र बजारतिर लाग्यो ।

बुढियाले नाति ओझेल नपरेसम्म उसलाई हेरिरहिन् र त्यसपछि सुस्ताउँदै भित्र पसिन् ।

बुढिया घरधन्दा सकेर यसो आँगनमा बस्नमात्र के आँटेकी थिइन्, टाढाबाट दुईजना मानिसहरु आफ्नै घरतर्फ लम्किरहेको देखिन् । बुढियाले धेरै कोसिस गरे पनि तिनीहरुलाई ठम्याउन सकिनन् । आखिरमा ती दुई व्यक्ति घरको आँगनमा आए । ती मध्ये अलि पाको मानिसले भन्यो, “नमस्कार आमा ! यो आइतबहादुरको घर होइन ?”

“हो बा ! तर बाबुहरु को ? मैले त चिनिन नि ।”

“हामी ? हामी पार्टीका मान्छे हौं आमा ।”

सहृदयी भावनाले उनीहरुलाई हेरिरहेकी बुढियोको अनुहार यो सुन्ने बित्तिकै

अचानक अभिव्यक्तिहीन भयो । बुढिया काँप्न थालिन् र आँसु खसाल्दै चिच्याइन, "मेरो छोरा-बुहारीको रगत बगाएर पनि पुगेन र अब मेरो नातिलाई पनि बलि चढाउन लिन आएका छौ ? तिमीहरु यहाँबाट गैहालो !"

बुढिया एक्कासी यसरी कराएको देखेर ती मान्छेहरु पनि अकमक्क परेर उभिइरहे । एकछिन पछि बुढिया काँप्न छोडिन् तर उनको आँखाबाट आँसुको धारा बग्न भने छाडेनन् ।

बुढिया अलिकति शान्त भएको देखेर अघिको त्यो पाको मान्छेले भन्यो, "होइन आमा, तपाईले हामीलाई गलत सम्झनु भयो । जनयुद्धको क्रममा आइतबहादुर जस्ता थुप्रै कामरेडहरुले सहादत प्राप्त गर्नुभएको छ। तर हामी अब शान्तिको बाटोमा लागेका छौं । युद्धको क्रममा सहादत प्राप्त गरेका हाम्रा कामरेडहरुको परिवारजनलाई सक्दो राहत प्रदान गर्ने प्रयत्न पनि गर्दैछौं । त्यसैले त आइतबहादुर जीको छोरालाई पनि विद्यालयमा भर्ना गरेर पढाउन भनी लिन आएको ।"

नातिलाई पढाइदिने कुरा सुनेपछि बुढियाको मनमा अलिकति आशा जाग्यो र उनले भनिन्, "खै हामीले त अहिलेसम्म बाबुहरुले दिएको राहत पाएका छैनौं । सरकारले पनि हामीजस्तालाई राहत दिएको भन्ने सुनेका थियौं तर हामीले अहिलेसम्म केही पनि पाएका छैनौं । जसो तसो छाक टारिरहेका छौं । तर यो नातिलाई पढाउन पाए राम्रो हुन्थ्यो । छोरोले पनि यसलाई पढाएर असल मान्छे बनाउँछु भन्थ्यो ।"

"ल त्यसो भए आमा हामी तपाईको नातिलाई हाम्रा सहिदका छोराछोरीहरु पढ्ने विद्यालयमा भर्ना गरिदिन्छौं । विद्यालयले खान-बस्न अनि लुगा सबै दिन्छ । उसलाई विद्यालय लैजान हामी भोलि बिहानै आउँछौं । ठिक्क पारेर राखिदिनुहोला । ल त आमा, अब हामी लाग्छौं ।" यति भन्दै ती मानिसहरु बुढियालाई नमस्ते गर्दै जान तयार भए ।

"पख बाबु, एक गिलास चिया त खाएर जाऊ ।" उनीहरु हिंड्न लागेको देखेर बुढियाले हत्तपत्त भनिन् ।

"होइन आमा, हामी सदरमुकामसम्म पुग्नु छ, त्यसैले अलि हतारमा छौं । अहिले हामी लाग्दछौं ।" ती मानिसहरु बाटोतिर निस्किए ।

आफ्नो टुहुरो नातिले पनि अब पढ्न पाउने भयो भनेर बुढिया निकै खुशि थिइन् । भएको एउटा नातिलाई पनि राम्रो खुवाउन र पढाउन सकिएन भनेर बुढियालाई निक्कै पिरोल्थ्यो तर अब भने उनको मन अलि सितल भयो ।

"आफु जसोतसो गरेर बाँचम्ला, तर नातिलाई विद्यालय पठाउँछु ।" यति बडबडाउँदै उनी नातिको लागि मकै भुट्न भान्छातिर लागिन् । दुई घान मकै भुट्नासाथ उनी बाहिर आँगनमा आएर बसिन् । कतिखेर नाति आउला र विद्यालय जाने खबर सुनाउँला भनेर उनी आतुर थिइन् । एकछिन पछि थकाइले लोत परेको नाति आँगनमा देखापऱ्यो ।

"ल हातमुख धो, म खाजा लिएर आउँछु ।" दङ्ग पर्दै नातिलाई यति भनेर बुढिया भान्सामा पसिन् ।

सितिमिति नहाँस्ने हजुरआमालाई आज दङ्ग देखेर नाति आश्चर्यमा पऱ्यो । उसले हातमुख धोएर हजुरआमाले ल्याइदिएको मकै कपाकप खान थाल्यो ।

"आज पार्टीका मान्छे आएका थिए । भोली तँलाई विद्यालय भर्ना गर्न लिन आउँछौं भनेर गएका छन् ।" यति भनेर बुढियाले नातिको मुखमा पुलुक्क हेरिन् । ऊ केही नबोली टोलाउँदै मकै चपाइरहेको थियो । विद्यालय जाने कुराले नाति खुशि होला भन्ने सोचेकी उनले हत्तपत्त थपिन्, "मैले पनि हुन्छ भनी भोलि लिन आउनुहोला भनेर पठाइदिएँ ।" तर नातिको अनुहारमा कुनै उत्तेजना देखिएन । ऊ शान्तसँग मकै खाँदै थियो । नातिबाट कुनै प्रतिक्रिया नआएको देखेर बुढिया अचम्ममा परिन् तर केही भनिनन् ।

खाना खाने बेलामा पनि नाति सधैंभन्दा चुप लागेर बस्यो र खाना खानासाथ ओछ्यान तिर लाग्यो । नातिको यस्तो चालामाला देखेर बुढिया अचम्ममा परिन् । उनले केही बुझ्न सकिनन् । उता निक्कैबेर ओछ्यानमा पल्टँदा पनि नातिलाई निद्रा लागेको थिएन । विद्यालय जाने कुराले हजुरआमा

खुसी देखिन्थिइन । तर उसलाई कत्ति पनि खुसी लागेको थिएन । अचानक उसलाई आफ्नो आमाको याद आयो । आफुले ढिँडो नखाने जिद्दी गरेर छिमेकमा चामल पैंचो माग्न गएकी उसकी आमा कहिल्यै नफर्कने गरी बिदा भएकी थिइन् । माओवादी भएको आशंकामा उसकी आमालाई शाही सेनाले निर्ममतापूर्वक मारेको थियो । गोलीले छियाछिया भएको आमाको शरीर आज पनि उसको आँखा अगाडि नाचिरहन्थ्यो । आमाको त्यस्तो हालत देखेर ऊ त्यतिखेर निक्कै चिच्याउँदै रोएको थियो । आमाको हत्यापश्चात् उसको बा एक पटक मात्र घर आएका थिए । "भोलिपर्सि मैले युद्ध जितेर फर्केपछि म तँलाई चिटिक्क पारेर डोऱ्याउँदै विद्यालय लैजान्छु । तर, त्यतिन्जेल मिहिनेत गरेर पढ है । पढेर असल मान्छे हुनुपर्छ ।" यति भनेर गएका उसको बा कहिल्ये फिर्ता आएनन् । बरु तीन चार महिना पछि सेनाको कारवाहीमा परेर उनको पनि मृत्यु भयो भन्ने खबर आयो ।

आँखाबाट खसिरहेको आँशु पुच्दै उसले आफ्नो अभागी कर्मलाई धिक्कान्यो । उसलाई किताब च्यापेर विद्यालय जाने रहर नभएको कहाँ हो र, तर पनि फेरि आफ्नी बुढी हजुरआमाको हेरविचार कसले गर्ला भन्ने चिन्ता पनि त्यत्तिकै थियो । आफ्नो भन्ने यो संसारमा हजुरआमा बाहेक उसको अरु को नै थियो र ! आफ्नो एक्लो छोरा र बुहारी गुमाएको पिरले जिर्ण भएकी उसको हजुरआमालाई एक्लै छाड्ने उसलाई मन थिएन । भोलीको दिनसँगै उसको जीवनमा नयाँ बिहानी आउने हो कि पहिलेकै जस्तो दिनचर्या यथावत् रहने हो भन्ने कुरा सोच्दासोच्दै ऊ कतिखेर निदाउन पुग्यो थाहै भएन ।